## अध्याय एक (CHAPTER ONE)

# १. परिचय (INTRODUCTION)

## १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

नेपाल विश्वका विकासोन्मुख देशहरु मध्ये कृषि प्रधान देश हो । नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको उल्लेखनिय योगदान रहेको छ । कुल गार्हस्थ्य उत्पादनको झन्डै एक तिहाई हिस्सा कृषि क्षेत्रले ओगटेको छ भने झन्डै दुई तिहाई भाग जनसंख्या कृषि पेशामा आश्रित रहेका छन् । आथिक वर्ष २०७०/७१ मा कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान ३३.१२ प्रतिशत रहेको थियो । हाल आर्थिक वर्ष २०७२/७३ मा कृषि क्षेत्रको योगदान घट्न गई ३१.७ प्रतिशत रहेको छ । त्यसैले नेपाली अर्थतन्त्रको कृषि र रोजगारीको आधारको रुपमा कृषि क्षेत्र रहेको छ (अर्थमन्त्रालय, २०७२) ।

प्रशासनिक हिसाबले पाँच विकासक्षेत्र ७ प्रदेश तथा ७५ जिल्लामा विभाजित नेपाललाई पारिस्थितीकीय हिसाबले हिमाल, पहाड र तराई गरी तीन भौगोलिक क्षेत्रमा विभाजन गरिएको छ । देशको कुल भूभागको १७ % भाग ओगट्ने तराई क्षेत्र कृषि कार्यका लागि अत्यन्त उपयोगी क्षेत्र मानिन्छ । नेपालको अर्थतन्त्र बढी मात्रामा कृषि क्षेत्रमा आश्रित रहेको छ । लगभग कुल जनसंख्याको ७४% जनसंख्या प्रत्यक्ष र अप्रत्यक्ष रुपमा कृषि कार्यमा संलग्न भएको यस क्षेत्रमा खाद्यान्न बाली र नगदे बाली मुख्य आयआर्जनका स्रोतहरु हुन् (शिवाकोटी र श्रेष्ठ, २०७०) ।

Agriculture शब्द ल्याटिन भाषाबाट आएको हो । यसको नेपाली रुपान्तरण कृषि हुन्छ । Ager र Culture दुईवटा शब्दको समिश्रणबाट agriculture शब्दको विकास भएको हो । यसको तात्पर्य खेतबारीमा खनजोत गर्नु, बोटविरुवा रोप्नु, खाद्यान्न उत्पादन गर्नु भन्ने बुझिन्छ र मानिसले गर्ने पशुपालन व्यवसाय पनि कृषिभित्रै पर्दछ (शिवाकोटी र श्रेष्ठ, २०७०) ।

नेपालको राष्ट्रिय आयमा कृषि क्षेत्रको स्थान अपरिहार्य रहेको छ । देशको कुल गार्हस्थ्य उत्पादनमा कृषिको स्थान पहिलेदेखि नै महत्त्वपुर्ण रही आएको छ । आ.व. २०३१/३२ ताका कृषिको स्थान कुल राष्ट्रिय आयमा झण्डै ७०% रहेको र हालका वर्षमा करिब ४०% को आसपासमा देखिन्छ । यस अर्थमा यसको हिस्सामा केही कमी आएको महशुस हुन्छ । तर

पनि अर्थतन्त्रमा अन्य क्षेत्रको तुलनामा यसको स्थान उच्च रहनुले यसको अपरिहार्यता प्रष्ट हुन्छ । कृषि व्यवसाय खाद्यान्नको मुख्य आधार व्यवसाय हो । बढिरहेको जनसंख्याका लागि खाद्यान्नको आपूर्ति यही व्यवसायबाट हुन्छ । त्यस्तै गरी उद्योगसेवामा संलग्न मानिसको संख्या पनि नेपालमा बढिरहेको छ । उनीहरुलाई पनि खाद्यान्नको आवश्यकता पर्दछ । त्यस्तै गरी पशुजन्य उत्पादनजस्ता पोषक तत्वहरुको उत्पादन पनि कृषि व्यवसायबाट नै हुन्छ । यस अर्थमा हेर्दा कृषि व्यवसायलाई खाद्यान्न तथा अन्य पोषक तत्वको स्रोतको रुपमा लिनु अन्यथा हुदैन (लुइटेल, २०७०) ।

देशको कुल गार्हस्थ्य उत्पादनको एक तिहाईभन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र करिब दुई तिहाई जनसंख्या रोजगारी तथा जीविकाका लागि यस क्षेत्रमा निर्भर रहने भएकाले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको स्पष्ट छ । नेपालको अन्तरिम संविधान २०६३ ले खाद्य संप्रभुतालाई मौलिक हकभित्र राखि राज्यले किसानलाई प्रोत्साहित गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरुको सृजना गरी कृषिलाई उद्योगको रुपमा विकास गर्नेछ भन्ने नीतिमा उल्लेख भएबाट यस क्षेत्रको महत्त्व अझै उजागर भएको छ (राष्ट्रिय योजना आयोग, २०७१) ।

नेपालको कृषि परम्परागत उत्पादन प्रणालीमा आधारित छ । उत्पादित वस्तुहरुको भण्डार, मूल्य निर्धारण, उत्पादित वस्तुहरु बजारसम्म लैजान यातायात, खेती लगाउनको लागि औजार, बिउ, मल, औषधी जस्ता समस्याहरु कृषि क्षेत्रमा छन् तर यो क्षेत्र राष्ट्रिय आम्दानी र रोजगाारीका लागि अन्य क्षेत्रहरुभन्दा उच्च स्थानमा रहेको छ । नेपालको कृषि प्रणाली जिविकोपार्जनमूखी बाट क्रमिक रुपमा व्यवसायिकरणतर्फ रुपान्तरण हुदै गएतापनि यसको उत्पादनलाई व्यवसायिक र प्रतिस्पर्धा बनाउने र राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा परिचित गराउदै आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन गर्नु आवश्यक छ तर नेपालको सन्र्दभमा हाल प्रत्येक वर्ष खाद्यान्नको निर्यात भन्दा आयात बढी भएको देखिन्छ (दाहाल र अन्य, २०७०) ।

नेपालमा खाद्यान्न उत्पादन बाह्रै महिना समान अवस्थामा रहदैन । धान उत्पादनको समयमा धानको आपूर्ति उच्च र अन्य समयमा धानको आपूर्ति न्यून, गहुँ उत्पादनको समयमा गहुँको आपूर्ति उच्च र अन्य समयमा गहुँको आपूर्ति न्यून हुने गर्दछ । नेपालको धरातलीय स्वरुपमा भिन्नता भएको देश भएका कारण पनि अनेक प्रकारका खाद्यान्न उत्पादन हुने गर्दछ । नेपालमा खाद्यान्न उत्पादन आवश्यकता र सन्तुलनको अवस्थालाई

हेर्दा कहिले अनुकुल र कहिले प्रतिकुल हुने देखिन्छ । यस्तो हुनुको प्रमुख कारण मौसममा हुने परिवर्तन हो (दाहाल र अन्य, २०७०) ।

नेपालमा उत्पादन हुने बालीलाई खाद्यान्न र नगदे गरी दुई भागमा विभाजन गर्न सकिन्छ । खाद्यान्न बाली भन्नाले प्रत्यक्ष उपभोगको निमित्त प्रयोगमा आउने बालीहरु जस्तै धान, मकै, कोदो, गहुँ, जौ फापर पर्दछन् । नेपालमा खाद्यान्न बालीहरुको उपभोग अत्याधिक रहेको छ । २०६९/०७० मा खाद्यान्न बाली प्रति हेक्टर २५७० के. जी. उत्पादन भएको आँकडा पाईन्छ । नगदे बाली अन्तर्गत चिया, उखु, सुर्ती, जुट, आलु, तेलहन आदि लाई प्रमुख मानिन्छ । आर्थिक सर्वेक्षण २०६८/०६९ का अनुसार नेपालमा नगदे बाली प्र. हे.१३३२७ के. जी. उत्पादन हुने गर्दछ (नेपाल र अन्य, २०७०) ।

कृषिमा आधारित अर्थव्यवस्था भएको हुनाले नेपाललाई कृषिप्रधान देश भनिएको हो । कुल गार्हस्थ्य उत्पादनको अधिकांश हिस्सा (करिब ३३%) आय यसै क्षेत्रबाट प्राप्त हुने भएकाले कृषि क्षेत्रलाई नेपाली अर्थतन्त्रको मेरुदण्ड भनिएको हो । नेपालमा व्यापक लगानी आवश्यक रहेका क्षेत्रहरु उद्योग र व्यवसायको उत्पादनमा खासै विकास गर्न नसकिएको हुँदा राष्ट्रिय उत्पादनस्तर वृद्धि गर्नका लागि कृषि क्षेत्रमा आधुनिकीकरण गरी कृषिको उत्पादकत्वमा वृद्धि ल्याउनुको अर्को विकल्प रहदैन । वास्तवमा विश्वमा बढ्दो खाद्यसंकट टार्न, औद्योगिकरणको जग हाल्न, कृषिजन्य वस्तु आयातलाई प्रतिस्थापन गर्न, निर्यात वृद्धि गरी वैदेशिक मुद्रा आर्जन गर्न र गरिबी निवारण गर्न आधुनिक कृषि प्रणालीको आवश्यकता पर्दछ (ज्ञवाली, २०७०) ।

नेपालमा कृषिका लागि आवद्ध गरिएको जमिनको कुल क्षेत्रफलको ३८ प्रतिशत रहेको छ । जसमध्ये कुल खेतीयोग्य जमिनको ८४ प्रतिशत खाद्यान्न बालीले र बाँकी १६ प्रतिशत मात्र नगदे बालीले ओगटेको छ । यसरी हेर्दा नगदेबाली भन्दा बढी खाद्यान्न बाली उत्पादन गर्ने देखिएको छ (कार्की, २०७१) ।

जनताको आधारभूत आवश्यकता पूरा गर्ने उद्देश्यसँग कृषि क्षेत्र प्रत्यक्ष रुपमा सम्वन्धित रहेको छ । व्यक्तिगत तथा पारिवारिक आवश्यकता पूरा गर्न जनताहरु कृषिकार्यमा संलग्न रहन्छन् । नेपालमा खाद्यान्न बाली उत्पादन अन्तर्गत धान, मकै, कोदो, गहुँ, जौ, फापर खेती लगाइन्छ । यी खाद्यान्न बालीहरु मध्ये धान, मकै, र गहुँलाई अति महत्त्वपूर्ण मानिन्छ । खाद्यान्न उत्पादनको क्षेत्रको आधारमा सवैभन्दा बढी धानबालीले ओगटेको छ । भने मकै र

गहुँबालीले क्रमश : दोस्रो र तेस्रो स्थान ओगटेको छ । खाद्यान्न बालीको उत्पादकत्वको आधारमा सवैभन्दा बढी धान उत्पादन भएको छ भने त्यसपछि मकै र गहुँको उत्पादन रहेको छ (भण्डारी र अन्य, २०७१) ।

खाद्यान्न उत्पादनलाई भौगोलिक क्षेत्र अनुसार अध्ययन गर्दा हिमाली क्षेत्र खाद्यान्न उत्पादनको हिसाबले त्यत्ति उत्कृष्ट मानिदैन । यस क्षेत्रमा जौ, गहुँ, कोदो, मकै, धान जस्ता खाद्यान्न बाली लगाउने गरिन्छ । जसमा गहुँ र जौ जस्ता खाद्यान्न जस्ता बालीको राम्रो उत्पादन हुन्छ भने कोदो, मकै, धान उत्पादनका हिसावले न्यून नै मानिन्छ । देशको कुल क्षेत्रफलको ४२ प्रतिशत पहाडी क्षेत्र जसमा १० प्रतिशत भू भाग खेतीयोग्य छ । हावापानीका आधारमा धान, मकै, कोदो, गहुँ जस्ता खाद्यान्न बालीको उत्पादन हुदै आएको छ । अन्नको भण्डार भनेर चिनिने तराई क्षेत्रले कुल भू-भाग को २३ प्रतिशत ओगटेको छ । जसमध्ये ४० प्रतिशत भूमि खेतीयोग्य छ । यो क्षेत्र नेपालको खाद्यान्न आपूर्तीको मूल थलोको रुपमा रहेको छ । तराईमा धान र गहुँ प्रशस्त मात्रामा उत्पादन हुने गर्दछ (सापकोटा र भट्टराई, २०७०) ।

## १.२ समस्याको कथन (Statement of the Problem)

नेपालमा कृषि क्षेत्रलाई अर्थतन्त्रको मेरुदण्डको रुपमा मानिएको भएपनि समग्रमा यसको अवस्था सन्तोषजनक रहेको पाइँदैन । कृषकहरुमा कृषि शिक्षा, ज्ञान, सिप तथा आयस्रोतको आदि कारणहरुले गर्दा उनीहरुले कृषि क्षेत्रमा आधुनिक तथा उन्नत प्रविधिको प्रयोग गर्न सकिरहेका छैनन् । जसले गर्दा किसानहरुको जिविकोपार्जन ज्यादै कष्टकर हुँदै गएको छ । खास गरेर खाद्यान्न बाली अन्तर्गत पनि किसानहरुले परम्परागत कृषि प्रणाली अपनाएको पाइन्छ । अध्ययन क्षेत्र वा अन्य क्षेत्रमा उत्पादन हुने खाद्यान्न बालीको उत्पादनमा सम्बन्धित निकायले जोड दिन सकेको खण्डमा समग्र देशको आर्थिक विकास हुने देखिन्छ । नेपालमा खाद्यान्न उत्पादन जिवननिर्वाहको आधारमा रहनुले कृषि क्षेत्रको उत्पादकत्व बढ्न सकेको छैन ।

कृषिलाई व्यक्तिको जीवननिर्वाह र रोजगारीको आधारको रुपमा लिने गरिन्छ । वास्तवमा नेपालमा खाद्यान्न उत्पादन र सो उपभोगको अवस्था बीचको अध्ययन गर्नु आवश्यक देखिन्छ । खाद्यान्न उत्पादन सम्वन्धी विभिन्न समस्याहरुले दिनप्रतिदिन झेल्नुपरेको छ । हाम्रो देश खाद्यान्न उत्पादनमा आत्मनिर्भर हुन सकिरहेको छैन । देश आफैमा आत्मनिर्भर

हुन नसक्दा बेलाबेलामा खाद्यान्न सम्वन्धी समस्या भोग्नुपरेको छ । खाद्यान्न बालीलाई व्यवसायीकरण गर्न सकेको खण्डमा समग्र देशको आर्थिक विकास हुने देखिन्छ ।

नेपालको खाद्यान्न उत्पादनले नेपाली जनताहरुको लागि उपभोग गर्न नपुगेको वर्तमान अवस्थामा नेपालमा खाद्यान्न उत्पादनका सम्भावनाहरु हुँदाहुदै पनि यसको विकासलाई अगाडी बढाउन सकिएको छैन । यसको समस्याको रुपमा उचित प्रविधि, सिचाई, यातायात, उन्नत बिउ, मल, कृषि तालिमको अभाव, वेरोजगारी, आय स्रोतको कमी आदि पक्षहरु रहेका छन् । नेपालमा खाद्यान्न उत्पादनको क्षेत्र र उत्पादन परिमाण क्रमशः घट्दै गईरहेको छ । नेपालमा खाद्यान्न उत्पादन र उपभोग बिचको असमानता बढेर गएको छ । खाद्यान्न उत्पादन र उपभोग बिचको असमानता लाई कम गरी खाद्यान्न उत्पादन वृद्धिद्धारा राष्ट्रिय उत्पादनमा वृद्धि गर्नु आजको प्रमुख चुनौतीको विषय रहेको छ । यस्तो अवस्थामा खाद्यान्न उत्पादन र उपभोगको विश्लेषणले देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउनको लागि सहयोग पुग्नुको साथै खाद्यान्न उत्पादन बढाउनको लागि उचित किसिमका निति निर्माण गरी विकास कार्यक्रम सञ्चालन गर्न सहयोग पुग्ने देखिन्छ ।

## १.३ अध्ययनको महत्त्व (Significance of the Study)

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्त्वपूर्ण योगदान उल्लेखनीय रहेको छ । कुल गार्हस्थ्य उत्पादनको झण्डै एक तिहाई हिस्सा ओगटेको कृषि क्षेत्रमा देशको दुई तिहाई जनसंख्या आश्रित रहेका छन् । आर्थिक वर्ष २०७१/७२ मा कुल गार्हस्थ्य उत्पादनको ३२.१२% योगदान कृषि क्षेत्रको रहेको छ । आर्थिक वर्ष २०७१/७२ मा आधारभुत मूल्यमा कृषि क्षेत्रको वार्षिक वृद्धिदर १.८५% रहेको छ, जुन विगतका वर्षहरुमा जस्तो सन्तोषजनक देखिदैन । हाल आर्थिक वर्ष २०७२/७३ मा कृषि क्षेत्रको योगदान घट्न गई ३१.७ प्रतिशत रहेको छ । त्यसैले नेपाली अर्थतन्त्रको कृषि र रोजगारीको आधारको रुपमा कृषिक्षेत्र रहेको छ (अर्थमन्त्रालय, २०७२) ।

नेपाल एक कृषिप्रधान देश हो । यहाँ खाद्यान्न बाली र नगदे बाली उत्पादन हुन्छ । कृषि क्षेत्रमा खाद्यान्न उत्पादनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । देशलाई खाद्यान्न उत्पादनमा आत्मनिर्भर बनाई समग्र देशको आर्थिक विकासमा खाद्यान्न बालीले सहयोग पुर्‍याएको हुन्छ । खाद्यान्न उत्पादन सगसँगै उपभोगको अध्ययन गर्नु आवश्यक हुन्छ । खाद्यान्न

उत्पादन र सोको उपभोगको वास्तविक अन्तरले देशको खाद्यान्नमा आत्मनिर्भरता वा परनिर्भरताको अवस्थालाई स्पष्ट पार्दछ ।

यस अध्ययनबाट पर्वत जिल्ला त्रिवेणी गा.वि.स. वडा नं १ र २ मा बसोबास गर्ने सम्पूर्ण घरधुरीले उत्पादन गरेको खाद्यान्नको परिमाण कति छ ? सोको उपभोगको अवस्था कस्तो छ ? खाद्यान्न उत्पादनमा संलग्न घरधुरीहरुले विभिन्न आम्दानीका स्रोतबाट कति आम्दानी प्राप्त गर्दछन् ? आर्थिक अवस्था र शैक्षिक अवस्था कस्तो छ आदि प्रश्नको उत्तर खोजी गरिएको छ । यस अध्ययनको महत्त्वलाई निम्न वुँदाको आधारमा प्रस्टाउन सकिन्छ :

१. यस अध्ययनले खाद्यान्न उत्पादन र उपभोग सम्वन्धी चासो राख्ने व्यक्तिहरुको लागि जानकारी प्रदान गर्दछ ।

२. अध्ययन क्षेत्र त्रिवेणी गा.वि.स. वडा नं १ र २ मा बसोबास गर्ने सम्पूर्ण घरधूरीको खाद्यान्न उत्पादन तथा खाद्यान्न उत्पादनमा संलग्न घरधुरीहरुको स्रोतगत रुपमा प्राप्त आम्दानीले शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाउन सहयोग पुऱ्याउँदछ ।

३. खाद्यान्न उत्पादनमा संलग्न घरधुरीको खाद्यान्न उत्पादनबाट प्राप्त वार्षिक औसत आम्दानी र खाद्यान्न उपभोगको अवस्थाको जानकारी दिन सहयोग गर्दछ ।

४. यस अध्ययनबाट निकालिएको निश्कर्षको आधारमा खाद्यान्न उत्पादनसँग सम्वन्धित सरकारी तथा गैह्रसरकारी निकायलाई उपयुक्त निति निर्माण गरी कार्यक्रम सञ्चालन गर्न सहयोग पुग्दछ ।

५. यस अध्ययनसँग सम्वन्धित अन्य नयाँ अनुसन्धानकर्ताका लागि सम्वन्धित साहित्यको पुनरावलोकन गर्न सहयोग पुग्नेछ ।

६. यस अध्ययनले अर्थशास्त्र विषय अध्ययनरत विद्यार्थीको लागि खाद्यान्न उत्पादन सम्बन्धि जानकारी प्रदान गर्दछ ।

७. यस अध्ययनबाट निकालिएका निष्कर्षले सरकारी तथा गैह्र सरकारी निकायहरुलाई स्थानिय किसानको पक्षमा उपयुक्त नितिनिर्माण गर्न सहयोग प्रदान गर्दछ ।

## १.४ अध्ययनको उद्देश्य (Objective of the Study)

यस अध्ययनको साधारण उद्देश्य पर्वत जिल्ला त्रिवेणी गा.वि.स. वडा नं १ र २ मा बसोबास गर्ने घरपरिवारले उत्पादन गरेको खाद्यान्न परिमाण र सोको उपभोग विश्लेषण गर्नुरहेको छ भने विशिष्ट उद्देश्यहरु निम्नानुसार छन् :

१. खाद्यान्न उत्पादनको परिमाण पत्ता लगाउनु ।

२. ग्रामिण जनताको खाद्यान्न उपभोगको अवस्थाको विश्लेषण गर्नु ।

३. स्थानीय किसानको पारिवारिक आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण गर्नु ।

## १.५ अनुसन्धान प्रश्न (Research Question)

यस अध्ययनमा पर्वत जिल्ला त्रिवेणी गा.वि.स. वडा नं १ र २ मा बसोबास गर्ने घरपरिवारले उत्पादन गरेको खाद्यान्न परिमाण र सोको उपभोगको अवस्था कस्तो छ भन्ने कुरालाई आधार मानी निम्न प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ :

१. के खाद्यान्न उत्पादनको अवस्था राम्रो छ ?

२. के खाद्यान्न उपभोगको अवस्था राम्रो छ ?

३. के खाद्यान्न उत्पादनको क्षेत्रबाट बचत प्राप्त हुन्छ ?

४. के स्थानीय जनताको शैक्षिक अवस्था राम्रो छ ?

## १.६ अध्ययनको परिसीमा (Delimitation of the Study)

आफूसँग उपलब्ध श्रोत साधन र समयका आधारमा कुन क्षेत्रमा, कति सख्यामा, कस्तो औजार प्रयोग गरेर अध्ययन गर्न चाहेको हो सो यकिन गरी आफ्नो अध्ययनको घेरा वा सीमा तोक्नुपर्दछ । यसलाई अनुसन्धानको भाषामा परिसीमा भनिन्छ । अनुसन्धान कार्यमा वस्तुगत तथा तथ्यगत अध्ययनको लागि अध्ययनको सम्पूर्ण क्षेत्र वा जनसंख्यालाई आधार मानेर अध्ययन गर्न स्रोत साधन तथा श्रम र समयले सम्भव नहुने भएकोले यस अध्ययनका लागि अध्ययन क्षेत्रको विशिष्ट क्षेत्रको रुपमा पर्वत जिल्ला अन्तर्गत पर्ने त्रिवेणी गा.वि.स.लाई छनौट गरिएको छ । अध्ययनका लागि त्रिवेणी गा.वि.स. लाई छनौट गरिएको भए तापनि यस गा.वि.स. को सम्पूर्ण वडाहरुको हरेक पक्षको अध्ययन गर्न समय, श्रम र

आर्थिक दृष्टिकोणले सम्भव नभएकोले अध्ययन क्षेत्रलाई सिमित गरिएको छ । यस अध्ययनको परिसीमालाई निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

१. यस अध्ययन क्षेत्र पर्वत जिल्लाको त्रिवेणी गा.वि.स. लाई मात्र समावेश गरिएको छ ।

२. यस अध्ययन क्षेत्र त्रिवेणी गा.वि.स. का १ र २ वडामा मात्र सिमित गरिएको छ ।

३. यस अध्ययनको नमुनाको रुपमा १ र २ वडामा बसोबास गर्ने सम्पूर्ण घरपरिवारलाई छनोट गरिएको छ ।

४. अध्ययन क्षेत्र त्रिवेणी गा.वि.स. का कूल ४४५ घरधुरीमध्ये वडा नं १ र २ का सम्पूर्ण (९५) घरधुरीलाई नमुनाको रुपमा छनौट गरिएको छ ।

५. यस अध्ययनमा खाद्यान्न उत्पादन अन्तर्गत धान, मकै, कोदो, गहुँ लाई मात्र समावेश गरिएको छ ।

६. उपभोगको विश्लेषण गर्दा धान, मकै, कोदो, गहुँलाई मात्र आधार मानिएको छ ।

७. यस अध्ययनमा अर्न्तवार्ता, छलफल, अवलोकन र प्रश्नावलीको माध्यामबाट प्राप्त तथ्यांकलाई विभिन्न तथ्यांकीय विधि, तालिका र चार्टद्धारा विश्लेषण गरिएको छ ।

८. यस अध्ययनबाट आएको निष्कर्षलाई त्रिवेणी गा.वि.स. वडा नं १ र २ मात्र सामान्यीकरण गरिएको छ ।

## १.७ मूख्य शब्दावलीको परिभाषा (Definition of the Study)

यस अध्ययनमा प्रयोग भएका मूख्य शब्दावलीको परिभाषा निम्नानुसार रहेको छ :

**खाद्यान्न उत्पादन -** मानिसले आफूलाई दैनिक खानाको रुपमा प्रयोग गर्ने वस्तुहरु धान, मकै, गहुँ, कोदो नै खाद्यान्न उत्पादन हो ।

**उपभोग -** मानिसले आफ्ना आवश्यकता पूरा गर्न प्रयोग गर्ने वस्तुहरु धान, मकै, गहुँ, कोदोको मात्रा उपभोग हो ।

**बचत -** खाद्यान्न उत्पादनबाट उपभोग गरेर बाँकी रहेको उत्पादनको मात्रा ।

**अर्न्तवार्ता -** दुई वा दुई भन्दा व्यक्तिहरु बीच आम्ने साम्ने बसेर गरिने कुराकानी ।

**जनसंख्या -** अनुसन्धानकर्ताको लागि छनौट गरिएका सम्पूर्ण मानिसको समुह ।

**नमुना -** ठुलो जनसंख्याबाट छनौट गरिएको प्रतिनिधिमूलक समूह ।

**नमुना छनोट -** ठुलो समुहबाट केही एकाईहरु छनौट गर्ने प्रक्रिया ।

**किसान -** खेतिपाती पशुपालन गर्ने  मानिस ।

**जीविकोपार्जनमुखी -** सामान्य खान लगाउन पुग्ने ।

**खर्च** - वस्तु तथा सेवा खरिद गर्दा प्राप्त गरिने रकम ।

**आम्दानी** - वस्तु तथा सेवा खरिद गर्दा प्राप्त गरिने रकम ।

**प्रत्यक्ष अवलोकन** - अनुसन्धानकर्ताले अध्ययन क्षेत्रमा आफैँ गई  गरिएको अवलोकन ।

**साक्षर** - आफ्नो नाम लेख्न र पढ्न सक्ने मानिस ।

**निरक्षर** - आफ्नो नाम लेख्न र पढ्न नसक्ने मानिस

## **१.८ अध्ययनको संगठन (Organization of the Study)**

यस अध्ययनलाई पाँच अध्ययनमा विभाजन गरिएको छ । अध्याय एकमा परिचय, अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको महत्त्व, अध्ययनको उद्देश्य, अनुसन्धान प्रश्न, अध्ययनको सीमा, मूख्य शब्दावलीको परिभाषा र अध्ययनको संगठन राखिएको छ । अध्याय दुईमा सैद्धान्तिक साहित्यको पुनरावलोकन, अनुसन्धानात्मक साहित्यको पुनरावलोकन, पूर्व साहित्यको समिक्षा, अनुसन्धानको अन्तर, अध्ययनको सैद्धान्तिक ढाँचा र अध्ययनको कार्यात्मक ढाँचा राखिएको छ । अध्याय तीनमा अध्ययन विधि र प्रक्रिया, अनुसन्धान ढाँचा, तथ्यांक संकलनका स्रोतहरु, जनसंख्या, नमुना र नमुना छनौट विधि, अध्ययन क्षेत्रको परिचय, तथ्यांक संकलनका साधनहरु, तथ्यांक संकलनका तरिकाहरु, तथ्यांक विश्लेषण तरिका र नैतिक पक्ष राखिएको छ । अध्याय चारमा तथ्यांकको व्याख्या र विश्लेषण गरिएको छ । अध्याय पाँचमा सारांश, निष्कर्ष र सुझाव राखिएको छ । अन्त्यमा सन्दर्भ सूचीहरु र अनुसूचीहरु राखिएको छ ।

# अध्याय दुई (CHAPTER TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा (REVIEW OF RELATED LITERATURE AND THEORETICAL FRAMEWORK)

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoritical Literature)

यस अध्ययनमा यस अध्ययनको विषयसँग सम्बन्धित विभिन्न प्रकाशित, अप्रकाशित लेख, रचना, प्रतिवेदन तथा साहित्यको पुनरावलोकन गरिएको छ ।

नेपाल राष्ट्र बैंक, (२०५७) को प्राथमिकता क्षेत्र कर्जा निर्देशिकामा देशमा विद्यमान वेरोजगारी, गरिबी, आर्थिक असमानता र पछौटेपनलाई क्रमशः कम गर्दै लगि खास गरी विपन्न तथा न्युन आय भएका जनताहरुको जीवनस्तर सुधार गर्ने उद्देश्य राष्ट्रिय विकास योजनामा प्राथमिकता दिएका उत्पादन रोजगारी तथा आय अभिवृद्धि गर्न सघाउ पुऱ्याउने लघु तथा साना उद्योगलाई कृषि व्यावसाय, घरेलु तथा साना उद्योग र सेवा व्यवसायमा वर्गीकरण गरेको छ । त्यसैगरी उक्त निर्देशिकाले कृषि उत्पादनसँग सम्वन्धित कर्जा कार्यक्रमको उद्देश्य परम्परागत एवं आधुनिक प्रविधिको समुचित उपयोगबाट कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याई कृषिसँग सम्बन्धित तथा आयमूलक व्यवसायहरुको विकास र विस्तार गर्न सहयोग पुऱ्याउनेछ भनि उल्लेख गरिएको छ । उक्त निर्देशिकाले कृषि तथा कृषिजन्य व्यवसाय अर्न्तगत विभिन्न क्रियाकलापहरुमध्ये पहिलो खाद्यान्न तथा नगदेबाली भनि जनाएको छ ।

कृषि तथा सहकारी मन्त्रालय, (२०६३) का अनुसार तरकारी बिउको अनुसनधान एवम् उत्पादनका निम्ति सरकारले एउटै छुटै निकाय तरकारी विकास शाखाको २०२९ सालमा स्थापना गरी उक्त शाखाले अधिराज्य भरिका फर्महरुमा अधिक तरकारी बिउ उत्पादन कार्यक्रम सञ्चालन गरी उन्नत तरकारी बिउको आपूर्ति व्यवस्थापन मिलाउन प्रयास गरेको थियो तर वागवानी फर्महरु केहि जिल्लामा मात्र सिमित भएको हुनाले अधिराज्य भरी तरकारी बिउको आपूर्ति व्यवस्था मिलाउन असम्भव भएको महशुस गरि कृषि सामग्री संस्थालाई वि.सं.२०३० सालदेखि खाद्यान्न बालीको बिउ बाहेक तरकारी बिउ उत्पादन एवम् बिक्री वितरणको काम पनि सुम्पिएको थियो । तत्पश्चात उक्त संस्थाले बिज वृद्धि कार्यक्रम पनि सुम्पिएको थियो । त्यसपछि उक्त संस्थानले बिज वृद्धि कार्यक्रम संञ्चालन

गरि प्राविधिक हरुको रेखदेखमा बिउ छर्ने तरकारी बालीको बिउ प्रशोधन संचय तथा कृषकहरुलाई सुव्यवस्थित रुपले बिउ विकास तथा बिक्री काम संञ्चालन गर्न थाल्यो ।

जिल्ला कृषि विकास कार्यालय पर्वत, (२०७१) का अनुसार उन्नत कृषि प्रविधिको प्रचार प्रसार गरी उपलब्ध सिमित स्रोतसाधनको समुचित प्रयोगका साथै कम खर्चमा बढी कृषि उत्पादन वृद्धि गरी आयआर्जनबाट जीवनस्तर माथि उठोस् भन्ने उद्देश्यका साथ नेपाल सरकारको निर्णय अनुसार २०३२ सालमा सवै जिल्लामा कृषि विकास कार्यलयको स्थापना गरेको थियो । कार्यालय स्थापना भए पश्चात यस जिल्ला कृषि विकास कार्यालय पर्वतले पनि कृषकहरुको चाहना अनुरुप तरकारी खेती, अन्न खेती, फलफूल खेती, तेलहन आदि व्यवसायको दिगो विकास गर्ने उद्देश्यले कृषि विकासको स्वीकृति, नीति तथा कार्यक्रम अनुसार कृषि सेवा केन्द्रबाट कृषक समूहमार्फत विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ ।

केन्द्रिय तथ्यांक विभाग, (२०७०) का अनुसार नेपालमा खाद्यान्न उत्पादनको क्षेत्र ३३,३९,०७७ हेक्टर रहेको र खाद्यान्न उत्पादनको परिमाण ८५,८०,२८५ मे.टन रहेको छ । खाद्यान्न उत्पादनको क्षेत्र र परिमाण लाई प्रतिशतमा अध्ययन गर्दा धान, मकै, गहुँ, कोदो, जौ र फापरले ओगटेको क्षेत्रफल क्रमश : ४२.९, २५.४४, २२.५८, ८.२१, ०.८८ र ०.३१ प्रतिशत रहेको छ भने खाद्यान्न उत्पादन परिमाणलाई हेर्दा क्रमश : ५२.४९, २३.२९, २०.१३, ३.५६, ०.३९ र ०.११ प्रतिशत उत्पादन भएको देखिन्छ । त्यस्तै खाद्यान्न उत्पादन के.जी./हे. मा हेर्दा धान, मकै, गहुँ, कोदो, जौ र फापर क्रमश : ३१७१, २३५३, १११४, २२९०, ११४१ र ९४१ रहेको छ । वि.स.२०६८/०६९ र २०६९/०७० दुई वर्षको खाद्यान्न उत्पादनलाई तुलनात्मक अध्ययन गर्दा, २०६८/०६९ मा भएको खाद्यान्न उत्पादन के.जी./हे. मा धान, मकै, गहुँ, कोदो, र जौ क्रमश : ३३१२, २५०१, २४१२, ११३३ र १२४५ रहेको थियो भने २०६९/०७० मा यसको उत्पादन क्रमश : ३१७१, २३५३, २२९०, १११४ र ११४१ रहेको छ । सो अघिल्लो वर्षको तुलनामा घटेको अवस्था हो ।

नेपाल सरकार कृषि विकास मन्त्रालय, (२०१४) का अनुसार खाद्यान्न उत्पादनको सम्वन्धमा विभिन्न बालीहरुको क्षेत्रफल तथा उत्पादनसग सम्वन्धित तथ्यांक सार्वजनिक गरेको छ । यस तथ्यांकअनुसार कुल खाद्यान्न बाली लगाएको क्षेत्रफल ३४८००५२ हे. जसमा उत्पादन ९५६२६८० मे.टन. र औसत खाद्यान्न उत्पादन २७४८ के.जी./हे. रहेको तथ्यांकले देखाएको छ । खाद्यान्न बालीलाई अलग अलग गरेर देखाउदा धानको उत्पादन १४८६९५१

हे.मा ५०४७०४७ मे.टन., ३३९४ के.जी./हे., मकैको उत्पादन ९२८७६१ हे.मा २२८३२२२ मे.टन.,२४५८ के.जी./हे., कोदोको उत्पादन २७११८३ हे.मा ३०४१०५ मे.टन., ११२१ के.जी./हे. प्रति.हे., गहुँको उत्पादन ७५४४७४हे.मा १८८३१४७ मे.टन., २४९६ के.जी./हे., जौं को उत्पादन २८१७४ हे.मा ३४८२४ मे.टन., १२३६ के.जी./हे. र फापरको उत्पादन १०५१० हे. मा १०३३५ मे. टन., ९८३ के.जी./हे. उत्पादन भएको तथ्यांकले देखाएको छ।

अर्थमन्त्रालय, (२०७३) का अनुसार आर्थिक वर्ष २०७२/०७३ मा कृषि तथा वन क्षेत्रको उत्पादन १.१ प्रतिशतले बढ्ने अनुमान छ । बढ्दो खडेरीका कारण प्रमुख बालीहरुको उत्पादनमा ह्रास आएकोले कृषि तथा वन क्षेत्रको वृद्धिदर न्युन रहेको छ । समग्र कृषि उत्पादनमा उच्च अंश ओगटेको धान बालीको उत्पादन मौसमी प्रतिकुलताको कारण १०.२ प्रतिशतले र दास्रो प्रमुख बाली गहुँको उत्पादन पनि ५.० प्रतिशतले ह्रास आएको छ । तर कृषि बालीहरुमा मकै ४ प्रतिशतले, आलु ४.५ प्रतिशतले र तरकारी ५.० प्रतिशतले बढेको कारण कृषि क्षेत्रको वृद्धिदर धनात्मक रहने अनुमान छ। अघिल्लो आर्थिक वर्षमा यो क्षेत्रको उत्पादन ०.७१ प्रतिशतले मात्र बढेको थियो । विगत दश वर्षमा यस क्षेत्रको औषत वृद्धिदर २.८२ प्रतिशत रहेको छ । चालु आर्थिक वर्षमा कृषि तथा वन क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ३१.२ प्रतिशत योगदान रहेको छ।

अर्थमन्त्रालय, (२०७३), का अनुसार खाद्यान्न बालीको अवस्थालाई हेर्दा चालु आर्थिक वर्ष २०७२/०७३ मा नेपालको कुल खाद्यान्न उत्पादन (धान, गहुँ, मकै, कोदो, जौ र फापर) अघिल्लो वर्षको तुलनामा करिव ६.२ प्रतिशतले घट्न गई ८६ लाख ९२ हजार मे. टन. हुने प्रारम्भिक अनुमान छ। यो उत्पादन गत वर्षको ९२ लाख ६६ हजार मे. टन. भन्दा करिव ५ लाख ७४ हजार मे.टन. ले कमि हो । साथै यस वर्ष खाद्यान्न बालीले ढाकेको कुल क्षेत्रफल समेत गतवर्षको तुलनामा घट्न गएको अनुमान छ ।

अर्थमन्त्रालय, (२०७३) का अनुसार नेपालको प्रमुख खाद्यान्न बाली मध्ये प्रमुख खाद्यान्न बाली धान हो। चालु आर्थिक वर्ष २०७२/०७३ मा धानको उत्पादन गतवर्षको तुलनामा १०.२ प्रतिशतले घट्न गई ८२ लाख ९९ हजार मे. टन हुने प्रारम्भिक अनुमान छ। यो उत्पादन गत बर्षको ४७ लाख ८८ हजार मे.टन ले भन्दा करिब ४ लाख ९० हजार मे.टन ले कम हो। धानको उत्पादन घट्नुको मुख्य कारणहरुमा कमजोर मनसुन, समयमा रोपाई हुन नसकी जमिन बाँझो रहनु, ढिलो सुरु भएको मनसुन र सीमाना बन्दका कारण

रासायनिक मल लगायतका ढुवानी सहज नहुनु तथा ईन्धन अभावका कारण भूमिगत सिँचाई समेत प्रभावित हुनु रहेका छन् । चालु आर्थिक बर्षमा धान बाली लगाएको क्षेत्रफलमा समेत ४.४ प्रतिशतले कमि आएको छ ।

अर्थमन्त्रालय, (२०७३) का अनुसार नेपालको प्रमुख खाद्यान्न बाली मध्ये उत्पादनको हिसाबले दोस्रो खाद्यान्न बाली मकै हो । चालु आर्थिक बर्ष २०७२/०७३ मा मकैको उत्पादन करिब ४.० प्रतिशतले बढ्न गई २२ लाख ३१ हजार मे. टन उत्पादन हुने प्रारम्भिक अनुमान छ । यो उत्पादन गत वर्षको २१ लाख ४५ हजार मे. टन भन्दा करिब ८६ हजार मे. टनले बढी हो । चालु आर्थिक वर्षमा मकै लगाएको क्षेत्रफलमा समेत १ प्रतिशतले वृद्धि भएको छ । यस वर्ष अधिक वर्षाको कारण कतै कतै डाँठ कुहिने रोगको कारणबाट केही क्षेत्रको मकैको उत्पादन घटेतापनि बेमौसमी एंव वसन्ते मकैको क्षेत्रफल समेत बढेको कारण समग्र मकैको उत्पादनमा वृद्धि भएको हो ।

अर्थमन्त्रालय, (२०७३) का अनुसार नेपालको प्रमुख खाद्यान्न बाली मध्ये उत्पादनको हिसाबले तेस्रो नम्बरमा पर्ने गहुँ बालीको उत्पादन गत बर्षको तुलनामा चालु आर्थिक बर्ष २०७२/०७३ मा गतवर्षको तुलनामा करिब ८.३ प्रतिशतले कमि भई १८ लाख ११ हजार मे.टन पुग्ने अनुमान छ । गत आर्थिक बर्षमा गहुँ बालीको उत्पादन करिब १९ लाख ७५ हजार मे.टन थियो । अधिकांश पूर्वी हिमाली तथा पहाडी जिल्लाहरुमा गहुँ बालीको क्षेत्रफल घटेको कारण उत्पादनमा कमि आएको हो । त्यस्तैगरी चालु आर्थिक बर्ष २०७२/०७३ मा कोदोको उत्पादनमा करिब २.० प्रतिशतले घट्न गई गत बर्षको ३ लाख ८ हजार मे.टन बाट करिब ३ लाख २ हजार मे.टन रहने अनुमान छ । कोदो बालीमा उन्नत बिउ, मल जस्ता प्रविधिको प्रयोग गर्ने प्रचलन कम भएका कारण उत्पादनमा खासै वृद्धि हुन सकेको छैन ।

अर्थमन्त्रालय, (२०७३) का अनुसार नेपालको प्रमुख खाद्यान्न बाली मध्ये नेपालको हिमाली क्षेत्रमा मूख्य खाद्यान्न बालीको रुपमा रहेको फापरलाई विगत केहि बर्ष देखि राष्ट्रिय तथ्यांकको रुपमा समावेश गरीएको हो । देशको करिब ५० वटा जिल्लामा खेती हुने फापर बालीको क्षेत्रफल र उत्पादनमा गतबर्ष चालु आर्थिक बर्ष २०७२/०७३ क्रमश : ७.१ र ०.२ प्रतिशतले वृद्धि भएको छ । चालु आर्थिक बर्षमा फापरको उत्पादकत्व ६.९ प्रतिशतले वृद्धि भएको छ ।

राष्ट्रिय योजना आयोग, (२०७१) विगत तीन वर्षीय योजनामा कृषि क्षेत्रको वार्षिक औसत बृद्धिदरको लक्ष्य ३.९ प्रतिशत हुने अनुमान गरिएकोमा योजनाको अन्त्यमा औसत वृद्धिदर ३.६ प्रतिशत हासिल भएको छ । त्रिबर्षीय योजना (आ.ब.२०६६/०६७ - २०६९/०७०) मा खाद्यान्न बालीको उत्पादन ९५६१ हजार मे.टन पुऱ्याउने लक्ष्य रहेकोमा योजनाको अन्तिम बर्ष (आ.ब.२०६९/०७०) मा ८७३८ हजार मे. टन पुऱ्याउने लक्ष्य अनुरुपको प्रगति हासिल हुन सकेको छैन ।

राष्ट्रिय योजना आयोग, (२०७१) मा देशको कुल गार्हस्थ उत्पादनको लागि एक तिहाई भाग भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने करिव दुई तिहाई जनसंख्या रोजगारी तथा जिविकाको लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको स्पष्ट छ । नेपालको संविधान २०७२ ले खाद्य संप्रभुतालाई मौलिक हक भित्र राखी राज्यले किसानलाई प्रोत्साहित गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरुको सृजना गरी कृषिलाई उद्योगको रुपमा विकास गर्ने नीति लिईएको छ । अन्तराष्ट्रिय स्तरमा खाद्यान्न तथा खाद्य पदार्थमा भएको मूल्य वृद्धि तथा अपर्याप्त आपूर्ति, आर्थिक रुपले सक्रिय जनशक्ति दिनानुदिन विदेशिने क्रम बढ्दै जादा कृषि क्षेत्रमा बढ्दै गएको कारणले श्रमशक्तिको अभाव, उर्वर कृषि भूमिको गैर कृषि प्रयोजनमा वढ्दो उपयोग तथा जलवायु परिवर्तनको नकरात्मक प्रभाव जस्ता कारणहरुले कृषि क्षेत्रको आशातित उपलब्धि हासिल गर्नु चुनौतिपूर्ण रहेको छ । देशको भौगोलिक परिवेश, उपलब्ध कृषि शिक्षा, उन्नत बिउ तथा प्रविधि, कृषि उद्यमीहरुको चाहना, राष्ट्रिय आवश्यकता तथा देशले अन्तराष्ट्रिय स्तरमा गरेका सन्धि, सम्झौता, सहस्राब्दी बिकास लक्ष्यहरु, राष्ट्रिय नीतिहरुमा गरेका प्रतिबद्धताहरुलाई मध्यनजर गर्दै कृषि उत्पादन एवम् व्यापारमा प्रतिस्पर्धा, व्यावसायिकरण, यान्त्रिकरण, विविधिकरणमा जोड दिनुका साथै आर्थिक तथा सामाजिक रुपमा पछि परेका वर्गलाई समेत प्राथमिकता दिई सरकारी, नीजि, र साझेदारीको अवधारणा अंगीकार गर्दै कृषि पेशालाई सम्मानजनक बनाई आय तथा रोजगारीका अवसर सिर्जना, गरिबी न्यूनीकरण, सुधारात्मक व्यापार सन्तुलन, खाद्य तथा पोषण सुरक्षा र आर्थिक रुपान्तरणमा कृषि क्षेत्रको योगदान बढाउन यस योजनाका प्रयासहरु केन्द्रित रहनेछन् ।

## २.२ अनुसन्धान साहित्यको पुनरावलोकन (Review of Research Literature)

डाँगी, (२०७१) ले आफ्नो शोधपत्रमा तरकारी तथा खाद्यान्न बाली उत्पादनबाट प्राप्त आयले किसानको आर्थिक तथा पारिवारिक शैक्षिक अवस्थामा पारेको प्रभाव को विश्लेषण गर्ने उद्देश्य राखेर अध्ययन गर्नुभएको थियो । यस अध्ययन धनवाङ गा.वि.स.को सल्यान जिल्लामा केन्द्रित गरिएको थियो । यस अध्ययन क्षेत्रमा तरकारी बाली अन्तर्गत काउली, आलु, बन्दागोभी र गोलभेडा समावेश गरिएको थियो भने खाद्यान्न बाली अन्तर्गत धान, मकै, गहुँ र कोदो लाई समावेश गरिएको थियो । खाद्यान्न बालीबाट रु.४४१०४५९ र तरकारी बालीवाट रु.१४५२१८०० मूल्य बराबरको आय प्राप्त गरेको देखिन्छ । अध्ययन क्षेत्रका १०० घरधुरी मध्ये खाद्यान्न बालीवाट बाह्रै महिनासम्म खानपुग्ने ३८ घरधुरी देखाएको छ । उनीहरुको कुल आयमा प्रतिशतको हिसाबले हेर्दा तरकारी बालीबाट ७६.७० प्रतिशत र खाद्यान्न बालीवाट २३.३० प्रतिशत योगदान रहेको पाइयो । अध्ययन क्षेत्रमा तरकारी बालीवाट प्रतिघर औषत आय रु.१४५२१८ र प्रतिव्यक्ति वार्षिक औषत आय रु.२६६९४ रहेको पाइयो भने खाद्यान्न बाली तर्फ प्रतिघर औषत आय रु.४४१०४ र प्रतिव्यक्ति वार्षिक औषत आय रु.८१०७ रहेको पाइयो । यस आधारमा पनि खाद्यान्न बालीको तुलनामा नगदे बालीको योगदान बढी रहेको पाइन्छ ।

भट्टराई, (२०६४) ले आफ्नो शोधपत्रमा खाद्यान्न र नगदे बालीबाट प्राप्त आय र यसले शैक्षिक र आर्थिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण गर्ने उद्देश्य राखेर अध्ययन गर्नुभएको थियो । यस अध्ययनमा पाल्पा जिल्लामा वार्षिक रुपमा कुल आयको खाद्यान्न बालीवाट २१.९६ प्रतिशत आय प्राप्त भएको थियो भने तरकारी बालीवाट ७८.०४ आय प्राप्त भएको थियो । यो प्रतिशतलाई हेर्दा खाद्यान्न बालीको भन्दा नगदे बालीको योगदान बढी रहेको थियो । यस क्रममा कम क्षेत्रफलमा नगदे बाली लगाएर बढी मात्रामा आम्दानी प्राप्त गर्न सकिएको भेटिन्छ । तरकारी खेती गर्दा सिंचाइको समस्या, यातायातको समस्या, बिउविजनको समस्या आदि जस्ता समस्याहरु देखा परेका देखिन्छ । यस्ता समस्याहरु समाधान गर्न सरकारी स्तरवाट उपयुक्त नीति निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

घिमिरे, (२०६५) ले आफ्नो शोधपत्रमा नगदे तथा खाद्यान्न बालीबाट प्राप्त आयको तुलनात्मक अध्ययन शीर्षकमा गरिएको अनुसन्धानमा खाद्यान्न बाली अर्न्तगत धान, मकै,

गहुँ र कोदोको अध्ययन गरिएको थियो भने नगदे बाली अर्न्तगत उखु, चिया, अदुवा खेती र तरकारी खेती आदिको बारेमा अध्ययन गरिएको थियो । यस अध्ययनमा खाद्यान्न बाली र नगदे बालीको आम्दानी, लागत र उत्पादन आदिको तुलनात्मक अध्ययन गरिएको थियो । अध्ययन क्षेत्रमा कुल आयमा खाद्यान्न बालीबाट प्राप्त आय ७४.६० प्रतिशत रहेको थियो भने नगदे बालीबाट प्राप्त आय २५.४० प्रतिशत रहेको थियो । यो प्रतिशतलाई हेर्दा खाद्यान्न बालीबाट प्राप्त आयभन्दा नगदे बालीबाट प्राप्त आय तीन गुणा बढी रहेको देखिन्छ । नगदे बालीमा ऋणको अभाव, मूल्यको अस्थिरता, प्राविधिक ज्ञान एवं उपकरणको अभावजस्ता समस्याहरु रहेका थिए भने खाद्यान्न बालीमा सिँचाइ सुविधाको अभाव, समयमा मल तथा बिउविजन उपलब्ध नहुनेजस्ता समस्याहरु रहेको पाइयो ।

कार्की, (२०७१) ले आफ्नो शोधपत्रमा खाद्यान्न बालीले स्थानीय कृषकहरुको आर्थिक अवस्था र तिनीहरुको बालबालीकाहरुको शैक्षिक क्षेत्रमा पारेको प्रभाव शिर्षकमा अध्ययन गर्नुभएको छ । यस अध्ययनका उद्देश्यहरु धान बालीको बर्तमान अवस्था, बालबालिकाको शिक्षाको क्षेत्रमा पारेको प्रभाव र धान खेतीमा देखिएका समस्याहरुको विश्लेषण गर्नु रहेको थियो । यस उद्देश्य पुरा गर्न धान बालीमा संलग्न ७७५ घरधुरीलाई नमुना छनोटको रुपमा छनोट गरिएको थियो । यस अध्ययनमा धान बालीमा संलग्न कृषकहरुको प्रतिपरिवार वार्षिक औसत आम्दानी रु.१ लाख २६ हजार ५ सय ७६.४८ रहेको पाईयो भने वार्षिक औसत खर्च रु.१ लाख १६ हजार १ सय ३९.५ रहेको पाईयो र औसत बचत रु.१० हजार ४ सय ३६.९६ रहेको पाइयो । नमुना छनोटमा परेका कृषकहरुको धान बालीबाट मात्र प्राप्त वार्षिक औसत आम्दानी रु.४३९०.२४ रहेको पाईयो । भने वार्षिक औसत खर्च रु.२१९५.१२ रहेको पाईयो र बार्षिक औषत बचत रु.२१९.१२ पाईयो । अध्ययन क्षेत्रमा विद्यालय जाने उमेर समूहका ६२ जना बालबालिकाहरु सरकारी र ६८ जना बालबालीकाहरु नीजि विद्यालयमा अध्यापन गराएको पाईयो । जुन अध्ययन झापा जिल्लामा गरिएको थियो । धान बालीमा संलग्न किसानहरुको आर्थिक अवस्थामा सकरात्मक प्रभाव परेको देखियो ।

घिमिरे, (२०६२) ले आफ्नो शोधपत्रमा (अलैची, अम्लिसो, अदुवा, अकवरे खुसार्नी, ओलनसँग संलग्न कृषकहरुको नगदे बालीहरुको उत्पादनको अवस्था पहिचान गर्नु, प्रमुख नगदे बालीहरुको उत्पादनका क्रममा देखा परेका समस्याहरु केलाउनु, जिविकोपार्जनमा प्रमुख नगदे बालीको आर्थिक प्रभावको विश्लेषण गर्नु जस्ता राखी शोधपत्र तयार गर्नुभएको छ । यस अध्ययनमा खाद्यान्न बालीको तुलनामा नगदे बालीको योगदान ४ गुणाले बढी हुने

देखिन्छ र नगदे बालीले व्यक्तिको आर्थिक क्षेत्रमा सकरात्मक प्रभाव परेको कुरा उल्लेख गरिएको छ । नगदे बालीमा देखापरेको विभिन्न रोगहरु पहिचान गरि उपयुक्त उपचार विधि तथा कीराहरुको संक्रमण नियन्त्रण गर्नको लागि उपयुक्त प्राविधिज्ञको आवश्यकता देखिन्छ । अध्ययन क्षेत्रका किसानहरुले आफुले उत्पादन गरेको खाद्यन्न बाली सबै आन्तरिक उपभोगमा खर्च भएको थियो भने नगदे बालीको ९५ प्रतिशत भन्दा बढी विक्री गरेको पाइयो । नगदे बालीको प्रमुख समस्याको रुपमा सिचाँई सुविधा अभाव रहेको थियो । त्यस्तै अध्ययन क्षेत्रमा किसानहरुले नगदे बालीका समस्या समाधान गर्न सिचाँई सुविधा हुनुपर्ने, उन्नत बिउमल समयमा उपलब्ध हुनु पर्ने कृषि विकास कार्यलयले बाली संरक्षण गर्नु पर्ने सुझाव दिएका छन् । यस अध्ययनको मूख्य क्षेत्र इलाम जिल्लाको सुम्वेक गा.वि.स. लाई बनाउनु भएको छ ।

Dhital, (2001) ले आफ्नो शोधपत्र "An Economic Analysis of Paddy Production" शिर्षकमा शोधपत्र तयार गर्नुभएको छ । उक्त शोधपत्र तयार गर्नुको उद्देश्यहरु धानबाली उत्पादनमा प्रभाव पार्ने तत्वहरु पत्ता लगाउनु, अध्ययन क्षेत्रको धान उत्पादनका समस्याहरु पत्ता लगाउनु रहेका छन् । धान उत्पादनमा जनशक्ति, रसायनिक मल, उन्नत बिउ, आधुनिक कृषि औजार आदि जस्ता तत्वहरुले उत्पादनमा प्रभाव पार्दछ भनि व्याख्या गर्नुभएको छ । त्यस्तै गरी सिँचाइको असुविधा, रासायनिक मलको अपूर्णता परम्परागत खेती गर्ने तौरतरिका, उन्नत बिउको अभाव तथा तालिमको अभावजस्ता समस्याहरु अध्ययन क्षेत्रमा रहेको कुरा व्याख्या गर्नुभएको छ । अध्ययन क्षेत्रमा सिँचाइका स्रोतहरु प्रशस्त भए पनि ती स्रोतहरुको उचित मात्रामा प्रयोग नभएको यदि ती स्रोतहरुको उचित मात्रामा प्रयोग भएमा धान उत्पादनमा थप सहयोग पुग्ने, बजारको व्यवस्था, राईस मिल आधुनिक प्रविधिबाट स्थापना गर्न सके, कृषि कर्जाको व्यवस्थापन गर्न सके तथा सस्तो दरमा ऋण सुविधा भएमा र तालिमलाई गाउँ गाउँमा परिचित गराउन सके धान उत्पादन गर्न सकिने बढीभन्दा बढी संभावना रहेको कुरा निष्कर्ष दिनुभएको छ र अध्ययन क्षेत्र दुरुवा गा.वि.स. दाङ रहेको छ ।

घिमिरे, (२०६२) ले पाल्पा जिल्ला मदन पोखरा गा.वि.स.लाई अध्ययन क्षेत्रको रुपमा लिई नगदे बाली र खाद्यान्न बाली वाट प्राप्त आयको तुलनात्मक अध्ययन शीर्षकमा एक शोधपत्र तयार पार्नुभएको छ । उक्त शोध पत्रमा अध्ययन क्षेत्रमा खाद्यान्न बाली (धान, मकै, गहुँ) भन्दा नगदे बाली (आलु, काउली, गोलभेडा, मुला) तरकारी खेतिको आय लगभग तिन गुणा

बढी रहेको र नगदे तथा खाद्यान्न बालीको आर्थिक तथा सामाजिक प्रभावमा ४६ प्रतिशत योगदान रहेको उल्लेख गरिएको छ । उक्त अध्ययन क्षेत्रमा साक्षरता प्रतिशत ७१.६ प्रतिशत हुनुका साथै उच्च शिक्षातर्फ पनि अर्कषित रहेको समेत उल्लेख छ । उक्त शोधपत्रमा नगदे बाली र खाद्यान्न बालीको तुलनामा नगदे बालीको लागी बढी लागेपनि अन्त्यमा गएर सवै खर्च कटाउँदा बच्ने आय बढी नै हुन आएको देखाईएको छ । उक्त अध्ययन क्षेत्रमा कृषि ऋण लाई सर्वसुलभ तथा न्यूनत्तम ब्याजदर कायम गरि उपलब्ध गराउनु पर्ने, कृषिउपज वस्तुको मूल्य सरकारी स्तरवाट निर्धारण गरिनुपर्ने सिचाईको व्यवस्था, मल बिउ तथा औषधीको प्रबन्ध गरि सरकारी स्तरबाटै कृषि सम्बन्धि गुरुयोजना बनाई प्रभावकारी कार्यान्वयनमा ल्याउनुपर्ने जस्तो सुझावहरु पेश गरिएको छ ।

लुइटेल, (२०६७) ले नगदे र खाद्यान्न बालीमा संलग्न किसानहरुको आर्थिक र शैक्षिक स्थितिको तुलनात्मक एक अध्ययन विषयमा शोधपत्र तयार गर्नुभएको थियो । नगदे बालीमा आलु, अदुवा र चियाको अध्ययन गरिएको थियो भने खाद्यान्न उत्पादनमा धान, मकै, गहुँ र कोदोको अध्ययन गरिएको थियो । आर्थिक अवस्थाले बालबालिकाको शिक्षामा पारेको प्रभाव विश्लेषण गर्नु उद्देश्य थियो । यो उद्देश्य पूरा गर्नको लागि नगदे र खाद्यान्न बालीमा संलग्न १२/१२ घरपरिवार लाई नमुनाको रुपमा छनौट गर्नु भएको थियो । अध्ययन क्षेत्रमा नगदे बालीमा संलग्न कृषकहरुको वार्षिक आम्दानी १२०४५.४७ रहेको थियो भने खाद्यान्न बालीमा संलग्न कृषकको वार्षिक आम्दानी रु.५७४५५.८३ रहेको पाइयो । जस अनुसार नगदे बालीको आम्दानी ६७.७० प्रतिशत र खाद्यान्न बालीको आम्दानी ३२.३० रहेको थियो । यस अध्ययनबाट के प्रष्ट हुन्छ भने खाद्यान्न बालीबाट प्राप्त आम्दानी भन्दा नगदे बालीवाट प्राप्त आम्दानी भन्दा बढी रहेको देखिन्छ । नमुना छनोटमा परेका खाद्यान्न बालीमा संलग्न परिवारको साक्षरता ६३.२४ प्रतिशत रहेको थियो भने नगदे बालीमा संलग्न परिवारको साक्षरता ८६.६७ प्रतिशत रहेको पाइयो । खाद्यान्न उत्पादनमा संलग्न घरपरिवारका बालबालिकाहरुको भन्दा नगदे बालीमा संलग्न घरपरिवारका बालबालिकाहरुका शैक्षिक स्थिति राम्रो भएको पाईयो । खाद्यान्न बालीमा संलग्न किसान भन्दा नगदे बालीमा संलग्न किसानहरुले आफ्ना बालबालिकाहरुको लागि शिक्षामा लगानी बढी गरेको पाइयो । आम्दानीमा पनि खाद्यान्न बालीले भन्दा नगदे बालीले बढी योगदान दिएको पाईयो ।

## २.३ साहित्यको पुनरावलोकन अध्ययनको प्रयोग (Implication of the Review For the Research)

नेपाल एक कृषिप्रधान देश हो । यहाँ कृषिसँग सम्बन्धित विभिन्न किसिमका खाद्यबाली, नगदे बालीको खेती तथा पशुपालन गरिन्छ । नेपालको हिमाली, पहाडी तथा तराई सबै क्षेत्रमा खाद्यान्न उत्पादनका सम्भावनाहरु रहेका छन् । खाद्यान्न उत्पादनका क्षेत्रमा आधुनिक प्रणालीबाट खेती गरी उत्पादनमा अत्याधिक वृद्धि गर्न सकिन्छ । वर्तमान समयमा खाद्यान्न उत्पादन व्यवसायमा किसानहरुको बढी आकर्षण प्राप्त भएको देखिन्छ । नेपालमा खाद्यान्न उत्पादनका बारेमा विभिन्न पत्रपत्रिका, लेखरचना, जर्नल तथा अप्रकाशित शोधपत्रलाई आधार बनाइएको थियो ।

नेपाल राष्ट्र बैंक, (२०५७) को प्राथमिकता क्षेत्र कर्जा निर्देशिकामा देशमा विद्यमान बेरोजगारी, गरिबी, आर्थिक असमानता र पछौटेपनलाई क्रमशः कम गर्दै विपन्न वर्गको जीवनस्तर सुधार गर्ने उद्देश्य राखेको छ । उक्त निर्देशिकाले कृषि तथा कृषिजन्य व्यवसाय अर्न्तगत विभिन्न क्रियाकलापहरुमध्ये पहिलो खाद्यान्न तथा नगदे बाली भनि जनाएको छ ।

लुइटेल, (२०६७) अध्ययन क्षेत्रमा नगदे बालीमा संलग्न कृषकहरुको वार्षिक आम्दानी रु.१२०४५.४७ रहेको थियो भने खाद्यान्न बालीमा संलग्न कृषकको वार्षिक आम्दानी रु.५७४५५.८३ रहेको देखिन्छ । जस अनुसार नगदे बालीको आम्दानी ६७.७० प्रतिशत र खाद्यान्न बालीको आम्दानी ३२.३० प्रतिशत रहेको थियो । यस अध्ययनबाट के प्रष्ट छ भने खाद्यान्न बालीबाट प्राप्त आम्दानी भन्दा नगदे बालीवाट प्राप्त आम्दानी दोब्बर भन्दा बढी रहेको देखिन्छ । नमुना छनोटमा परेका खाद्यान्न बालीमा संलग्न परिवारको साक्षरता ६३.२४ प्रतिशत रहेको थियो भने नगदे बालीमा संलग्न परिवारको साक्षरता ८६.६७ रहेको देखिन्छ । खाद्यान्न उत्पादनमा संलग्न घरपरिवारका बालबालिकाहरुको भन्दा नगदे बालीमा संलग्न घरपरिवारका बालबालिकाहरुका शैक्षिक स्थिति राम्रो रहेको देखाएको छ ।

घिमिरे, (२०६२) ले खाद्यान्न बाली र नगदे बालीले जीविकोपार्जनमा पारेको प्रभाव अध्ययनमा खाद्यान्न बालीको तुलनामा नगदे बालीको योगदान ४ गुणाले बढी हुने देखिन्छ र नगदेबालीले व्यक्तिको आर्थिक क्षेत्रमा सकरात्मक प्रभाव परेको कुरा उल्लेख गरिएको छ । घिमिरे, (२०६३) ले नगदे बाली र खाद्यान्न बालीवाट प्राप्त आयको तुलनात्मक अध्ययन शीर्षकमा एक शोधपत्र तयार पार्नु भएको छ । उक्त शोधपत्रमा अध्ययन क्षेत्रमा खाद्यान्न

बाली (धान, मकै, गहुँ) भन्दा नगदे बाली (आलु, काउली, गोलभेडा, मुला) तरकारी खेतिको आय लगभग तिन गुणा बढी रहेको र नगदे तथा खाद्यान्न बालीको आर्थिक तथा सामाजिक प्रभावमा ४६ प्रतिशत योगदान रहेको उल्लेख गरिएको छ ।

अर्थमन्त्रालय, (२०७३) को तथ्यांक अनुसार खाद्यान्न बाली अर्न्तगत धान, गहुँ, कोदोको उत्पादन गतवर्षको तुलनामा घटेको र मकैको उत्पादन गतवर्षको तुलनामा बढ्न गएको देखाएको छ । यसका अतिरिक्त खाद्यान्न बालीको उत्पादनमा विभिन्न किसिमका समस्याहरु सिँचाइको असुविधा, रासायनिक मलको अपूर्णता परम्परागत खेती गर्ने तौरतरिका, उन्नत बिउको अभाव तथा तालिमको अभावको अतिरिक्त अन्तराष्ट्रिय स्तरमा खाद्यान्न तथा खाद्य पदार्थमा भएको मूल्य वृद्धि तथा अपर्याप्त आपूर्ति, आर्थिक रुपले सक्रिय जनशक्ति दिनानुदिन विदेशिने क्रम बढ्दै जादा कृषि क्षेत्रमा बढ्दै गएको कारणले श्रमशक्तिको अभाव, उर्वर कृषि भूमिको गैर कृषि प्रयोजनमा बढ्दो उपयोग तथा जलवायु परिवर्तनको नकरात्मक प्रभाव जस्ता कारणहरुले कृषि क्षेत्रको आशातित उपलब्धि हासिल गर्न नसकेको देखाएको छ । खाद्यान्न उत्पादनको क्षेत्रमा देखा परेका समस्याहरुलाई समाधान गर्नको लागि कृषि ऋणलाई सर्वसुलभ तथा न्यूनतम ब्याजदर कायम गरि उपलब्ध गराउनु पर्ने, कृषि उपज वस्तुको मूल्य सरकारी स्तरवाट निर्धारण गरिनुपर्ने सिचाईको व्यवस्था, मल बिउ तथा औषधीको प्रबन्ध गरि सरकारी स्तरबाटै कृषि सम्बन्धि गुरुयोजना बनाई प्रभावकारी कार्यान्वयनमा ल्याउनु पर्ने आदि जस्ता सुझावहरु विभिन्न अध्ययन अनुसन्धानले देखाएको छ ।

## २.४ अनुसन्धान अन्तर (Research Gap)

अनुसन्धानको समीक्षाको आधारमा निम्न पक्षहरुमा थप अध्ययन गर्नुपर्ने देखिन्छ ।


१. पूर्व अनुसन्धान गरिएका अध्ययनहरु खाद्यान्न उत्पादन र यसले व्यक्तिको आर्थिक र शैक्षिक पक्षमा पारेको प्रभावमा बढी केन्द्रित रहेका तर खाद्यान्न उत्पादन र सोको उपभोगलाई कम महत्त्व प्रदान गरेका छन् ।

२. पूर्व अध्ययनमा खाद्यान्न उत्पादनको कुनै एउटा खाद्यान्न बालीले पारेको प्रभाव मात्र अध्ययन गरिएको छ । तर यस अध्ययनमा खाद्यान्न उत्पादन (धान, मकै, गहुँ, कोदो) र सोको उपभोग परिमाणलाई लिएर अध्ययन गरिएको छ ।

३. पूर्व अनुसन्धान गरिएका अध्ययनमा खाद्यान्न बालीलाई छुट्टै रुपमा अध्ययन नगरी तरकारी बालीसँग तुलनात्मक रुपमा अध्ययन गरिएको छ । तर यस अध्ययनमा खाद्यान्न बालीलाई छुट्टै रुपमा अध्ययन गरिएको हुँदा खाद्यान्न बालीको विस्तृत जानकारी प्राप्त हुने देखिन्छ ।

## २.५ अध्ययनको सैद्धान्तिक अवधारणा (Theoritical Framework of the Study)


यस अध्ययन पूर्व गरिएका विभिन्न अनुसन्धानबाट प्राप्त हुन आएका निष्कर्षको आधारमा तरकारी तथा खाद्यान्न बालीबाट प्राप्त आयले किसानको आर्थिक तथा पारिवारीक शैक्षिक अवस्थामा पारेको प्रभाव विश्लेषण अध्ययनका लागि यस प्रकारको अवधारणाको निर्माण गरिएको थियो । जसलाई निम्न चार्टबाट प्रस्तुत गरिएको छ ।




स्रोत : डाँगी, २०७१

## २.६ कार्यात्मक ढाँचा (Functional Framework of the Study)

यस अध्ययनलाई सहज र प्रभावकारी बनाउन माथि बमोजिमको ढाँचालाई आधार मानी निम्न अनुसारको कार्यात्मक ढाँचाको प्रयोग गरी अध्ययन गरिएको थियो । जसले गर्दा अध्ययनलाई सहज बनाएको छ । अध्ययनको कार्यात्मक ढाँचालाई निम्नानुसार देखाउन सकिन्छ :



## अध्याय तीन (CHAPTER THREE)

## ३. अनुसन्धान विधि र प्रक्रिया (METHODS AND PROCEDURES)

सोधपत्र प्रस्तावना अध्ययनलाई प्रभावकारी रुपमा सम्पादन गर्नका लागि उपयुक्त अध्ययन विधिको छनौट गर्नुपर्दछ । उपयुक्त अध्ययन विधिको छनौट बिना सही निष्कर्ष निकाल्न कठिन हुन्छ । अत : अध्ययन गर्दा के विषयमा अध्ययन गर्ने ? कस्तो प्रकृतिको तथ्यांकको आवश्यकता छ ? तथ्यांकहरु कहाँबाट कसरी प्राप्त गर्ने ? अध्ययनमा लाग्ने समयावधी, नमुना संकलन विधि लगायतका कुराहरुमा ध्यान दिनु जरुरी हुन्छ । यस अध्ययनको लागि निम्न अनुसन्धान विधिको उपयोग गरिएको छ ।

### ३.१ अनुसन्धानको ढाँचा (Research Design)

यो अनुसन्धान व्याख्यात्मक तथा विश्लेषणात्मक (Discriptive and Analytical Research Design) ढाँचामा आधारित छ । यस अध्ययनको विश्लेषण खासगरी प्राथमिक तथ्यांकको आधारमा समग्र अध्ययनको विश्लेषण गरिएको छ । प्राथमिक तथ्यांकबाट प्राप्त गर्न नसकिएका तथ्यांकहरुलाई यस अध्ययनसँग सम्वन्धित लेखरचना, पुस्तक, पत्रपत्रिकाबाट सहायक तथ्यांक संकलन गरिएको छ । अनुसन्धानको क्रममा अधिकांश तथ्यांकहरु स्थलगत सर्वेक्षण र प्रश्नोत्तर विधिबाट संकलन गरिएको छ । यस अध्ययनको उद्देश्य पूरा गर्नको लागि प्राथमिक र सहायक तथ्यांकको पनि प्रयोग गरिएको छ । यसबाट प्राप्त तथ्यांकलाई गुणात्मक तथा विश्लेषणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । कतिपय संकलित तथ्यांकहरुलाई जस्ताको तस्तै व्याख्या गरिने हुनाले वर्णनात्मक ढाँचाको पनि प्रयोग गरेको पाईन्छ ।

### ३.२ तथ्यांकका स्रोतहरु (Sources of Data)

यस शोधपत्र तयार गर्दा सबैभन्दा बढी प्राथमिक तथ्यांकहरुको प्रयोग गरिएको छ । साथै आवश्यकता अनुसार द्धितिय तथ्यांकहरु पनि प्रयोग गरिएको छ । द्धितिय स्रोत अर्न्तगत अध्ययनको शिर्षकसँग सम्वन्धित विभिन्न प्रकाशित तथा अप्रकाशित लेख रचना आदिबाट आवश्यक सूचना तथा तथ्यांक संकलन गरी समावेश गरिएको छ ।

### ३.२.१ प्राथमिक स्रोत (Primary Sources of Data )

यस अध्ययनमा पर्वत जिल्ला त्रिवेणी गा.वि.स. वडा नं. १ र २ मा बसोबास गर्ने घरपरिवारलाई नै प्राथमिक तथ्यांकको स्रोतको रुपमा लिइएको छ । यस अध्ययनका लागि आवश्यक प्राथमिक तथ्यांकका स्रोतहरु भनेको अध्ययन क्षेत्रमा परेका सम्पूर्ण घरपरिवार हुन ।

### ३.२.२ सहायक स्रोत (Secondary Sources of Data)

यस अनुसन्धान कार्यलाई प्राथमिक तथ्यांकबाट मात्र पूर्णता दिन सकिदैन । त्यसैले अनुसन्धानलाई पूर्णता दिन सहायक तथ्यांकको सहयोग लिइएको छ । यस अध्ययनमा सहायक तथ्यांकको स्रोतको रुपमा खाद्यान्न उत्पादनसँग सम्वन्धित पाठ्यपुस्तक, अनुसन्धान प्रतिवेदनहरु, गा.वि.स., जि.वि.स., जि.शि.का. बाट प्रकाशित तथ्यांक पुस्तिका, आर्थिक सर्वेक्षण, चालु तेह्रौ योजना, केन्द्रिय तथ्यांक विभाग आदिबाट प्रकाशित पुस्तक आदिलाई सहायक तथ्यांकको रुपमा लिईएको छ ।

## ३.३ जनसंख्या, नमुना र नमुना छनोट रणनीति (Population, Sample Size and Sampling Strategy)

यस अध्ययनका लागि जनसंख्या र त्यसबाट छनोट गरिएको नमुना आकार तथा नमुना छनोट प्रक्रिया  निम्नानुसार उल्लेख गरिएको छ ।

### ३.३.१ जनसंख्या (Population)

प्रस्तुत सोधपत्रमा पर्वत जिल्ला त्रिवेणी गा.वि.स. अर्न्तगत वडा नं १ र २ मा केन्द्रित गरिएको छ । यस गा.वि.स. को कुल जनसंख्या २०२२ रहेको छ । त्यस्तै घरधुरी संख्या ४५० रहेको छ । पुरुषको ९०२ जनसंख्या छ भने महिलाको जनसंख्या ११२२ रहेको छ । अध्ययन क्षेत्र त्रिवेणी गा.वि.स. वडा नं १ र २ मा जम्मा घरधुरी संख्या ९५ रहेको छ । जहाँ जम्मा जनसंख्या ६०० रहेको छ । जसमा पुरुषको जनसंख्या ३१० छ भने महिलाको जनसंख्या २९० रहेको छ । त्यसैले यस अध्ययनको जनसंख्या त्रिवेणी गा.वि.स. को वडा नं १ मा रहेको ४५ घरधुरी र वडा नं २ मा रहेका ५० घरधुरी गरी जम्मा ९५ हो ।

### ३.३.२ नमुना आकार (Sample Size)

पर्वत जिल्ला त्रिवेणी गा.वि.स. वडा नं १ र २ मा रहेका सम्पूर्ण ९५ घरधुरीलाई अर्थात १०० प्रतिशतलाई यस अध्ययनको नमुनाको रुपमा लिईएको छ ।

### ३.३.३ नमुना छनोट रणनीति (Sampling Strategy)

साधन, स्रोत र समयको सिमितताको कारण सम्पूर्ण जनसंख्यालाई लिएर अध्ययन गर्न कठिन भएकोले सम्पूर्ण जनसंख्याको प्रतिनिधि हुने गरी नमुना छनोट गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. यस अध्ययनमा पर्वत जिल्ला त्रिवेणी गा.वि.स. लाई उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा छनोट गरिएको हो । किनभने यस क्षेत्रमा खाद्यान्न उत्पादन, उपभोग र शैक्षिक अवस्थाको बारेमा अनुसन्धान नगरिएको र अनुसन्धानकर्ता आफैं बस्ने स्थान भएको हुनाले अध्ययनकर्तालाई तथ्यांक संकलन गर्न सहज र सजिलो हुने हुँदा उक्त क्षेत्र छनोट गरिएको हो ।

२. त्रिवेणी गा.वि.स. मा ९ वटा वडाहरुमध्ये वडा नं १ र २ मा अन्य वडाको तुलनामा खाद्यान्न बालीमा संलग्न भएको घरधुरी संख्या बढी रहेको कारणले वडा नं १ र २ लाई उद्देश्यमूलक र सुविधाजनक नमुनाको रुपमा छनोट गरिएको हो ।

३. त्रिवेणी गा.वि.स. वडा नं १ र २ मा ९५ घरधुरी रहेका छन् । ती ९५ घरधुरीलाई संगणना विधि (Censes Method) का आधारमा नमुनामा छनोट गरिएको छ ।

४. नमुनाको रुपमा छनोटमा परेका ९५ घरधुरीमा जम्मा ६०० जनसंख्या रहेको छ । ती ६०० घरधुरीलाई संगणना विधि (Censes Method) का आधारमा नमुनामा छनोट गरिएको छ ।

५. यस अध्ययनका क्रममा कृषि सेवा केन्द्रका कृषि प्राविधिकलाई संगणना विधि (Censes Method) का आधारमा नमुनामा छनोट गरिएको छ ।

## ३.४ अध्ययन क्षेत्रको परिचय (Introduction of the Study Area)

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र, धौलागिरी अञ्चल पर्वत जिल्ला त्रिवेणी गा.वि.स.को वडा नं. १ र २ अध्ययन क्षेत्र चयन गरिएको छ ।

### ३.५ तथ्यांक संकलनका साधनहरु (Tools of Data Collection)

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्न र यसलाई पूर्णता दिनको लागि विभिन्न साधनहरु जस्तै : प्रश्नावली, अभिवृत्ति स्केल, अर्न्तवार्ता अनुसूची, रुजुसूची तथा रेटिङ स्केलमध्ये निम्न साधनहरु प्रयोग गरिएको छ :

#### ३.५.१ प्रश्नावली (Questionnaire)

प्रस्तुत शोधपत्रमा अन्य साधनहरु भन्दा बढी सूचना दिने साधनको रुपमा प्रश्नावलीलाई लिइएको थियो । यस अनुसन्धान कार्यलाई पूर्णता दिनका लागि तथ्यांक संकलन गर्नुपर्ने हुन्छ । तथ्यांक संकलन गर्न प्रश्नावलीको माध्यमबाट आवश्यक जानकारी संकलन गरिएको छ । यस प्रश्नावली अन्तर्गत प्रयोग गरिने प्रश्नहरु खाद्यान्नको उत्पादनको अवस्था, खाद्यान्न उत्पादनबाट प्राप्त आम्दानी, खाद्यान्न उपभोगको अवस्था, खाद्यान्न उत्पादनको बचतसंग सम्वन्धित रहेको छ । प्रश्नावली आवश्यकता अनुसार संरचित र असंरचित दुवै प्रयोग गरिएको छ । मुख्य उत्तरदातालाई सोधिने प्रश्नहरु अनुसूचीमा १ मा राखिएको छ ।

#### ३.५.२ अवलोकन सूचि (Observation List)

अध्ययनको उद्देश्य पूरा गर्नका लागि अनुसन्धानकर्ता स्वयं नमूना छनोटमा परेको अध्ययन क्षेत्रमा गई स्थानीय किसानको पारिवारिक अवस्था, भूमिको वर्तमान अवस्था, खेती गर्ने तरिकाबारे अवलोकन सूचि निर्माण गरी अवलोकन गरिएको थियो । जुन अवलोकन सूचिलाई अनुसूचि ३ मा राखिएको छ ।

#### ३.५.३ छलफल निर्देशिका (Disscussion Guide)

अध्ययनको उद्देश्य पूरा गर्नका लागि अनुसन्धानकर्ता स्वयं नमूना छनोटमा परेको वडा नं १ र २ गई खाद्यान्न उत्पादन, उपभोग, खाद्यान्न बालीमा संलग्न घरपरिवारको पारिवारीक अवस्था, शैक्षिक अवस्था, खाद्यान्न बालीको वर्तमान अवस्था, खाद्यान्न बालीका समस्याहरु र यसका समाधानका उपायहरुको बारेमा छलफल निर्देशिका निर्माण गरिएको छ । यसैको छलफलको आधारमा आएका जानकारीहरुको आधारमा यस अध्ययनलाई पूर्णता दिने काम गरिएको छ । जसलाई अनुसूचि ४ मा राखिएको छ ।

## ३.६ तथ्याङ्क संकलनका प्रविधिहरु (Techniques of Data Collection)

यस शोधपत्र अध्ययनको प्रारम्भिक छनोट पश्चात यस अध्ययनलाई पूर्णता दिनको लागि यस शोधपत्रमा प्रयोग गरिएका प्रविधिहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ३.६.१ अर्न्तवार्ता (Interview)

अध्ययनमा आवश्यक प्राथमिक तथ्याङ्क संकलन गर्नका लागि प्रविधिको रुपमा प्रत्यक्ष व्यक्तिगत अर्न्तवार्ता (Direct Personal Interview) विधिलाई प्रयोग गरिएको छ । यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलन गर्न प्रश्नावली तयार पारि अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रमा गई त्यहाँका घरधुरी तथा अन्य उत्तरदातासँग आम्ने साम्ने रुपमा बसी संरचनात्मक तथा आवश्यकता अनुसार अर्धसंरचित अर्न्तवार्ता र प्रश्नोत्तरको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ ।

### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

अध्ययनकर्ता स्वयंको उपस्थितिमा यस अध्ययनसँग सम्बन्धित अवलोकन सूचीका आधारमा किसानहरुको घरपरिवारको पारिवारीक अवस्था र शैक्षिक अवस्थाको अवलोकन गरिएको थियो ।

### ३.६.३ लक्षित समूह छलफल (Focused Group Discussion)

यस अध्ययनलाई पुर्णता दिनका लागि आवश्यक तथ्याङ्क संकलनका गर्न मिति २०७३/४/१५ गतेका दिन अध्ययन क्षेत्रमा गई किसानहरु मिलाएर १० जनाको समूह गठन गरी एक जना सहयोगी साथीको साथमा खाद्यान्न बालीका उत्पादनको वर्तमान अवस्था, विद्यमान समस्या, तिनका समाधानका उपाय तथा सरोकारवालाहरुलाई सुझावका सम्बन्धमा करिब १ घण्टाजति अध्ययनकर्ताले लक्षित समूह छलफल निर्देशिकाका आधारमा लक्षित समूह छलफल संचालन गरिएको थियो । छलफल गर्दा खुला प्रश्नपत्र तयार गरिएको थियो । लक्षित समूह छलफल निर्देशिकालाई अनुसूचि ४ मा राखिएको छ ।

### ३.७ तथ्याङ्क विश्लेषण (Data Analysis Procedures)

तथ्याङ्क संकलन विधीबाट प्राप्त भएका सूचना तथा तथ्याङ्कहरुलाई पाठकसामु सरल र सहज ढंगबाट प्रस्तुत तथा विश्लेषण गर्नको लागि आवश्यकता अनुसार तालिकीकरण, रेखाचित्र, स्तम्भचित्र आदिबाट प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कको विश्लेषणात्मक तथा परिमाणात्मक विधीद्वारा अध्ययनको निष्कर्ष निकालिएको छ ।

### ३.८ नीतिगत प्रावधान (Ethical Consideration)

अनुसन्धानात्मक कार्यअन्र्तगत तथ्याङ्क संकलन र रिपोर्ट लेखन कार्यमा निश्चित मूल्यगत र नीतिगत पक्षहरुको ख्याल गर्नुपर्ने भएकोले यस अध्ययनमा सरोकारवाला व्यक्तिसँग अनुमति लिई उनीहरुलाई विश्वासमा लिई प्राप्त सूचनालाई गोपनियतामा राखि अध्ययन कार्यलाई अघि बढाइएको छ ।

# अध्याय चार (CHAPTER FOUR)

## ४. तथ्याङकको विश्लेषण र प्रस्तुतिकरण (ALALYSIS AND INTERPRETATION OF DATA)

### ४.१ पर्वत जिल्लाको परिचय (Introducation of Parbat District)

पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने धौलागिरी अञ्चलको प्रवेशद्धारको रुपमा रहेको पर्वत जिल्ला भौगोलिक विविधताले भरिएको रमणीय जिल्ला हो । विश्वमानचित्रमा पर्वत जिल्ला २८°००'१९ उत्तरी अक्षांसदेखी २८°२३'५९ उत्तरी अक्षांससम्म र ८३°३३'४० पूर्वी देशान्तर देखी ८३°४९'३० पूर्वी देशान्तर सम्म फैलिएको छ । यस जिल्लाको कुल क्षेत्रफल ५३६.८६ वर्ग कि.मी.रहेको छ । यस जिल्ला उचाईको हिसाबले समुन्द्री सतहदेखी ५२० मि.( सेतीवेणी) देखी ३३०० मि. उचाईमा रहेको भुकमा पर्ने (जलजलाको चुचुरो) सम्म पर्दछ । यस जिल्लाको सीमाना पूर्वमा  कास्की र स्याङ्गजा, पश्चिममा वागलुङ र म्याग्दी, उत्तरमा म्याग्दी र दक्षिणमा स्याङ्गजा र गुल्मी पर्दछ । राजनैतिक/प्रशासनिक विभाजनको आधारमा यस जिल्लामा दुई वटा निर्वाचन क्षेत्र, ११ वटा इलाका, गा.वि.स.४७ वटा, नगरपालिका १ वटा र वडा संख्या ४४१ वटा रहेको छ (जि.वि.स, २०७२) ।

अधिकांश मोडदार पहाडहरु रहेको यस जिल्लामा पत्रेचट्टान, कडाचट्टान र ढुङ्गाको समिश्रणबाट निर्मित पहाडहरुको बिचमा चट्टानका भिरहरु पर्दछन । जिल्लाको कुल क्षेत्रफल ५३६८६.२१ हे.रहेकोमा १९९९७ हे.अर्थात ३७.२५ वन क्षेत्रले ओगटेको छ । कुल खेतीयोग्य जमिन २८५९३ हे.अर्थात ५३.२६ मा खेतीयोग्य जमिन रहेको छ । खेतीयोग्य जमिन मध्ये २४१७१ हे.अर्थात ४५.०२ मा खेती गरिएको छ । बाह्रै महिना सिचिंत जमिन ६४२० हे.अर्थात ११.९६ छ भने मौसमी सिचाइ हुने जमिन २६५० हे.अर्थात ४.९४ रहेको छ । यस जिल्लामा बालीको रुपमा खाद्यान्न र नगदे बाली लगाइन्छ । खाद्यान्न बालीमा विशेष गरेर धान, मकै, गहुँ, कोदो, जौं र फापर लगाइन्छ (जि.वि.स, २०७२) ।

जनगणना, (२०६८) अनुसार यस जिल्लाको कुल जनसंख्या १,४६,५९० मध्ये पुरुष जनसंख्या ६५,३०१(४४.५५) र महिलाको जनसंख्या ८१,२८९(५५.४५) रहेको छ । त्यस्तै कुल घरधुरी संख्या ३५७१९, साथै औसत परिवार संख्या ४.१० रहेको छ । बसोबासका आधारमा ब्राह्मण, क्षेत्री, मगर, कामी, गुरुङ्ग, दमाई, सार्की, नेवार, घर्ती माझी, थकाली, राई, कुमाल, मुसलमान आदिको बसोबास रहेको छ । परम्परागत कृषि पेशा नै यहाँको प्रमुख पेशाको

रुपमा रहेको छ । यस जिल्लाको मूख्य बजारको रुपमा कुश्मा, फलेवास, हुवास, मर्दिखोला, सेतीवेणी, डिमुवा, ईमीचौर, पातीचौर आदि रहेका छन् (जि.वि.स, २०७२) ।

पर्वत जिल्ला प्राकृतिक सम्पदा र धार्मिक रुपले महत्त्वपूर्ण मानिन्छ । पर्यटकीय दृष्टिकोणले कुश्माको गुप्तेश्वर गुफा, ज्ञादीको अल्पेश्वर गुफा, सेतीवेणीको शालीग्राम शीला, होश्राङ्गदीको पैञ्यूकोट, लुंखुको महाशिला र चनौतेभिर, पाङको भूवनेश्वरी गुफा, बर्राचौरको शीतलपाटी, ठुलीपोखरीको बाटुली चौर, धुवाँकोटको ऐतिहासिक दरबार, मोदिबेनीको नृसिंह मन्दिर, भोर्लेको बौद्ध गुम्वाहरु आदि महत्त्वपूर्ण मानिन्छ । नेपालकै अग्लो झोलुङ्गे पुलको रुपमा चर्चित मोदिमाथिको पुलमा वञ्जीजम्पको व्यवस्था गर्न सकेमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरबाट पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ । शैक्षिक बिकासको सन्दर्भमा जम्मा ७०४ वटा शैक्षिक संस्थाहरु सञ्चालनमा रहेका छन् ( जि.वि.स, २०७२) ।

### ४.१.१ जातिगत आधारमा जनसंख्याको विवरण (Population Information According to Cast)

जनगणना २०६८ अनुसार पर्वत जिल्लाको कुल जनसंख्या १,४६,५९० रहेको छ । उक्त जनसंख्या मध्ये ६५,३०१(४५.५५) पुरुष र ८१,२८९(५५.४५) महिलाको संख्या रहेको छ । यस जिल्लामा विभिन्न जातजातीका मानिसहरुको बसोबास रहेको छ, जसमा ब्राह्मण, क्षेत्री, मगर, कामी, गुरुङ्ग, दमाई, सार्की, नेवार, माझी, थकाली, राई, कुमाल, मुसलमान आदि रहेका छन् । जसलाई तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका ४.१**

**पर्वत जिल्लाको जातिगत विवरण-२०७२**

| क्र.स. | जातिहरु | प्रतिशत |
|---|---|---|
| १ | ब्राह्मण | ३५.७३ |
| २ | क्षेत्री | १७.३० |
| ३ | मगर | १०.९६ |
| ४ | कामी | ९.२२ |
| ५ | गुरुङ्ग | ३.६९ |
| ६ | अन्य | २३.१ |
| जम्मा | | १०० |

स्रोतः जि.वि.स.पर्वत, २०७२

माथिको तालिका अनुसार पर्वत जिल्लाको जातिगत विवरणलाई हेर्दा ब्राह्मण जाति ३५.७३ प्रतिशत, क्षेत्रीको १७.३० प्रतिशत, मगरको १०.९६ प्रतिशत, कामीको ९.२२ प्रतिशत, गुरुङ्गको ३.३९ प्रतिशत र अन्यको २३.१ प्रतिशत रहेको छ । जसमा सवैभन्दा बढी ब्राह्मण जाति र सवैभन्दा कम गुरुङ्गको रहेको छ ।

### ४.१.२ धर्मको आधारमा जनसंख्या विवरण (Population Information According to Religion)

यस जिल्लामा विभिन्न धर्म मान्ने मानिसहरुको बसोबास रहेको छ । यहाँ हिन्दु, बौद्ध, क्रिष्चियन, इस्लाम र अन्य धर्म मान्ने जनसंख्या रहेका छन् । जसलाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.२**

**धर्मको आधारमा पर्वतको जनसंख्या विवरण-२०७२**

| क्र.स. | धर्म | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | १,३१,१६३ | ८९.४८ |
| २ | बौद्ध | १३,६६३ | ९.३२ |
| ३ | क्रिष्चियन | ६६६ | ०.४६ |
| ४ | इस्लाम | ६२४ | ०.४२ |
| ५ | अन्य | ४७४ | ०.३२ |
| जम्मा | | १,४६,५९० | १०० |

स्रोत:जि.वि.स, २०७२

माथिको तालिका अनुसार पर्वत जिल्लाको कुल जनसंख्या १,४६,५९० मध्ये हिन्दु धर्म मान्ने जनसंख्या १,३१,१६३ अर्थात ८९.४८ प्रतिशत त्यस्तै बौद्ध धर्म मान्ने जनसंख्या १३,६६३ अर्थात ९.३२ प्रतिशत, क्रिष्चियन धर्म मान्ने जनसंख्या ६६३ अर्थात ०.४६ प्रतिशत, इस्लाम धर्म मान्ने जनसंख्या ६२४ अर्थात ०.४२ प्रतिशत र अन्य धर्म मान्ने जनसंख्या ४७४ अर्थात ०.३२ प्रतिशत रहेको उल्लेख गरिएको छ ।

### ४.१.३ शैक्षिक विवरण (Educational Status)

शैक्षिक विवरणलाई नियाल्दा जिल्लाको ५ वर्ष र सो भन्दा माथिको कुल साक्षर जनसंख्या ९८,२५७ जना र साक्षरता प्रतिशत जम्मा ७३.८५ रहेको छ। जसमा पुरुष साक्षर जनसंख्या ४८,६३६ जना अर्थात ८३.८२ प्रतिशत र साक्षर महिला ४९,६२१ जना अर्थात ६६.३८ प्रतिशत  रहेको छ । जिल्लामा रहेको शैक्षिक संस्था विवरणलाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.३**

**पर्वत जिल्लाको शैक्षिक संस्थाको विवरण-२०७२**

| क.स. | शैक्षिक संस्था | सामूदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | उच्च मा.वि. | ३५ | १ | ३६ |
| २ | मा.वि. | ४३ | १२ | ५५ |
| ३ | नि.मा.वि | ३४ | ६ | ४० |
| ४ | प्रा.वि. | २०२ | २३ | २२५ |
| ५ | वालविकास केन्द्र | ३०५ | ४३ | ३४८ |
| जम्मा | | ६१९ | ८५ | ७०४ |

स्रोतः जि.वि.स.पर्वत २०७२

तालिका अनुसार पर्वत जिल्लाको शैक्षिक संस्थाको विवरणलाई हेदा सामूदायिक र संस्थागत उच्च मा.वि.को संख्या ३६, मा.वि.को संख्या ५५, नि.मा.वि. को संख्या ४०, प्रा.वि.को संख्या २२५ र बालीवकास केन्द्रको संख्या ३४८ गरी जम्मा सामूदायिक ६१९ र संस्थागत ८५ गरी जम्मा ७०४ वटा शैक्षिक संस्थाहरु रहेको पाईन्छ ।

### ४.१.४ विभिन्न पेशामा संलग्न जनसंख्याको विवरण (Occupational Details)

पर्वत जिल्लामा बसोबास गर्ने जनसंख्या मध्ये यहाँका मानिसहरु विभिन्न पेशामा संलग्न रहेको पाईन्छ । जस्तै कृषि, व्यापार, नोकरी, वैदेशिक रोजगारी तथा ज्यालादारीमा संलग्न व्यक्तिहरु जसलाई तलको तालिकावाट प्रष्ट पार्न सकिन्छ

**तालिका ४.४**

**पर्वत जिल्लामा विभिन्न पेशामा संलग्न जनसंख्याको विवरण - २०७२**

| क्र.स. | पेशा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | १५,५६६ | ५१ |
| २ | व्यापार | १,६९१ | ६ |
| ३ | नोकरी | ६,२४६ | २० |
| ४ | वैदेशिक रोजगारी | ३,७३७ | १२ |
| ५ | ज्यालादारी | ३,२९० | ११ |
| जम्मा | | ३०,५३० | १०० |

स्रोतः जि.वि.स.पर्वत २०७२

माथिको तालिका अनुसार पर्वत जिल्लामा कृषि पेशामा संलग्न जनसंख्या १५,५६६ जना अर्थात ५१ प्रतिशत, व्यापारमा १,६९१ जना अर्थात ६ प्रतिशत, नोकरीमा ६,२४६ जना अर्थात २० प्रतिशत, वैदेशिक रोजगारीमा ३,७३७ जना अर्थात १२ प्रतिशत र ज्यालादारीमा ३,२९० जना अर्थात ११ प्रतिशत जनसंख्या संलग्न रहेको पाईन्छ ।

## ४.२ त्रिवेणी गा.वि.स.को परिचय (Introducation of Tribeni V.D.C.)

पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत धौलागिरी अञ्चलको पर्वत जिल्ला देशको झण्डै बिच भागमा अवस्थित छ । यस जिल्लाका ५५ गा.वि.स. मध्ये दक्षिणी भागमा अवस्थित त्रिवेणी गा.वि.स. संसदीय निर्वाचन क्षेत्र नं. २ अन्तर्गत पर्दछ भने पर्वत जिल्लाको प्रशासनिक इलाका नं. १० मा रहेको ख वर्गको गा.वि.स. हो (गा.वि.स. वस्तुस्थिति विवरण, २०६७) ।

### ४.२.१ ऐतिहासिक विवरण (Historic Description)

त्रिवेणी गा.वि.स. को ऐतिहासिक पृष्ठभूमी हेर्दा उत्तरमध्यकालमा नेपालमा स-साना वाइसे, चौविसे राज्य अस्तित्वमा रहेका थिए । पन्ध्रौ शताब्दीको उत्तरार्धमा पश्चिम नेपालको कर्णाली क्षेत्रमा वाइसे र गण्डकी क्षेत्रमा चौविसे राज्य स्थापित थिए । गण्डकी क्षेत्रमा चौविसे राज्य स्थापना भएपछि यस क्षेत्रमा खान, ठकुरीका ८ वटा, सेनका ८ वटा, गुरुङ र मगरका ८ वटा राज्य गरी २४ वटा राज्य थिए । प्राचिन कालमा पैंयूँ राज्य लिच्छवी शासन अन्तर्गत पर्दथ्यो । वल्लेडगढी पाल्पामा विलय भएपछि पैंयूँ राज्य स्थापना भएको थियो ।

यस पैंयूँ राज्य अन्तर्गत हाल लुंखु देउराली, होश्राङदी, सरौंखोला, भोर्ले, हुवास, त्रिवेणी, वेउलीवास आदि गा.वि.स. सम्म विस्तार भएको थियो (गा.वि.स. वस्तुस्थिति विवरण, २०६७) ।

### ४.२.२ भौगोलिक अवस्थिती (Geographical Location)

पर्वत जिल्लाको दक्षिणी भागमा महाभारत पर्वत श्रेणी तथा खोँचमा अवस्थित त्रिवेणी गा.वि.स. को भौगोलिक अवस्थिति २८°००'४१" उत्तरी अक्षांशदेखि २८° ०२´२९" उत्तरी अक्षांश सम्म र ८३° ३८'१२" पूर्व देखि ८३° ४०'४९" पूर्वी देशान्तर सम्म फैलिएको छ । यो गा.वि.स. को उचाई समून्द्र सतह देखि ६६५ मि. उचाई देखि १८१९ मि. उचाईको तारेपहरा डाँडा सम्म पर्दछ । यसको पूर्वतर्फ हुवास गा.वि.स., पश्चिमतर्फ टकलाक गा.वि.स., उत्तरमा वेउलीवास र हुवास गा.वि.स. को साथै दक्षिणतर्फ स्याङजा जिल्लाका पिडिखोला र शिर्सिकोट गा.वि.स. पर्दछन् । प्राकृतिक सिमानाको रुपमा उत्तरतर्फ मर्दिखोला र सेतिखोलाले हुवास, वेउलीवाससँग सिमावद्ध गरेको छ भने दक्षिणतर्फ तारेपहरा डाँडा, देविस्थान डाँडाले स्याङजा जिल्लासँग सिमावद्ध गरेको छ । यस गा.वि.स.को क्षेत्रफल ९.७३ वर्ग कि.मि. रहेको छ (गा.वि.स. वस्तुस्थिति विवरण, २०६७) ।

### ४.२.३ नदिनाला (Drainge System)

त्रिवेणी गा.वि.स. नदिनालामा धनी गा.वि.स. हो । यस गा.वि.स. लाई पैयूँखोला अथवा सेती खोलाले २.८२ कि.मि. उत्तरबाट वहदै सिमानाको काम गरेको छ । यहाँका मूख्य खोलाहरुमा मर्दिखोला १.७४ कि.मि., वाम्दीखोला, भर्माखोला, वोकेखोला आदि छन् । यी सवै खोलाहरु सेतीखोलामा गई मिसिन्छन् भने मर्दिखोला पूर्ववाट सिमानामा बहदै सेतीखोलामा मिसिन्छ । वाम्दी, भर्मा र वोकेखोला यस गा.वि.स. को दक्षिणी भागको अग्ला डाँडाबाट उत्पति भई उत्तरतर्फ बहदै सेतीखोलामा गई मिसिन्छ । यस वाहेक अन्य स साना खोलाहरु यी मूख्य खोलाहरुसँग मिसिएर यहाँको प्रवाह प्रणाली विकसित भएको छ (गा.वि.स. वस्तुस्थिति विवरण, २०६७) ।

### ४.२.४ भू-उपयोग (Land Use)

भू-उपयोगको दृष्टिकोणले यस गा.वि.स. मा विविधता पाईन्छ । मर्दिखोला र सेतीखोलाको किनारी समथर जमिनमा वस्ती तथा खेती गरिएको छ । यहाँको त्रिवेणी बजार, अर्थुन बजार

शहरीकरण हुने क्रममा छन् । अन्य उचाई भएका स्थानमा कृषिकार्य, घाँसे भूमि साथै माथिल्लो स्थानका अधिकांश भाग मिश्रित जंगलले ढाकेको छ । यहाँको भू-उपयोगलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.५**

**त्रिवेणी गा.वि.स.को भू-उपयोगको स्थिति**

| भू-उपयोगको किसिम | क्षेत्रफल (हेक्टरमा) | प्रतिशत |
|---|---|---|
| वस्ती तथा खेतीयोग्य भूमि | ५१६.७५ | ५३.११ |
| वनजगंल क्षेत्र | ३८५.५२ | ३९.६३ |
| घाँसे भूमि | ३२.१४ | ३.३० |
| झाडी क्षेत्र | २८.४७ | २.९३ |
| वालुवा तथा गेगर क्षेत्र | १.४४ | ०.१५ |
| नदी तथा किनारी भाग | ८.५८ | ०.८८ |
| जम्मा | ९७२.९२ | १०० |

स्रोतः गा.वि.स.वस्तुस्थिति विवरण, (२०६७)

माथिको तालिका अनुसार त्रिवेणी गा.वि.स. भू-उपयोगको अवस्थालाई देखाइएको छ । वस्ती तथा खेतीयोग्य भूमि ५१६.७५ हेक्टर अर्थात ५३.११ प्रतिशत, वनजगंल क्षेत्र ३८५.५२ हेक्टर अर्थात ३९.६३ प्रतिशत, घाँसे भूमि ३२.१४ हेक्टर अर्थात ३.३० प्रतिशत, झाडी क्षेत्र २८.४७ हेक्टर अर्थात २.९३ प्रतिशत, वालुवा तथा गेगर क्षेत्र क्षेत्र १.४४ हेक्टर अर्थात ०.१५ प्रतिशत र नदी तथा किनारी भाग क्षेत्र ८.५८ हेक्टर अर्थात ०.८८ प्रतिशत रहेको छ ।

### ४.२.५ हावापानीको अवस्था (Situation of Climate)

यस गा.वि.स. विभिन्न डाँडाकाँडा, खोँच वेशी र नदी निर्मित मैदानी भागले वनेको छ । होचा खोँच वेशी र नदी निर्मित मैदानी भागमा अर्धोष्ण र अग्ला माथिल्ला स्थानमा समशितोष्ण प्रकारको हावापानी पाईन्छ । यहाँको अधिकतम तापक्रम गर्मीको समयमा ३६° सेल्सीयस सम्म पुग्दछ । जाडो याममा तापक्रम ४° सेल्सीयससम्म झर्दछ । यहाँ गर्मी लगभग चैत्र देखि भाद्र सम्म हुन्छ भने मंसिर देखी माघसम्म जाडो हुन्छ । लगभग ८०

प्रतिशत वर्षा आषाढ, श्रावण र भाद्र महिनामा हुन्छ । यस समयमा वर्षा हुने गर्दछ । यहाँको वार्षिक वर्षा ३२३० मि.मि. सम्म हुन्छ (गा.वि.स. वस्तुस्थिति विवरण, २०६७) ।

### ४.२.६ जनसाङ्ख्यिक विवरण (Demographic Description)

वि.सं. २०६८ सालको एघारौँ राष्ट्रिय जनगणना अनुसार त्रिवेणी गा.वि.स. को कुल जनसंख्या २०२२ रहेको छ । यस गा.वि.स. को कुल जनसंख्यामध्ये पुरुषको जनसंख्या ९०२ रहेको छ । अर्थात ४४.६१ र महिलाको जनसंख्या ११२० अर्थात ५६.३९ रहेको छ । यसरी नेपालको जनसंख्यामा पनि पुरुषको तुलनामा महिलाको जनसंख्या बढी रहेको पाईन्छ । यस गा.वि.स. को जनसंख्यालाई हेर्दा पुरुषको भन्दा महिलाको जनसंख्या २१८ ले बढी रहेको पाईन्छ । यस गा.वि.स. मा जम्मा घरधुरी संख्या ४५० रहेको छ । औषत परिवार संख्या ४.४९ रहेको पाईन्छ (जि.वि.स., २०७२) ।

## ४.३ अध्ययन क्षेत्रको जनसांख्यिकीय अवस्था (Demograpical Status of the Study Area)

यस अध्ययनमा उद्देश्य अनुरुप संकलित तथ्यांकहरुलाई तालिकिकरण, व्याख्या, विश्लेषण गरी अर्थपूर्ण तरिकाले विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा रहेका ९५ घरधुरीका ६०० जनसंख्यालाई उमेर, लिङ्ग, जातिगत विवरणका आधारमा निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

### ४.३.१ अध्ययन क्षेत्रको उमेरगत जनसंख्या (Agewise Population of the Study Area)

परिवारको आकारले मानिसहरुको सामाजिक, आर्थिक तथा शैक्षिक स्तरमा प्रत्यक्ष रुपमा प्रभाव पार्ने गर्दछ । परिवारको आकार ठुलो भएमा यसले विभिन्न समस्याहरु र अभावहरु सिर्जना गर्दछ । विभिन्न अध्ययनहरुले ठुलो परिवारको तुलनामा सानो परिवार सुखी र खुसी भएको विभिन्न तथ्यहरुले पुष्टि गरेको छ । यस अध्ययन क्षेत्र वडा नं १ र २ का सम्पूर्ण घरधुरीहरुको जनसंख्यालाई उमेर समुहको आधारमा तलको तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका ४.६**

**उमेर समूहको आधारमा जनसंख्याको संरचना**

| क.स. | उमेर समूह | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-५ | ४३ | ७.१६ |
| २ | ५-१५ | १४५ | २४.१७ |
| ३ | १५-६० | ३५१ | ५८.५ |
| ४ | ६० भन्दा माथि | ६१ | १०.१७ |
| जम्मा | | ६०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०७३

तालिका अनुसार ०-५ वर्ष उमेर समूहका ४३ जना रहेका छन् । त्यस्तै गरी ५-१५ उमेर समूहका १४५ जना रहेका छन् । १५-६० उमेर समूहका ३५१ जना रहेका छन् । जुन उमेर समूहलाई सक्रिय जनसंख्याको रुपमा लिई उनीहरुको आर्थिक क्रियाकलाप समेटिएको छ । ६० वर्ष उमेर समूह भन्दा माथिको उमेर समूहको जनसंख्या ६१ पाईयो । औषत परिवारको आकार भने ६.३ रहेको पाईन्छ ।

### ४.३.२ लिङ्ग अनुसार जनसंख्याको संरचना (Genderwise Population Structure)

यस अध्ययन क्षेत्रका नमुना छनोटमा परेका खाद्यान्न उत्पादनमा संलग्न कृषकहरुलाई लिङ्गका आधारमा अध्ययन क्षेत्रमा परेका घरधुरीमा महिलाको तुलनामा पुरुषको जनसंख्या धेरै रहेको पाईयो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७**

**लिङ्गको आधारमा अध्ययन क्षेत्रको जनसंख्या -२०७२**

| क.स. | लिङ्ग | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | २९० | ४८.३ |
| २ | पुरुष | ३१० | ५१.७ |
| जम्मा | | ६०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०७३

माथिको तालिकामा अध्ययन क्षेत्रको लिङ्गको आधारमा सम्पूर्ण घरधुरीको जनसंख्यालाई तालिकामा प्रस्तुत गरिएको छ । जसमा कुल जनसंख्या मध्ये महिला २९० अर्थात ४८.३ प्रतिशत र पुरुषको जनसंख्या ३१० जना अर्थात ५१.७ रहेको पाईन्छ । यस तथ्यांकको आधारमा अध्ययन क्षेत्रमा परेका घरधुरीमा महिलाको तुलनामा पुरुषको जनसंख्या धेरै रहेको पाईयो ।

### ४.३.३ नमुना घरधुरीको जातिगत संरचना (Ethnicity Structure of Sampled Household)

यस अध्ययन क्षेत्रमा मिश्रित जातजातीको बसोबास रहेको पाईन्छ । अध्ययन क्षेत्रका नमुना छनोटमा परेका खाद्यान्न उत्पादनमा संलग्न कृषकहरुको जातिगत विवरण लाई अध्ययन गर्दा यस क्षेत्रमा मगर जातिको बाहुल्यता रहेको पाईन्छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८**

**जातिगत आधारमा खाद्यान्न उत्पादनमा संलग्न घरधुरी-२०७२**

| क्र.स. | जातिगत विवरण | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | मगर | ५१ | ५३.७ |
| २ | ब्राह्मण | २५ | २६.३१ |
| ३ | सुनार | ८ | ८.४२ |
| ४ | दमाई | ६ | ६.३१ |
| ५ | सार्की | ५ | ५.२६ |
| जम्मा | | ९५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिकामा अध्ययन क्षेत्रको नमुना छनोटमा परेका खाद्यान्न बालीमा संलग्न घरधुरीको जातिगत विवरणलाई देखाइएको छ । यस अध्ययन क्षेत्रमा मिश्रित जातजातीको बसोबास रहेको पाईन्छ । यस अध्ययन क्षेत्र त्रिवेणी गा.वि.स. वाड नं. १ र २ मा बसोबास गर्ने जातिहरुमध्ये ५१ घरधुरी अर्थात ५३.७ प्रतिशत मगर, २५ घरधुरी अर्थात २६.३१ प्रतिशत ब्राह्मण, ८ घरधुरी अर्थात ८.४२ सुनार, ६ घरधुरी अर्थात ६.३१ प्रतिशत दमाई र ५

घरधुरी अर्थात ५.२६ प्रतिशत साकी जाति रहेको पाईन्छ । यस अध्ययन क्षेत्रमा मगर जातिको बाहुल्यता रहेको पाईन्छ ।

### ४.४ खाद्यान्न बालीको क्षेत्रफल र उत्पादन (Area and Production Cereal Crops)

अध्ययन क्षेत्रमा छनोट भएका कृषकहरुले खाद्य पदार्थको लागि उत्पादन गर्ने बालीहरुमा धान, मकै, गहुँ, कोदो प्रमुख रुपमा उत्पादन गर्ने गर्दछन् । धानबाली सिंचित भूमिमा लगाइन्छ भने मकै, गहुँ, कोदो जस्ता बाली मौसमी रुपमा लगाउने गरेको पाइन्छ । अध्ययन क्षेत्रमा खाद्यान्न बालीको खेतीमा संलग्न घरधुरीहरु, यसको क्षेत्रफल र उत्पादन परिमाणलाई अलग अलग शिर्षकबाट प्रष्ट पारिएको छ ।

#### ४.४.१ धान (Paddy)

धान नेपालको प्रमुख महत्त्वपूर्ण खाद्यान्न बाली हो । यो बाली विशेष गरेर तराई क्षेत्रमा उत्पादन हुन्छ । यस क्षेत्रका अतिरिक्त पहाडी क्षेत्रमा यसको उत्पादन हुने गर्दछ । यस अध्ययन क्षेत्रमा धान बाली दुई मौसममा लगाइन्छ । जसमा हिउदे र बर्षे धान लगाइन्छ । हिउदे र बर्षे धानका विभिन्न जातहरु रहेका छन् । हिउदे धानहरुका जातहरुमा खुमल-८, खुमल-४, मकवानपुर-१ लोकल जातहरुमा जरनेली र गुडुरा आदि लगाईएको पाईन्छ । बर्षे धानका जातहरुमा चैते-१ र चैते-२ रहेको पाईन्छ । धान बाली लगाउदा मलको रुपमा कम्पोष्ट/ गोवरमल, युरिया, डि.ए.पी., पोटास आदि प्रयोग गरेको पाईन्छ । धानबालीमा विभिन्न रोगीव्याधी र किराहरु लाग्ने गर्छन । यस्ता किरा तथा रोगव्याधी नियन्त्रण गर्नको लागि अध्ययन क्षेत्रमा रहेका किसानहरुले रोगर, हिनोसान, डाइथेन आदि जस्ता किटनाशक औषधीको प्रयोग गरेको पाईन्छ । अध्ययन क्षेत्रमा रहेका ९५ घरधुरीहरुमध्ये धान बालीमा संलग्न घरधुरी, धान बाली लगाएको क्षेत्रफल र उत्पादन परिमाणलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ४.९**

**धान बालीमा संलग्न घरधुरी संख्या, क्षेत्रफल तथा उत्पादन-२०७२**

| धान | घरधुरी संख्या | धान लगाएको क्षेत्रफल (रोपनीमा) | उत्पादन के.जी. मा |
|---|---|---|---|
| वर्षे | ८० | २१० | ८०,४२५ |
| हिउँदे | २० | ९० | ३५,१०० |
| जम्मा | ८० | ३०० | १,१५,५२५ |
| प्रतिरोपनी औषत धान उत्पादन : ३८५.०८ के.जी. | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका अनुसार अध्ययन क्षेत्रमा रहेका ९५ घरधुरी मध्ये ८० घरधुरीहरु धानबालीमा संलग्न रहेको पाईन्छ । वर्षे धान ८० घरधुरीले २१० क्षेत्रफल रोपनीमा ८०,४२५ के.जी. उत्पादन भएको छ । त्यस्तै हिउँदे धान जम्मा २० घरधुरीले ९० रोपनी क्षेत्रफलमा ३५,१०० के.जी. भएको पाईन्छ । वर्षे र हिउदे दुवै धान ३०० क्षेत्रफल रोपनीमा कुल १,१५,५२५ के.जी. उत्पादन भएको पाईन्छ ।

### ४.४.२ मकै (Maize)

खाद्यान्न बाली अन्तर्गत मकैलाई दोस्रो महत्त्वपूर्ण बालीको रुपमा लिईन्छ । अध्ययन क्षेत्र विशेष गरेर पहाडी क्षेत्र भएको हुदा र मकैको लागि सिञ्चित जग्गाको आवश्यकता नपर्ने हुदा अधिकाँश घरधुरीले मकै बाली लगाएको पाईन्छ । अध्ययन क्षेत्रमा मकै बालीका जातहरु मनकामना -१, मनकामना -२, मनकामना -३, अरुण १, २, मुराली आदि लगाएको पाईन्छ । मकै बाली बाली लगाउदा मलको रुपमा कम्पोष्ट/ गोवरमल, युरिया, डि.ए.पी., पोटास आदि प्रयोग गरेको पाईन्छ । मकैमा विभिन्न रोगव्याधीहरु जस्तै :मकैको बिरुवामा गँवारा लाग्ने, विभिन्न किराहरुले मकैको बिरुवा काट्ने आदि जस्ता समस्याहरु मकै बालीमा लागेको पाईयो । यस्ता समस्याहरु समाधान गर्नको लागि विभिन्न किट्नाशक औषधीहरु प्रयोग गरेको पाईयो । जसमा फ्युराडान, सेलफस आदि रहेको पाईन्छ । अध्ययन क्षेत्रमा रहेका ९५ घरधुरी मध्ये मकै बालीमा संलग्न घरधुरी संख्या, लगाएको क्षेत्रफल र उत्पादन परिमाणलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.१०**

**मकै बालीमा संलग्न घरधुरी संख्या, क्षेत्रफल तथा उत्पादन-२०७२**

| बाली | घरधुरी | बाली लगाएको (क्षे.रो.) | उत्पादन (के.जी) |
|---|---|---|---|
| मकै | ९० | २७५ | १,०५,५२५ |
| प्रतिरोपनी औसत उत्पादन : ३८३.७२ | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका अनुसार अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका ९५ घरधुरी मध्ये ९० घरधुरीले २७५ रोपनी क्षेत्रफलमा मकै बाली लगाउदा १,०५,५२५ के.जी. उत्पादन भएको पाईन्छ । अध्ययन क्षेत्रमा प्रतिरोपनी मकैको औसत उत्पादन ३८३.७२ रहेको पाईन्छ ।

### ४.४.३ गहुँ (Wheat)

गहुँ नेपालको तेस्रो खाद्यान्न बाली अन्तर्गत पर्दछ । नेपालको पहाड तथा तराइका क्षेत्रहरुमा यसको खेती गरिन्छ । त्यसैगरि पर्वत जिल्लाको त्रिवेणी गा.वि.स. वाड नं. १ र २ मा पनि गहुँको उत्पादन हुने गर्दछ । अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षण अनुसार गहुं बालीको जातहरुमा धौलागिरी, गौतम, भिकुटी र लोकल आदि जातका बिउहरु लगाएको पाईन्छ । यो बाली लगाउदा मलको रुपमा कम्पोष्ट/ गोवरमल, युरिया, डि.ए.पी., पोटास आदि प्रयोग गरेको पाईन्छ । गहुँ बाली लगाउदा विभिन्न किसिमका रोगहरु तथा किराहरु लाग्ने गर्दछ । यसको नियन्त्रणको लागि अध्ययन क्षेत्रका किसानहरुले भाइटमिक्स र बोर्मिहन किटनाशक औषधी प्रयोग गरेको पाईन्छ । अध्ययन क्षेत्रमा रहेका गहुं बालीमा संलग्न घरधुरी संख्या, गहुँ बाली लगाएको क्षेत्रफल र उत्पादन परिमाणलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.११**

**गहुँ बालीमा संलग्न घरधुरी, क्षेत्रफल र उत्पादन के.जी. मा–२०७२**

| बाली | घरधुरी | बाली लगाएको (क्षे.रो.) | उत्पादन (के.जी) |
|---|---|---|---|
| गहुँ | २५ | ९४ | १५,७५२ |
| प्रतिरोपनी औसत उत्पादन : १६७.५७ | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका अनुसार अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका ९५ घरधुरी मध्ये २५ घरधुरीले ९४ रोपनी क्षेत्रफलमा गहुँ बाली लगाउदा १५,७५२ के.जी. उत्पादन भएको पाईन्छ । अध्ययन क्षेत्रमा प्रतिरोपनी गहुँको औसत उत्पादन १६७.५७ रहेको पाईन्छ ।

### ४.४.४ कोदो (Millet)

उत्पादन तथा खाद्यान्नको हिसावले कोदोलाई नेपाल सरकारले चौथो स्थानमा वर्गीकरण गरेको छ तर अध्ययन क्षेत्रमा कोदो बाली तेस्रो स्थानमा देखिएको छ । यो बालीमा अन्य खाद्यान्न बालीको तुलनामा उत्पादन लागत बढी लाग्ने हुदा थोरै घरधुरीले मात्र कोदो लगाउने गर्दछन् । अध्ययन क्षेत्रमा लगाउने कोदोको जातहरुमा डल्ले, ओखले झार्पु लगाएको पाईन्छ । कोदो बाली लगाउदा मलको रुपमा कम्पोष्ट/गोवरमल, युरिया, डि.ए.पी., पोटास आदि प्रयोग गरेको पाईन्छ । कोदो बालीमा सामान्यता रोग लागेको अवस्था भेटिदैन । अध्ययन क्षेत्रमा रहेका कोदो बालीमा संलग्न घरधुरी, क्षेत्रफल र उत्पादन परिमाणलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.१२**

**कोदो बालीमा संलग्न घरधुरी, क्षेत्रफल र उत्पादन के.जी. मा–२०७२**

| बाली | घरधुरी | बाली लगाएको (क्षे.रो.) | उत्पादन (के.जी) |
|---|---|---|---|
| कोदो | ४० | १४० | २१५३० |
| प्रतिरोपनी औसत उत्पादन : २२९.०४ | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका अनुसार अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका ९५ घरधुरी मध्ये ४० घरधुरीले १४० रोपनी क्षेत्रफलमा कादो बाली लगाउदा २१,५३० के.जी. उत्पादन भएको पाईन्छ । अध्ययन क्षेत्रमा प्रतिरोपनी गहुँको औसत उत्पादन २२९.०४ रहेको पाईन्छ ।

समग्रमा नमुना छनोटमा परेका घरपरिवारले उत्पादन गरेको खाद्यान्न बालीमा संलग्न घरधुरी, खाद्यान्न बाली लगाएको क्षेत्रफल र उत्पादन परिमाणलाई निम्न तालिकामा देखाईएको छ ।

### तालिका ४.१३

### खाद्यान्न बालीमा संलग्न घरधुरी, क्षेत्रफल तथा उत्पादन के.जी. मा -२०७२


| बाली | घरधुरी | बाली लगाएको (क्षे.रो.) | उत्पादन (के.जी) | प्रतिशत |
|---|---|---|---|---|
| धान | ८० | ३०० | १,१५,५२५ | ४४.७२ |
| मकै | ९० | २७५ | १,०५,५२५ | ४०.८४ |
| गहुँ | २५ | ९४ | १५,७५२ | ६.१ |
| कोदो | ४० | १४० | २१,५३० | ८.३४ |
| जम्मा | | ८०९ | २,५८,३३२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा जम्मा ९५ घरधुरीमध्ये ८० घरधुरीहरुले मात्र ३०० रोपनीमा धानबाली लगाएको र जहाँबाट वार्षिक १,१५,५२५ के.जी. उत्पादन भएको देखाइएको छ । अध्ययन क्षेत्र पहाडी क्षेत्र भएकोले सवैभन्दा बढी घरधुरीले अर्थात ९० घरधुरीले मकै खेती गरेको पाइयो । जसबाट वार्षिक १,०५,५२५ के.जी.पाइन्छ । यस्तै २५ घरधुरीले ९४ रोपनीमा गहुँ खेती गर्दा १५,७५२ के.जी. उत्पादन भएको देखिन्छ र ४० घरधुरीले १४० रोपनीमा कोदो खेती गर्दा २१,५३० के.जी. उत्पादन भएको देखिन्छ । खाद्यान्न उत्पादनतर्फ वार्षिक जम्मा २,५८,३३२ के.जी. उत्पादन भएको देखिन्छ । जसलाई तलको स्तम्भचित्रमा देखाईएको छ ।

**स्तम्भचित्र ४.१**

**खाद्यान्न बालीको उत्पादन–२०७२**




स्रोतः तालिका नं. ४.१३

माथिको स्तम्भचित्र १ मा अध्ययन क्षेत्रमा उत्पादन भएको वार्षिक खाद्यान्न परिमाणलाई तालिकाको आधारमा देखाइएको छ । सवैभन्दा बढी उत्पादन धानबाट ४४.७२ प्रतिशत र सवैभन्दा कम उत्पादन कोदोबाट ६.१ प्रतिशत उत्पादन भएको देखियो ।

### ४.४.५ खाद्यान्न बालीको मूल्य (Price of Cereal Crops)

अध्ययन क्षेत्रमा छनोट भएका घरपरिवारहरुले विभिन्न खाद्यान्न उत्पादन गरेता पनि प्रमुख रुपमा धान, मकै, कोदो र गहुँ उत्पादन गर्ने गर्दछन् । नमुना छनोटमा परेका घरपरिवारले उत्पादन गरेको खाद्यान्न बालीको प्रचलित बजार मूल्यको विवरणलाई निम्न तालिकामा देखाईएको छ ।

**तालिका ४.१४**

**खाद्यान्न बालीको मूल्य -२०७२**

| बाली | धान | मकै | गहुँ | कोदो |
|---|---|---|---|---|
| मूल्य (रु के.जी.) | १९ | १७ | १७ | १५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार खाद्यान्न बालीको मूल्यलाई देखाइएको छ । अध्ययन क्षेत्रमा उत्पादन भएको खाद्यान्नको मूल्य अन्तर्गत धानको मूल्य प्रतिकेजी रु.१९ रहेको छ । त्यस्तै मकैको मूल्य प्रतिकेजी रु.१७, गहुँको प्रतिकेजी रु.१७ र कोदोको मूल्य रु.१५ रहेको छ ।

### ४.५ खाद्यान्न उपभोगको अवस्था (Situation of Cereal Consumption)

यस अध्ययनको क्रममा नमुना छनोटमा परेका घरधुरीहरुले आफ्नो जीवनयापन गर्नको लागि खाद्यान्न उपभोग गर्नुपर्ने हुन्छ । अध्ययन क्षेत्रमा रहेका जनसंख्याले वर्षभरिमा गरेको खाद्यान्न उत्पादनको परिमाणलाई उनीहरुलाई सोधिएको प्रश्नावलीको माध्यमबाट प्राप्त भएको जानकारीको आधारमा के कति खाद्यान्नको मात्रा उपभोग गर्दछन् भन्ने कुरालाई तल व्याख्या गरिएको छ ।

### ४.५.१ धानको उपभोग (Consumption of Paddy)

अध्ययन क्षेत्रमा खाद्यान्न उपभोग अन्तर्गत सवैभन्दा बढी धानको उपभोग गरिएको छ । धान उपभोगको अवस्थालाई स्वयं उत्पादनबाट गरेको उपभोग र खरिदबाट गरेको उपभोगको परिमाणको आधारमा विश्लेषण गरिएको छ । जसलाई तलको तालिकाबाट देखाईएको छ ।

**तालिका ४.१५**

**धान उपभोगको अवस्था– २०७२**

| बाली | स्वयं उत्पादनबाट उपभोग (के.जी.) | प्रतिशत | खरिदबाट उपभोग (के.जी.) | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| धान | १,१५,५२५ | ६४ | ६४,९७५ | ३६ | १,८०,५०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका ९५ घरधुरीले वार्षिक रुपमा उपभोग गर्ने धानको परिमाणलाई देखाइएको छ । धान उपभोगको अवस्थालाई हेर्दा स्वयं उत्पादनबाट उपभोग परिमाण १,१५,५२५ के.जी. अर्थात ६४ प्रतिशत र खरिदबाट गरिएको धानको उपभोग ६४,९७२ के.जी. अर्थात ३६ प्रतिशत रहेको छ ।

### ४.५.२ मकैको उपभोग (Consumption of Maize)

मकै पनि महत्त्वपूर्ण खाद्यान्न बाली हो । अध्ययन क्षेत्रमा खाद्यान्न उपभोग अन्तर्गत दोस्रो स्थानमा मकै रहेको छ । अध्ययन क्षेत्रमा मकै उपभोगको अवस्थालाई स्वयं उत्पादनबाट गरेको उपभोग र खरिदबाट गरेको उपभोगको परिमाणको आधारमा विश्लेषण गरिएको छ । जसलाई तलको तालिकाबाट देखाईएको छ ।

**तालिका ४.१६**

**मकै उपभोगको अवस्था– २०७२**

| बाली | स्वयं उत्पादनबाट उपभोग (के.जी.) | प्रतिशत | खरिदबाट उपभोग (के.जी.) | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| मकै | १,०५५२५ | ९२.५६ | ८,४७५ | ७.४४ | १,१४,००० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका ९५ घरधुरीले वार्षिक रुपमा उपभोग गर्ने धानको परिमाणलाई देखाइएको छ । धान उपभोगको अवस्थालाई हेर्दा स्वयं उत्पादनबाट उपभोग परिमाण १,०५,५२५ के.जी. अर्थात ९२.५६ प्रतिशत र खरिदबाट गरिएको मकैको उपभोग ८,४७५ के.जी. अर्थात ७.४४ प्रतिशत रहेको छ र अध्ययन क्षेत्रको कुल उपभोग १,१४,००० रहेको छ ।

### ४.५.३ गहुँको उपभोग (Consumption of Wheat)

खाद्यान्न बाली अन्तर्गत गहुँ महत्त्वपूर्ण बाली हो । अध्ययन क्षेत्रमा गहुँको उपभोग अन्य खाद्यान्न उपभोगको तुलनामा सबैभन्दा कम गरेको पाईन्छ । अध्ययन क्षेत्रमा गहुँ उपभोगको अवस्थालाई स्वयं उत्पादनबाट गरेको उपभोग र खरिदबाट गरेको उपभोगको परिमाणको आधारमा विश्लेषण गरिएको छ । जसलाई तलको तालिकाबाट देखाईएको छ ।

**तालिका ४.१७**

**गहुँ उपभोगको अवस्था– २०७२**

| बाली | स्वयं उत्पादनबाट उपभोग (के.जी.) | प्रतिशत | खरिदबाट उपभोग (के.जी.) | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| गहुँ | १५,७५२ | ९७.५४ | ३९८ | २.४६ | १६,५०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका ९५ घरधुरीले वार्षिक रुपमा उपभोग गर्ने गहुँको परिमाणलाई देखाइएको छ । धान उपभोगको अवस्थालाई हेर्दा स्वयं उत्पादनबाट उपभोग परिमाण १५,७५२ के.जी. अर्थात ९७.५४ प्रतिशत र खरिदबाट गरिएको गहुँको उपभोग ३९८ के.जी. अर्थात २.४६ प्रतिशत रहेको छ र अध्ययन क्षेत्रको कुल उपभोग १६,५०० रहेको छ ।

### ४.५.३ कोदोको उपभोग (Consumption of Millet)

खाद्यान्न बाली अन्तर्गत कोदो महत्त्वपूर्ण बाली हो । अध्ययन क्षेत्रमा कोदोको उपभोग कम गरेको पाईन्छ । किनभने यस अध्ययन क्षेत्रका घरपरिवारले यसबाट बन्ने परिकारलाई सामाजिक प्रतिष्ठाको रुपमा मान्यता नदिईनु रहेको छ । अध्ययन क्षेत्रमा गहुँ उपभोगको अवस्थालाई स्वयं उत्पादनबाट गरेको उपभोग र खरिदबाट गरेको उपभोगको परिमाणको आधारमा विश्लेषण गरिएको छ । जसलाई तलको तालिकाबाट देखाईएको छ ।

**तालिका ४.१८**

**कोदो उपभोगको अवस्था– २०७२**

| बाली | स्वयं उत्पादनबाट उपभोग (के.जी.) | प्रतिशत | खरिदबाट उपभोग (के.जी.) | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कोदो | २१,५३० | ९०.६४ | २,२२० | ९.३६ | २३७५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका ९५ घरधुरीले वार्षिक रुपमा उपभोग गर्ने कोदोको परिमाणलाई देखाइएको छ। कोदो उपभोगको अवस्थालाई हेर्दा स्वयं उत्पादनबाट उपभोग परिमाण २१,५३० के.जी. अर्थात ९०.५४ प्रतिशत र खरिदबाट गरिएको गहुँको उपभोग २,२२० के.जी. अर्थात ९.३६ प्रतिशत रहेको छ र अध्ययन क्षेत्रको कुल उपभोग २३,७५० रहेको छ।

### ४.५.४ खाद्यान्न पूर्तिको अवस्था (Annual Supply of Cereal Production)

अध्ययन क्षेत्रका घरपरिवारहरुले आफुले गरेको खाद्यान्न उत्पादनले कति महिना खान पुग्दछ भन्ने तथ्य पत्ता लगाउनको लागि खुल्ला प्रश्नावलीका माध्यमबाट तथ्यांक संकलन गरिएको थियो । यस अध्ययन क्षेत्रका किसानहरुले खाद्यान्न उत्पादनमा संलग्न भए पनि उक्त अध्ययन क्षेत्र खाद्यान्नमा आत्मनिर्भर हुन सकेको देखिदैन। अपुग भएको खाद्यान्नको लागि अन्य क्षेत्रबाट प्राप्त आम्दानीबाट खरिद गरेको पाइन्छ। खाद्यान्न पूर्ति हुने समय, घरधुरी र प्रतिशतलाई तलको तालिकामा देखाइएको छ।

**तालिका ४.१९**

**खाद्यान्न पूर्तिको विवरण-२०७२**

| क.स. | खाद्यान्न पूर्ति समय (महिनामा) | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-३ | २४ | २५.२६ |
| २ | ३-६ | १६ | १६.८४ |
| ३ | ६-९ | १५ | १५.८० |
| ४ | ९-१२ | ३६ | ३७.८९ |
| ५ | खान पुगी बेचबिखन गर्ने | ४ | ४.२१ |
| | जम्मा | ९५ | १०० |


स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका अनुसार, अध्ययन क्षेत्रका ९५ घरधुरीमा गरिएको सर्वेक्षणमा २४ घरधुरी अर्थात २५.२६ प्रतिशतलाई आफुले उत्पादन गरेको खाद्यान्नबाट जम्मा ०-३ महिना खान पुगेको भेटियो। त्यस्तै १६ घरधुरी अर्थात १६.८४ प्रतिशतलाई आफुले उत्पादन गरेको खाद्यान्नबाट जम्मा ३-६ महिना खान पुगेको पाइयो । त्यस्तै १५ घरधुरी अर्थात १५.८० प्रतिशतलाई

आफुले उत्पादन गरेको खाद्यान्नबाट जम्मा ६-९ महिना खान पुगेको पाइन्छ । त्यस्तै ३६ घरधुरी अर्थात ३७.८९ प्रतिशतलाई आफुले उत्पादन गरेको खाद्यान्नबाट जम्मा ९-१२ महिना खान पुगेको भेटियो र ४ घरधुरी अर्थात ४.२१ प्रतिशतले मात्र आफ्नो खाद्यान्न उत्पादनबाट खान पुगी बेचबिखन गरेको पाइन्छ । जसलाई तलको स्तम्भचित्रबाट देखाईएको छ ।

**स्तम्भचित्र ४.२**

**खाद्यान्न पूर्तिको विवरण-२०७२**




खाद्यान्न उपभोग गर्न पुग्ने समय

स्रोत: तालिका ४.१९

माथिको स्तम्भचित्र तालिकाको आधारमा खाद्यान्न उपभोग गर्न पुग्ने समयलाई देखाइएको छ । उत्पादन गरेको खाद्यान्नबाट जम्मा ०-३ महिना खान पुग्ने २५.२६ प्रतिशत, ३-६ महिना खान पुग्ने १६.८४ प्रतिशत, आफुले उत्पादन गरेको खाद्यान्नबाट जम्मा ६-९ महिना खान पुग्ने १५.८० प्रतिशत, आफुले उत्पादन गरेको खाद्यान्नबाट जम्मा ९-१२ महिना खान पुग्ने ३७.८९ र ४.२१ प्रतिशतले मात्र आफ्नो खाद्यान्न उत्पादनबाट खान पुगी बेचबिखन गरेको कुरा स्तम्भचित्रमा देखाईएको छ ।

## ४.६ खाद्यान्न उत्पादनको गुण (Quality of Cereal)

अध्ययन क्षेत्रमा खाद्यान्न बाली अन्तर्गत विभिन्न जातका बालीहरु लगाएको पाईन्छ । अध्ययनका क्रममा खाद्यान्न बालीको गुणको विश्लेषण गर्दा अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका खाद्यान्न बालीमा संलग्न घरघुरीलाई कुन खाद्यान्न बाली राम्रो हुन्छ ? भनी सोधिएको प्रश्नमा आएको प्रतिक्रियाको आधारमा गुणको विश्लेषण गरिएको छ । खाद्यान्न बालीको गुणस्तरलाई निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

### १. धानको गुणस्तर (Quality of Paddy)

अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका घरधुरीहरुले धानको विभिन्न जातहरु प्रयोग गरिएको पाईन्छ । धानका विभिन्न जातहरुमध्ये कुन जातको धान राम्रो हुन्छ भनी उत्तरदाताहरुको प्रतिक्रिया बुझ्दा आएको प्रतिक्रियालाई तलको तालिकाद्धारा देखाइएको छ ।

**तालिका ४.२०**

**धानबालीको गुणस्तरको तह- २०७३**

| क.सं | धानको जात | प्रतिक्रिया प्रतिशत |
|---|---|---|
| १. | जर्नेली | ६२.५ |
| २. | मकवानपुर १ | १२.५ |
| ३. | खुमल ८ | १५ |
| ४. | अन्य | १० |
| जम्मा | | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा ९५ घरधुरीमध्ये ८० घरधुरी धानबालीमा संलग्न रहेको पाइन्छ । यी घरधुरीमध्ये धानबालीको विभिन्न जातहरु मध्ये कुन जात राम्रो हो भनी गरिएको प्रश्नको प्रतिक्रियामा आएको प्रतिक्रिया मध्ये सवैभन्दा बढी जर्नेलीमा ६२.५ प्रतिशत, मकवानपुर १ मा १२.५ प्रतिशत, खुमल ८ मा १५ प्रतिशत र अन्यमा १० प्रतिशत राम्रो हो भन्ने प्रतिक्रिया आएको छ । उत्तरदाताको भनाई अनुसार जर्नेली धानको जातको गुणस्तर राम्रो रहेको पाईन्छ ।

**२. मकैको गुणस्तर (Qualityof Maize)**

अध्ययन क्षेत्रमा विशेष गरेर ९० घरधुरी मकैबालीमा संलग्न रहेको पाइन्छ । अध्ययन क्षेत्रमा मकैको मनकामना १ र अरुण २ जातको प्रयोग गरिएको पाईन्छ । मकैको विभिन्न जातहरुमध्ये कुन जातको मकै राम्रो हुन्छ भनी उत्तरदाताहरुको प्रतिक्रिया बुझ्दा आएको प्रतिक्रिया प्रतिशतलाई तलको तालिकाद्धारा देखाइएको छ ।

**तालिका ४.२१**

**मकैको बालीको गुणस्तरको तह - २०७३**

| क्र.सं | मकैको जात | प्रतिक्रिया प्रतिशत |
|---|---|---|
| १. | मनकामना १ | ७७.७८ |
| २. | अरुण २ | २२.२२ |
| जम्मा | | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा ९५ घरधुरीमध्ये ९० घरधुरी मकैबालीमा संलग्न रहेको पाइन्छ । यी घरधुरीमध्ये मकै बालीको विभिन्न जातहरु मध्ये कुन जात राम्रो हो भनी गरिएको प्रश्नको प्रतिक्रियामा आएको प्रतिक्रिया मध्ये सवैभन्दा बढी मनकामना १ मा ७७.७८ प्रतिशत र अरुण २ मा २२.२२ प्रतिशत राम्रो हो भन्ने प्रतिक्रिया आएको छ । अध्ययन क्षेत्रमा उत्तरदाताको भनाई अनुसार मनकामना १ जातको मकैको गुणस्तर राम्रो रहेको पाईन्छ ।

**३. गहुँको गुणस्तर (Quality of wheat)**

अध्ययन क्षेत्रमा २५ घरधुरीले मात्र गहुँबाली लगाएको पाइन्छ । गहुँबाली लगाउँदा त्यस अध्ययन क्षेत्रमा धौलागिरी र गौतम जातको गहुँ लगाइन्छ । गहुँको यी जातहरुमध्ये कुन जातको गहुँ राम्रो हुन्छ भनी उत्तरदाताहरुको प्रतिक्रिया बुझ्दा आएको प्रतिक्रिया प्रतिशतलाई तलको तालिकाद्धारा देखाइएको छ ।

### तालिका ४.२२

### गहुँको बालीको गुणस्तरको तह - २०७३

| क.सं | गहुँको जात | प्रतिक्रिया प्रतिशत |
|---|---|---|
| १. | धौलागिरी | ८० |
| २. | गौतम | २० |
| जम्मा | | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा ९५ घरधुरीमध्ये २५ घरधुरी गहुँबालीमा संलग्न रहेको पाइन्छ । यी घरधुरीमध्ये गहुँ बालीको विभिन्न जातहरु मध्ये कुन जात राम्रो हो भनी गरिएको प्रश्नको प्रतिक्रियामा आएको प्रतिक्रिया मध्ये सवैभन्दा बढी धौलागिरी मा ८० प्रतिशत र गौतममा २० प्रतिशत राम्रो हो भन्ने प्रतिक्रिया आएको छ । अध्ययन क्षेत्रमा उत्तरदाताको भनाई अनुसार धौलागिरी जातको गहुँको गुणस्तर राम्रो रहेको पाईन्छ ।

### ४. कोदोको गुणस्तर (Quality of Millet)

अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका ४० घरधुरीले मात्र कोदोको उत्पादन गर्दछन् । कोदोबाली लगाउँदा उनीहरुले डल्ले र ओखले जातको लगाउँदछन । यी जातहरुमध्ये कुन जातको कोदो राम्रो हुन्छ भनी उत्तरदाताहरुको प्रतिक्रिया बुझ्दा आएको प्रतिक्रिया प्रतिशतलाई तलको तालिकाद्धारा देखाइएको छ ।

### तालिका ४.२३

### कोदोको बालीको गुणस्तरको तह - २०७३

| क.सं | कोदोको जात | प्रतिक्रिया प्रतिशत |
|---|---|---|
| १. | डल्ले | ७५ |
| २. | ओखले | २५ |
| जम्मा | | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा ९५ घरधुरीमध्ये ४० घरधुरी कोदोबालीमा संलग्न रहेको पाइन्छ । यी घरधुरीमध्ये कोदो बालीको विभिन्न जातहरु मध्ये कुन जात राम्रो हो

भनी गरिएको प्रश्नको प्रतिक्रियामा आएको प्रतिक्रिया मध्ये सवैभन्दा बढी डल्लेमा ७५ प्रतिशत र ओखलेमा २५ प्रतिशत राम्रो हो भन्ने प्रतिक्रिया आएको छ । अध्ययन क्षेत्रमा उत्तरदाताको भनाई अनुसार ओखले जातको कादोको गुणस्तर राम्रो रहेको पाईन्छ ।

### ४.७ खाद्यान्नको माग (Demand of Cereal)

अध्ययन क्षेत्रका घरधुरीहरुले वार्षिक रुपमा माग गरेको खाद्यान्नको परिमाण र वार्षिक रुपमा उत्पादन गरेको खाद्यान्नको परिमाणबाट उनीहरुको वास्तविक अवस्था पत्ता लगाइएको छ । अध्ययन क्षेत्रमा खाद्यान्न प्रतिको आत्मनिर्भरतालाई देखाइएको छ । विशेष गरेर अध्ययन क्षेत्रका घरधुरीहरुलाई सोधिएको प्रश्नावलीका माध्यमबाट प्राप्त भएको जानकारीको आधारमा के कति खाद्यान्नको मात्रा उपभोग गर्दछन् र खाद्यान्नको अवस्था कस्तो छ ?भन्ने कुरालाई स्पष्ट पारिएको छ । नमुना छनोटमा परेका घरधुरीहरुले उपभोग गर्ने खाद्यान्नको परिमाण र उत्पादन गरेको खाद्यान्नको परिमाणलाई तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका ४.२४**

**खाद्यान्न माग र खाद्यान्न उत्पादनको अवस्था-२०७२**

| बाली | मागको अवस्था (के.जी.) | उत्पादन (के.जी) | अपुग खाद्यान्न (के.जी.) |
|---|---|---|---|
| धान | १८०५०० | ११५५२५ | ६४,९७५ |
| मकै | ११४००० | १०५५२५ | ८,४७५ |
| गहुँ | १६१५० | १५७५२ | ३९८ |
| कोदो | २३७५० | २१५३० | २,२२० |
| जम्मा | ३३४४०० | २५८३३२ | ७६,०६८ |
| प्रतिघरधुरी औसत | ३,५२० | २७१९.२८ | ८००.७१ |
| प्रतिव्यक्ति औसत | ५५७.३३ | ४३०.५५ | १२६.७८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका ९५ घरधुरीहरुले वार्षिक रुपमा माग गरेको कुल खाद्यान्नको परिमाण र उत्पादनको परिमाणलाई देखाइएको छ । अध्ययन क्षेत्रमा वार्षिक रुपमा कुल धानको माग १,८०,५०० के.जी. रहेको छ भने धानको उत्पादन परिमाण १,१५,५२५ के.जी. उत्पादन भएको छ साथै अध्ययन क्षेत्रमा धानको ६४,९७५ के.जी.

परिमाण अपुग रहेको देखिन्छ । त्यस्तै मकैको माग १,१४,००० के.जी., उत्पादन १०५५२५ रहेको छ भने अध्ययन क्षेत्रमा मकैको ८,४७५ के.जी. परिमाण अपुग रहेको देखिन्छ । त्यस्तै गहुँको माग १६,१५० के.जी., उत्पादन १५,७५२ के.जी. भएको छ भने अध्ययन क्षेत्रमा गहुँको ३९८ के.जी. परिमाण अपुग रहेको देखिन्छ र कोदोको माग २३,७५० के.जी., उत्पादन २१,५३० के.जी. भएको छ भने अध्ययन क्षेत्रमा कोदोको २२२० के.जी. परिमाण अपुग रहेको देखिन्छ । अध्ययन क्षेत्रको कुल खाद्यान्न माग ३,३४,४०० के.जी., कुल खाद्यान्न उत्पादन २,५८,३३२ के.जी. रहेको छ भने अपुग खाद्यान्नको परिमाण ७६,०६८ के.जी. रहेको देखिन्छ ।

## ४.८ अपुग खाद्यान्नको व्यवस्थापन (Management of Lack Cereal)

अध्ययन क्षेत्रमा खाद्यान्न उत्पादन र मागको अवस्थालाई विश्लेषण गर्दा खाद्यान्न उत्पादन भन्दा मागको अवस्था बढी रहेको पाईन्छ । अध्ययन क्षेत्रमा अपुग भएको खाद्यान्नको परिमाण कसरी व्यवस्थापन गर्नुभएको छ भनी उत्तरदातालाई सोधिएको प्रश्नमा जनाएको प्रतिक्रियाको आधारमा व्याख्या गर्दा अपुग खाद्यान्नको परिमाण अन्तर्गत धान र मकै त्रिवेणी गा.वि.स. को त्रिवेणी बजार र छिमेकी गा.वि.स. को हुवास बजारबाट खरिद गरेको पाईयो भने गहुँ र कोदो त्रिवेणी गा.वि.स. का अन्य वडाका साथै छिमेकी गा.वि.स. बाट खरिद गरेको पाईयो । अपुग खाद्यान्नको वित्तिय व्यवस्थापनको लागि पारिवारिक आम्दानीका अन्य स्रोतहरुबाट प्राप्त भएको आम्दानीबाट व्यवस्थापन गरेको पाईन्छ ।

## ४.९ किसानको पारिवारिक आर्थिक अवस्था (Economic Condition of Agricultrist Family)

खाद्यान्न बाली उत्पादनमा संलग्न कृषकका घरपरिवारले विभिन्न पेशा तथा व्यावसाय सञ्चालन गरेका छन् । कृषकका परिवारका अन्य सदस्यहरुले विभिन्न स्रोतहरुबाट आम्दानी आर्जन गर्ने गर्दछन् । जस्तै : कृषि, पशुपालन, व्यापार तथा उधोग, वैदेशिक रोजगार, ज्याला मजदुरी आदि क्षेत्रबाट आम्दानी प्राप्त गरेका छन् । यस अध्ययन नमूना छनोटमा परेका ९५ घरपरिवारको आर्थिक अवस्थालाई वार्षिक आम्दानी, वार्षिक खर्च र बचतको आधारमा विश्लेषण गरिएको छ ।

### ४.९.१ घरपरिवारको तहगत वार्षिक आम्दानी (Levelwise Annual Family Income)

खाद्यान्न उत्पादनमा संलग्न नमूना छनोटमा परेका ९५ घरधुरीका सदस्यहरुले एक वर्ष भरि काम गरेवापत पाउने रकमलाई वार्षिक आम्दानी भनिन्छ । ९५ घरधुरी मा बालबालिका र वृद्द पनि रहेका छन् । नमूना छनोटमा परेका ९५ घरधुरीका कुल सदस्य संख्या ६०० रहेका छन् । तीमध्ये १५ वर्षमुनिका १८८ बालबालिका र ६१ जना र ६० वर्षमाथिका वृद्द जनसंख्या रहेको छ । यिनीहरुलाई अध्ययनमा समावेश गरिएको छैन । किनभने हाम्रो देशको परिवेशमा सक्रिय जनसंख्या १५ देखि ५९ वर्षलाई मानिएकाले यस अध्ययनमा काम गर्न सक्ने वा कमाउन सक्ने ३५१ जनालाई समावेश गरिएको छ । त्यसैले यस अध्ययन नमूना छनोटमा परेका घरपरिवारको तहगत आम्दानीलाई निम्नलिखित तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका ४.२५**

**घरपरिवारको तहगत वार्षिक आम्दानी - २०७२**

| क.सं | परिवारको वार्षिक तहगत आम्दानी | घरपरिवारको संख्या |
|---|---|---|
| १ | १००,००० देखि २,००,००० सम्म | ४५ |
| २ | २,००,००० देखि ३,००,००० सम्म | २८ |
| ३ | ३,००,००० देखि ४,००,००० सम्म | १७ |
| ४ | ४,००,००० वा सोभन्दा माथि | ५ |
| जम्मा | | ९५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका अनुसार रु.१,००,००० देखि २,००,००० सम्म वार्षिक आम्दानी हुने घरपरिवार संख्या रहेको छ । त्यस्तै रु.२,००,००० देखि ३,००,००० सम्म वार्षिक आम्दानी हुने घरधुरी संख्या २८, रु.३,००,००० देखि रु.४,००,००० सम्म वार्षिक आम्दानी हुने घरधुरी संख्या १७, र रु.४,००,००० वा सोभन्दा माथि वार्षिक आम्दानी हुने घरधुरी संख्या ५ रहेको छ ।

### ४.९.२ घरपरिवारको स्रोतगत आम्दानी (Sourcewise Average Income of Family)

खाद्यान्न बालीमा संलग्न घरधुरीहरुको पारिवारिक आम्दानीका स्रोतहरु विभिन्न किसिमका रहेका छन् । कुनै पनि व्यक्तिलाई आफ्नो जीवननिर्वाहको निम्ति विभिन्न पेशामा आवद्ध हुनुपर्ने हुन्छ । मानिसले आफ्नो जीवन चलाउनको लागि क्षमता अनुसारको काम गरेर आम्दानी प्राप्त गरिरहेका हुन्छन् । अध्ययन क्षेत्रमा रहेका घरपरिवारको स्रोतगत आम्दानीलाई तलको तालिका बाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका ४.२६**

**परिवारको स्रोतगत आम्दानी–२०७२**

| क्र.सं. | आम्दानीको स्रोत | आम्दानी रु.मा | कुल योगदान प्रतिशत |
|---|---|---|---|
| १ | कृषि तथा पशुपालन | ३७,६०,००० | १८.६७ |
| २ | व्यापार तथा उधोग | २०,४०,००० | १०.१३ |
| ३ | वैदेशिक रोजगार | ९०,८५,२०० | ४५.१२ |
| ४ | ज्याला मजदुरी | १५,६१,५०० | ७.७६ |
| ५ | स्वदेशी रोजगार | २५,२३,८०० | १२.५३ |
| ६ | अन्य | ११,६६,००० | ५.७९ |
| जम्मा आम्दानी | | २,०१,३६,५०० | १०० |
| प्रतिघरधुरी वार्षिक औसत आम्दानी रु. २,११,९६३ | | | |
| प्रतिव्यक्ति वार्षिक आम्दानी रु.३३,५६० | | | |


स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिका अनुसार खाद्यान्न बालीमा संलग्न घरधुरी मध्ये नमुना छनोटमा परेका घरपरिवारको आम्दानीका स्रोत अन्तर्गत कृषि तथा पशुपालन बाट रु.३७,६०,००० अर्थात १८.६७ प्रतिशत आम्दानी प्राप्त भएको छ । त्यस्तै व्यापार तथा उधोगबाट रु.२०,४०,००० अर्थात १०.१३ प्रतिशत, वैदेशिक रोजगारबाट रु.९०,८५,२०० अर्थात ४५.१२ प्रतिशत, ज्याला मजदुरीबाट रु.१५,६१,५०० अर्थात ७.७६ प्रतिशत, स्वदेशी रोजगारबाट रु.२५,२३,८०० अर्थात १२.५३ प्रतिशत र अन्यमा जस्तै : दुध, दहि, घ्यू, खसी, भैसी, कुखुरा तथा अदुवा आदिबाट प्राप्त आम्दानी रु.११,६६,००० अर्थात ५.७९ प्रतिशत रहेको देखिन्छ । अध्ययन क्षेत्रमा रहेका ९५

घरधुरीको बार्षिक औसत आम्दानी रु.२,११,९६३ रहेको छ । त्यस्तै प्रतिव्यक्ति औसत आय रु.३३,५६० जसलाई तलको स्तम्भचित्रबाट देखाईएको छ ।

**स्तम्भचित्र ४.३**

**घरपरिवारको स्रोतगत आम्दानी–२०७२**




स्रोतः तालिका ४.२६

स्तम्भचित्र अनुसार खाद्यान्न बालीमा संलग्न घरपरिवारमध्ये नमुना छनोटमा परेका घरपरिवारको आम्दानीका स्रोत अन्तर्गत कृषि तथा पशुपालन बाट १८.६७ प्रतिशत आम्दानी प्राप्त भएको छ । त्यस्तै व्यापार तथा उधोगबाट १०.१३ प्रतिशत, वैदेशिक रोजगारबाट ४५.१२ प्रतिशत, ज्याला मजदुरीबाट ७.७६ प्रतिशत, स्वदेशी रोजगारबाट १२.५३ प्रतिशत र अन्यमा जस्तै : दुध, दहि, घ्यू, खसी, भैसी, कुखुरा तथा अदुवा आदिबाट प्राप्त आम्दानी ५.७९ प्रतिशत रहेको देखिन्छ । अध्ययन क्षेत्रमा खाद्यान्न बालीमा संलग्न घरधुरीमा रहेका व्यत्तिहरुको प्रतिव्यक्ति बार्षिक औषत आम्दानी रु.३३,५६० रहेको देखाएको छ । नेपालको सन्र्दभमा तेस्रो जीवनस्तर मापन सर्वेक्षणले वार्षिक रुपमा १९,२६१ प्रतिव्यक्ति वार्षिकआय कम भएका मानिसलाई गरिबको संज्ञा दिएको छ । तर अध्ययन क्षेत्रको

प्रतिव्यक्ति औसत आम्दानीलाई आधार मान्दा सवै मानिसहरु गरिब भन्दा माथि रहेको देखिएको छ ।

### ४.९.३ घरपरिवारको तहगत खर्च (Levelwise Expenditure of the Family)

घरपरिवार संचालनको लागि खर्चको आवश्यकता पर्ने गर्दछ । यस अध्ययन नमूना छनोटमा परेका घरपरिवारले विभिन्न किसिमका खर्च गरेको पाईन्छ र खर्चका प्रकारलाई अलग अलग राख्न सकिन्छ । यस अध्ययनमा खाद्यान्न बालीमा संलग्न घरधुरी मध्ये नमुना छनोटमा परेका घरपरिवारहरुको तहगत खर्चलाई निम्न तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ४.२७**

**घरपरिवारको तहगत खर्च–२०७२**

| क. सं. | वार्षिक तहगत खर्च विवरण | घरधुरी संख्या |
|---|---|---|
| १. | १००००० देखी १,५०,००० | ५० |
| २. | १,५०,००० देखी २,००००० | २३ |
| ३. | २,००००० देखी २,५०,००० | ११ |
| ४. | २,५०,००० देखी ३,००००० | ७ |
| ५. | ३,००००० लाख भन्दा माथि | ४ |
| जम्मा | | ९५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार खाद्यान्न बालीमा संलग्न घरधुरीहरुमध्ये नमुना छनोटमा परेका घरधुरीहरुको पारिवारीक तहगत खर्चलाई देखाईएको छ । अध्ययन क्षेत्रमा वार्षिक खर्च रु.१,००००० देखी १,५०,००० गर्ने घरधुरी संख्या ५० रहेको पाईन्छ । त्यस्तैगरी रु.१,५०,००० देखी २,००००० सम्म खर्च गर्ने घरधुरी संख्या २३, रु.२,००००० देखी २,५०,००० सम्म खर्च गर्ने घरधुरी संख्या ११, रु.२,५०,००० देखी ३,००००० सम्म खर्च गर्ने घरधुरी संख्या ७ र ३,००००० लाख भन्दा माथि खर्च गर्ने घरधुरी संख्या ४ रहेको छ ।

### ४.९.४ घरपरिवारको क्षेत्रगत खर्च (Sectorwise Expenditure)

नमुना छनोटमा परेका खाद्यान्न उत्पादनमा संलग्न घरपरिवारको वार्षिक रुपमा खर्च गर्ने क्षेत्रहरु विभिन्न रहेका छन् । जस्तै : उपभोग, शिक्षा, स्वास्थ्य तथा उपचार, चाडपर्व, कृषि

तथा अन्य खर्च साथै कुन क्षेत्रमा कति खर्च भएको छ भन्ने कुरालाई तलको तालिका बाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.२८**

**घरपरिवारको क्षेत्रगत खर्च–२०७२**


| क्र.सं. | खर्च विवरण | खर्च रु.मा | खर्च प्रतिशतमा |
|---|---|---|---|
| १ | उपभोग | ५५,३५,००० | ४४ |
| २ | लताकपडा | १३,०६,५०० | १०.३८ |
| ३ | शिक्षा | २१,९५,००० | १७.४५ |
| ४ | स्वास्थ्य उपचार | १२,९७,००० | १०.३१ |
| ५ | चाडपर्व | ११,७५,५०० | ९.३४ |
| ६ | अन्य:(घर, घडेरी तथा सवारी साधन खरिद आदि) | १०,७२,१०० | ८.५२ |
| जम्मा | | १,२५,८१,१०० | १०० |
| प्रतिघरधुरी वार्षिक औसत खर्च रु.१,३२,४३२.६३ | | | |
| प्रतिव्यक्ति वार्षिक औसत खर्च रु.२०,९६८.५ | | | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका अनुसार नमुना छनोटमा परेका घरधुरीहरुको पारिवारिक खर्च विवरणलाई देखाईएको छ । जस अन्तर्गत उपभोगमा गरेको खर्च रु.५५,३५,००० अर्थात ४४ प्रतिशत, लताकपडामा गरेको खर्च रु.१३,०६,५०० अर्थात १०.३८ प्रतिशत, शिक्षा क्षेत्रमा गरेको खर्च रु.२१,९५००० अर्थात १७.४५ प्रतिशत, स्वास्थ्य उपचारमा गरेको खर्च रु.१२,९७,००० अर्थात १०.३१ प्रतिशत, चाडपर्वको लागि गरिएको खर्च रु.११,७५,५०० अर्थात ९.३४ प्रतिशत र अन्य खर्चमा रु.१०,७२,१०० अर्थात ८.५२ प्रतिशत गरेको पाईन्छ । नमुना छनोटमा परेका घरधुरीहरुको वार्षिक औसत खर्च रु.१,३२,४३२.६३ रहेको पाईन्छ । त्यस्तैगरि प्रतिव्यक्ति वार्षिक औसत खर्च रु.२०,९६८.५ रहेको पाईन्छ । जसलाई तलको स्तम्भचित्रद्धारा प्रस्तुत गरिएको छ ।

**स्तम्भचित्र ४.४**

**घरपरिवारको क्षेत्रगत खर्च–२०७२**




स्रोत: तालिका ४.२८

स्तम्भचित्र अनुसार नमुना छनोटमा परेका घरधुरीहरुको पारिवारिक खर्च विवरणलाई देखाईएको छ । जसअन्तर्गत उपभोगमा गरेको खर्च ४४ प्रतिशत, लताकपडामा गरेको खर्च १०.३८ प्रतिशत, शिक्षा क्षेत्रमा गरेको खर्च १७.४५ प्रतिशत, स्वास्थ्य उपचारमा गरेको खर्च १०.३१ प्रतिशत, चाडपर्वको लागि गरिएको खर्च ९.३४ प्रतिशत र अन्य खर्चमा ८.५२ प्रतिशत गरेको पाईन्छ ।

### ४.९.५ घरपरिवारको बचत (Saving of Family)

नमुना छनोटमा परेका खाद्यान्न उत्पादनमा संलग्न घरधुरीहरुको आर्थिक अवस्थालाई हेर्दा अध्ययन क्षेत्रको कुल वार्षिक आम्दानी रु.२,०१,३६,५०० छ भने वार्षिक कुल खर्च रु.१,२५,८१,१०० रहेको छ । त्यसै गरी कुल वार्षिक बचत रु.७५,५५,४०० रहेको छ । यो बचतबाट भविष्यमा आइपर्ने समस्या समाधान गर्न तथा गुणस्तरीय जीवन जिउनको लागि केही रकम गाउघरमा व्याजमा लगाईएको र केही रकम बैंकमा जम्मा गरेको पाईयो ।

अध्ययन क्षेत्रको वार्षिक आम्दानी, खर्च तथा बचतलाई तलको तालिका बाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका ४.२९**

**घरपरिवारको वार्षिक बचत–२०७२**

| | | | |
|---|---|---|---|
| वार्षिक आम्दानी रु. | २,०१,३६,५०० | प्रतिघरधुरी औसत वार्षिक आम्दानी रु. | २,११,९६३ |
| वार्षिक खर्च रु. | १,२५,८१,१०० | औषत वार्षिक प्रतिपरिवार खर्च रु. | १,३२,४३२.६३ |
| वार्षिक बचत रु. | ७५,५५,४०० | औषत वार्षिक प्रति परिवार बचत रु. | ७९,५३०.५२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका घरपरिवारहरुको कुल वार्षिक आम्दानी रु.२,०१,३६,५०० छ भने कुल वार्षिक खर्च रु.१,२५,८१,१०० रहेको छ । त्यसै गरी कुल वार्षिक बचत रु.७५,५५,४०० रहेको छ । त्यस्तै प्रतिघरधुरी औसत वार्षिक आम्दानी रु.२,११,९६३, औसत प्रतिपरिवार खर्च रु.१,३२,४३२.६३ र औसत प्रतिपरिवार वार्षिक बचत रु.७९५३०.५२ रहेको छ । यस अध्ययन क्षेत्रमा भएको वार्षिक बचतलाई कहाँ राख्नु भएको छ ? भन्ने प्रश्नमा  वित्तिय संगठित स्रोतहरु जस्तै जनसेवी बहुउद्देश्य सहकारी संस्थामा ७ प्रतिशत ब्याजदरमा, कृषि विकास बैंक, गरिमा विकास बैंक र गण्डकी विकास बैंकमा ५ प्रतिशत ब्याजदरमा बचत खाताको रुपमा राखेको पाईयो । असंगठित स्रोत अन्तर्गत गाउले छरछिमेक तथा आफन्तजनमा २४ प्रतिशत ब्याजदरको रुपमा लगानी गरेको पाईयो ।

### ४.९.६ भू - स्वामित्व (Status of Land Ownership)

यस गा.वि.स मा ३,९२० रोपनी भूमिमा कृषि कार्य गर्न सकिन्छ । यस अध्ययन क्षेत्रमा ८०९ रोपनी भूमि खाद्यान्न उत्पादनका लागि प्रयोगमा ल्याईएको छ । आर्थिक अवस्थाको एक महत्त्वपूर्ण सूचक यस क्षेत्रमा बसोबास गर्ने मानिसहरुको भू -स्वमित्व हो । अध्ययन क्षेत्रमा नमूना छनोटमा परेका ९५ घरधुरीहरुको भू-स्वामित्वलाई तलको तालिकाबाट देखाइएको छ ।

### तालिका ४.३०

### अध्ययन क्षेत्रको भू -स्वामित्वको स्थिती -२०७२

| क्र.सं. | क्षेत्रफल रोपनीमा | घरधरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ - १० | ४५ | ४७.३७ |
| २ | १० - २० | ३५ | ३६.८४ |
| ३ | २० भन्दा माथि | १५ | १५.७९ |
| जम्मा | | ९५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमुना छनोटमा परेका ९५ घरधुरीहरुको स्वामित्वमा रहेको भूमिलाई देखाइएको छ । जसअन्तर्गत १ देखि १० रोपनीसम्म जग्गा हुने घरधुरी संख्या ४५ अर्थात ४७.३७ प्रतिशत रहेको छ । त्यस्तै गरी १० देखि २० रोपनीसम्म जग्गा हुने घरधुरी संख्या ३५ अर्थात ३६.८७ प्रतिशत रहेको छ र २० रोपनी भन्दा माथि जग्गा हुने घरधुरी संख्या १५ अर्थात १५.७९ प्रतिशत रहेको छ ।

### ४.१० नमुना छनोट क्षेत्रको शैक्षिक अवस्था (Education Condition of Study Area)

शिक्षा विकासको एउटा प्रमुख आधार हो । शिक्षाले मानिसलाई अध्यारोबाट उज्यालो तर्फ लैजान्छ । शिक्षाले मानिसलाई एउटा असल नागरिक बनाएर जिवनयापन गर्न सिकाउनुका साथै मानिसको सर्वाङ्गीण पक्षको विकास गर्न सहयोग पुऱ्याउदछ । शिक्षा विनाको मानिस र समाज सभ्य र समुन्नत हुन सक्दैन । यस अध्ययन क्षेत्रमा खाद्यान्न बालीमा संलग्न घरधुरीको शैक्षिक अवस्था, उनीहरुको बालबालिकाहरुको शैक्षिक अवस्था, उनीहरुले पढ्ने विद्यालय, निजी र सरकारीका बारेमा अध्ययन गरिएको छ । जसलाई छुट्टाछुट्टै शिर्षकमा देखाइएको छ ।

### ४.१०.१ पारिवारीक साक्षरता तथा निरक्षरता (Education Condition of Family)

अध्ययन क्षेत्रमा अध्ययनको क्रममा नमुना छनौटमा परेका घरधुरीको शैक्षिक अवस्थालाई दुई प्रकारले साक्षर र निरक्षर गरी हेरिएको छ । अध्ययन क्षेत्रका सामान्य रुपमा पढ्न लेख्न सक्ने र औपचारिक रुपमा कुनै तह उत्तीर्ण गरेकालाई साक्षर जनसंख्याको रुपमा लिइएको छ भने सामान्य रुपमा पनि पढ्न लेख्न नसक्नेहरुलाई निरक्षर जनसंख्याको रुपमा लिइएको

छ । अध्ययन गर्दा नमुना छनोटमा परेका ९५ घरधुरीका जम्मा ६०० व्यक्ति रहेका छन् । ५ वर्ष मुनिका बालबालिका ४३ रहेका छन् । तिनिहरुको बारेमा यस अनुसन्धानमा राखिएको छैन । किनभने ग्रामिण इलाकामा ५ वर्ष पुरा भएपछि मात्र बालबालिकाहरुलाई विद्यालय पठाउने गरिन्छ । त्यसैले यस अध्ययनमा ५ वर्ष भन्दा माथिका ५१५ जनाको शैक्षिक अवस्थालाई मात्र लिइएको छ । जसलाई तलको तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका ४.३१**

**नमुना छनोटमा परेका घरपरिवारको शैक्षिक स्थिति- २०७२**

| तह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| साक्षर | २५१ | ४८.७४ | २२३ | ४३.३० | ४७४ | ९२.०३ |
| निरक्षर | १२ | २.३३ | २९ | ५.६३ | ४१ | ७.९७ |
| जम्मा | २६३ | ५१.०७ | २५२ | ४८.९३ | ५१५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार जम्मा साक्षर जनसंख्या ४७४ जना अर्थात ९२.०३ प्रतिशत, त्यसमध्ये साक्षर पुरुष २५१ जना अर्थात ४८.७४ प्रतिशत, साक्षर महिला २२३ जना अर्थात ४३.३० प्रतिशत रहेको पाइन्छ । त्यस्तै गरी निरक्षर तर्फ जम्मा ४१ जना अर्थात ७.९७ प्रतिशत, त्यसमध्ये निरक्षर पुरुष १२ जना अर्थात २.३३ प्रतिशत, निरक्षर महिला २९जना अर्थात ५.६३ प्रतिशत रहेको छ ।

### ४.१०.२ तहगत पारिवारिक शैक्षिक विवरण (Levelwise Educational Condition of Agricultrist)

मानिसले गुणस्तरीय जीवनयापन गर्नको लागि शिक्षाको आवश्यकता पर्दछ । शिक्षाविना समुन्नत समाजको परिकल्पना गर्न सकिदैन । त्यसैले खाद्यान्न बालीमा संलग्न कृषकमध्ये नमुना छनोटमा परेका ९५ घरधुरीका ६०० जना सदस्यहरु रहेका छन् । यस अध्ययनमा ८५ जना ५ वर्षभन्दा मुनिका रहेका छन् । यी बालबालिकाहरुलाई यस अध्ययनमा समावेश गरिएको छैन । त्यसैले खाद्यान्न बालीमा संलग्न कृषकहरुको शैक्षिक अवस्थालाई तलको तालिकाबाट देखाइएको छ ।

## तालिका ४.३२

## तहगत पारिवारिक शैक्षिक अवस्था-२०७२

| तह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| प्रा.वि | ९४ | ३७.४६ | ९३ | ४१.७० | १८७ | ३९.४५ |
| नि.मा.वि. | ८५ | ३३.८६ | ६० | २६.९१ | १४५ | ३०.५९ |
| मा.वि. | ४५ | १७.९३ | ३३ | १४.८० | ७८ | १६.४६ |
| उ.मा.वि. | १९ | ७.५७ | ३० | १३.४५ | ४९ | १०.३४ |
| उच्च शिक्षा | ८ | ३.१८ | ७ | ३.१४ | १५ | ३.१६ |
| जम्मा | २५१ | १०० | २२३ | १०० | ४७४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका अनुसार खाद्यान्न बाली उत्पादनमा संलग्न नमुना छनोटमा परेका ९५ घरधुरीका ६०० जना मध्ये निरक्षर संख्या ४१ जना अर्थात ७.९७ प्रतिशत रहेको थियो भने बाँकी ४७४ जना अर्थात ९२.०३ प्रतिशत साक्षर रहेका छन् । जसमध्ये प्रा.वि. तहमा पुरुष ९४ जना अर्थात ३७.४६ प्रतिशत, महिलाको संख्या ९३ जना अर्थात ४१.७० प्रतिशत गरी जम्मा १८७ अर्थात ३९.४५ प्रतिशत रहेको छ । त्यस्तै गरी नि.मा.वि. तहमा पुरुष ८५ जना अर्थात ३३.८६ प्रतिशत, महिलाको संख्या ६० जना अर्थात २६.९१ प्रतिशत गरी जम्मा १४५ जना अर्थात ३०.५९ प्रतिशत रहेको छ । मा.वि. तहमा पुरुष ४५ जना अर्थात १७.९३ प्रतिशत, महिलाको संख्या ३३ जना अर्थात १४.८० प्रतिशत गरी जम्मा ७८ जना अर्थात १६.४६ प्रतिशत रहेको पाइन्छ । त्यस्तै उ.मा.वि. तहमा पुरुष १९ जना अर्थात ७.५७ प्रतिशत, महिलाको संख्या ३० जना अर्थात १३.४५ प्रतिशत गरी जम्मा ४९ जना अर्थात १०.३४ प्रतिशत रहेको पाइन्छ र उच्च शिक्षामा पुरुष ८ जना अर्थात ३.१८ प्रतिशत, महिलाको संख्या ७ जना अर्थात ३.१४ प्रतिशत गरी जम्मा १५ जना अर्थात ३.१६ प्रतिशत रहेको छ ।

### ४.१०.३ घरमुलिहरुको शैक्षिक अवस्था (Educational Condition of Leaders of Family)

खाद्यान्न उत्पादनमा संलग्न वडा नं. १ र २ मा जम्मा ९५ घरधुरीका मुलीहरुको कृषकहरुको तहगत शैक्षिक अवस्थालाई यसरी प्रस्तुत गर्न सकिन्छ।

**तालिका ४.३३**

**घरमुलीको शैक्षिक अवस्था-२०७२**


| क.स. | शैक्षिक अवस्था | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रा.वि | ५५ | ५७.९० |
| २ | नि.मा.वि. | २२ | २३.१६ |
| ३ | मा.वि. | १२ | १२.६३ |
| ४ | उ.मा.वि. | ६ | ६.३१ |
| जम्मा | | ९५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका अनुसार नमुना छनोटमा परेका घरमुलीको शैक्षिक अवस्थालाई प्रतिशतमा हेर्दा प्रा.वि. तहसम्म अध्ययन गर्ने जनसंख्या ५५ जना अर्थात ५७.९० प्रतिशत रहेको छ। त्यस्तै नि.मा.वि. तहसम्म अध्ययन गर्ने जनसंख्या २२ जना अर्थात २३.१६ प्रतिशत, मा.वि. तहसम्म अध्ययन गर्ने जनसंख्या १२ जना अर्थात १२.६३ प्रतिशत र उ.मा.वि. तहसम्म अध्ययन गर्ने जनसंख्या ६ जना अर्थात ६.३१ प्रतिशत रहेको छ । जसलाई तलको स्तम्भचित्रमा देखाईएको छ।

**स्तम्भचित्र ४.५**

**घरमुलीको शैक्षिक अवस्था-२०७२**




स्रोतः तालिका ४.३३

माथिको स्तम्भचित्र अनुसार नमुना छनोटमा परेका घरमुलीको शैक्षिक अवस्थालाई प्रतिशतमा हेर्दा प्रा.वि. तहसम्म अध्ययन गर्ने ५७.९० प्रतिशत रहेको छ । त्यस्तै नि.मा.वि. तहसम्म अध्ययन गर्ने २३.१६ प्रतिशत, मा.वि. तहसम्म अध्ययन गर्ने १२.६३ प्रतिशत र उ.मा.वि. तहसम्म अध्ययन गर्ने ६.३१ प्रतिशत रहेको छ । जहाँ सबैभन्दा बढी प्रा.वि. सम्मको अध्ययन गर्ने घरमुलीहरु र सबैभन्दा कम उ.मा.वि. अध्ययन गर्ने घरमुली रहेको देखियो ।

### ४.१०.४ उमेरका आधारमा बालबालिकाको संख्या (Number of Children on the Basis of Age)

यस अध्ययनमा नमुना छनोटमा परेका खाद्यान्न बालीमा संलग्न घरधुरीका बालबालिकाहरुको उमेर समूहलाई हेरिएको छ । जसमा ५ वर्ष देखी १५ वर्ष सम्मका बालबालिकालाई मात्र समेटिएको छ । १५ वर्ष भन्दा माथिको उमेर समूहको जनसंख्यालाई लिइएको छैन । यसरी उमेरगत आधारमा बालबालिकाको संख्यालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.३४**

**उमेरगत विवरण-२०७२**

| क.स. | उमेर वर्ष | कृषकको बालबालिकाको संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ५-१० | ८५ | ५८.६२ |
| २. | १०-१५ | ६० | ४१.३८ |
| जम्मा | | १४५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका अनुसार नमुना छनोटमा परेका खाद्यान्न बालीमा संलग्न घरधुरीको १४५ बालबालिकाहरुलाई दुई उमेर समूहमा वर्गीकरण गरिएको छ । जसमा ५-१० उमेर समूहका ८५ जना अर्थात ५८.६२ प्रतिशत र १०-१५ उमेर समूहका ६० जना अर्थात ४१.३८ प्रतिशत रहेको छ । जसमा १०-१५ उमेर समूहको जनसंख्या बढी रहेको पाईन्छ ।

### ४.१०.५ बालबालिकाको शैक्षिक अवस्था (Educational Condition of Child)

अध्ययन क्षेत्रमा रहेका नमुना छनोटमा परेका खाद्यान्न बालीमा संलग्न बालबालिकाहरुको अध्ययनरत शैक्षिक संस्था सम्बन्धि गरिएको अध्ययनमा सरकारी, निजि र दुवै गरी छुट्याइएको थियो । सरकारी विद्यालय भन्नाले सरकारी खर्चबाट संचालित, शुल्क कम लाग्ने र शिक्षाको गुणस्तर पनि सामान्य भएको विद्यालय हो भने निजी विद्यालय भन्नाले व्यक्ति वा समूहबाट संचालित, बढी शुल्क तिर्नुपर्ने र शिक्षाको गुणस्तर पनि राम्रो भएको विद्यालय हो । हाम्रो देशको परिवेशमा औपचारिक शिक्षा ५ वर्ष पुरा भएपछि मात्र सुरु हुन्छ र १५ देखी माथिको उमेरका बालबालिकाहरु यस उमेर समूहमा नपर्ने भएकोले ९५ घरधुरीका ५ देखी १५ वर्ष उमेर समूहका बालबालिकाले अध्ययन गर्ने शैक्षिक संस्था सम्बन्धि विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.३५**

**शैक्षिक संस्था सम्बन्धि विवरण-२०७२**

| क.स. | विवरण | घरधुरी | बालबालिका संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | विद्यालय नजाने | - | - | - |
| २ | सरकारी | ४५ | ८२ | ५६.५५ |
| ३ | निजि | ५० | ६३ | ४३.४५ |
| | जम्मा | ९५ | १४५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका अनुसार नमूना छनोटमा परेका खाद्यान्न बालीमा संलग्न घरधुरीका बालबालिकाहरुले पढ्ने शैक्षिक संस्था सम्बन्धि विवरण देखाइएको छ । खाद्यान्न बालीमा संलग्न कृषकका ५ देखी १५ वर्षका सम्पूर्ण बालबालिकाहरु विद्यालय जाने गरेको पाइयो । नमुना छनोटमा परेका ९५ घरधुरीमध्ये ४५ घरधुरीका ८२ बालबालिकाहरु अर्थात ५६.५५ प्रतिशत सरकारी विद्यालय, ५० घरधुरीका ६३ बालबालिकाहरु अर्थात ४३.४५ प्रतिशत निजी विद्यालयमा अध्ययनरत रहेको पाइयो ।

### ४.१०.६ घरधुरीको पारिवारिक आर्थिक अवस्थाले शैक्षिक क्षेत्रमा पारेको प्रभाव (Economic Effect of Educational sector)

अध्ययन क्षेत्रमा खाद्यान्न बालीमा संलग्न घरपरिवारको पारिवारिक आर्थिक अवस्थाले शिक्षा क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको छ । यस अध्ययन क्षेत्रमा घरपरिवारको आर्थिक अवस्थाले बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभाव विश्लेषण गर्न नमुना छनोटमा परेका ९५ घरधुरीका बालबालिकाको शैक्षिक स्थितीलाई विश्लेषण गरिएको छ । जसलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका ४.३६**

**घरधुरीको पारिवारिक आर्थिक अवस्थाले शैक्षिक क्षेत्रमा पारेको प्रभाव**

| परिवारको वार्षिक तहगत आम्दानी | घरपरिवार को संख्या | विद्यालयगत रुपमा विद्यार्थी संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सरकारी विद्यालय | | | निजी विद्यालय | | |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १,००,००० देखि २,००,००० सम्म | ४५ | १६ | २४ | ४० | ११ | ६ | १७ |
| २,००,००० देखि ३,००,००० सम्म | २८ | ९ | १३ | २२ | ११ | ६ | १७ |
| ३,००,००० देखि ४,००,००० सम्म | १७ | ५ | १० | १५ | १२ | ७ | १९ |
| ४,००,००० भन्दा माथि | ५ | २ | ३ | ५ | ६ | ४ | १० |
| जम्मा | ९५ | ३२ | ५० | ८२ | ४० | २३ | ६३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा रहेका घरधुरीको पारिवारिक आम्दानीका आधारमा सरकारी तथा निजी विद्यालयमा पठाउने बालबालिकाहरुलाई देखाईएको छ । जहाँ रु.१,००००० देखी २,००००० सम्म आम्दानी हुने ४५ घरधुरीका ५७ बालबालिकाहरु मध्ये ४० जना सरकारी विद्यालय र १७ जना बालबालिका निजी विद्यालय अध्ययन गरेको पाईन्छ । त्यस्तै रु.२,००००० देखी ३,००००० सम्म आम्दानी हुने २८ घरधुरीका ३९ बालबालिकाहरु मध्ये २२ जना सरकारी विद्यालय र १७ जना बालबालिका निजि विद्यालय अध्ययन गरेको पाईन्छ । त्यस्तै रु.३,००००० देखी ४,००००० सम्म आम्दानी हुने १७ घरधुरीका ३४ बालबालिकाहरु मध्ये १५ जना सरकारी विद्यालय र १९ जना बालबालिका निजि विद्यालय अध्ययन गरेको पाईन्छ र रु.४,००००० भन्दा बढी आम्दानी हुने ५

घरधुरीका १५ जना बालबालिकाहरु मध्ये ५ जना सरकारी विद्यालय र १० जना बालबालिका निजि विद्यालय अध्ययन गरेको पाईन्छ ।

### ४.११ खाद्यान्न बाली उत्पादनमा देखिएका समस्याहरु (Problems of Cereal Product)

अध्ययन क्षेत्रमा खाद्यान्न उत्पादनमा देखिएका विभिन्न किसिमका समस्याहरु रहेको पाइयो । नमुना छनोटमा परेका ९५ घरधुरीले खाद्यान्न उत्पादनमा भोगिरहेका समस्याहरु पत्ता लगाउन कृषकहरुलाई खुल्ला प्रश्नावली गराइएको थियो । कृषकहरुले विभिन्न समस्यामा जनाएको प्रतिक्रिया प्रतिशतका आधारमा अध्ययन क्षेत्रको खाद्यान्न उत्पादनमा देखिएका समस्याहरुलाई तल प्रस्तुत गरिएको छ ।

**१. सिंचाइ सुविधाको अपर्याप्तता (Lack of Irrigation)**

नेपालको कृषि मनसुनमा आधारित रहेकोले अध्ययन क्षेत्रमा पनि वर्षाको समयमा सिचाई सुविधा पर्याप्त भएतापनि हिउदको समयमा अपर्याप्त रहेको पाइयो । अध्ययन क्षेत्रमा ९५ घरधुरीमध्ये ६० घरधुरी अर्थात ६३.१२ प्रतिशत यस समस्याबाट प्रभावित भएको पाइयो ।

**२. गुणस्तरीय बिउविजन, रासायनिक मल र किटनाशक औषधीको अभाव (Lack of Quality in Seeds and Pesticide)**

अध्ययन क्षेत्रका किसानहरुले उन्नत जातका बिउविजनहरुको प्रयोग गरेता पनि गुणस्तरीय बिउविजन, रासायनिक मल र किटनाशक औषधी को अभाव रहेको पाइयो । कृषकहरुले समयमा यि वस्तुहरु नपाउनुका साथै मूल्य पनि महँगो रहेको पाइयो । यस अध्ययन क्षेत्रमा यस्तो समस्याबाट प्रभावित घरधुरी संख्या ६५ अर्थात ६८.४२ प्रतिशत रहेको पाइयो ।

**३. आधुनिक उपकरणको अभाव (Lack of Modern Instruments)**

अध्ययन क्षेत्रमा खाद्यान्न बाली लगाँउदा आधुनिक उपकरणहरुको अभाव रहेको पाइयो । अध्ययन क्षेत्रका घरधुरीहरुले खाद्यान्न बाली लगाउदा परम्परागत प्रविधि नै प्रयोग गरेको पाइयो । यस समस्याबाट प्रभावित घरधुरी ७० अर्थात ७३.६८ प्रतिशत रहेको पाइयो ।

### ४. कृषि कर्जाको समस्या (Problems of Agricultural Credit)

अध्ययन क्षेत्रमा नमुना छनोटमा परेका घरधुरीहरुलाई कृषि कर्जाको समस्या रहेको पाइयो । विशेष गरेर अध्ययन क्षेत्रका घरधुरीहरुले असंगठित स्रोतहरुबाट ऋण लिँदा ब्याजदर २० प्रतिशतका दरले लिएको पाइयो । त्यसै गरी अध्ययन क्षेत्रमा वित्तिय संस्थाबाट ऋण उपलब्धता भएतापनि विना धितो ऋण नदिने हुँदा यो समस्या देखिएको पाइयो । यस समस्याबाट प्रभावित घरधुरी संख्या ८० अर्थात ८४.२१ प्रतिशत रहेको पाइयो ।

### ५. कृषि तालिमको समस्या (Problems of Agricultural Training)

अध्ययन क्षेत्रका ४० प्रतिशत घरधुरीहरुले खाद्यान्न बाली सम्बन्धि तालिम लिएका भएतापनि ६० प्रतिशत घरधुरीले तालिम लिएका थिएनन् । खाद्यान्नबाली सम्बन्धि तालिमा सिमित कोटाका लागि मात्र आउने हुनाले अध्ययन क्षेत्रमा सबै घरधुरीहरुलाई तालिम दिन सकिएको थिएन । अध्ययन क्षेत्रमा यस समस्याबाट प्रभावित घरधुरी संख्या ५८ अर्थात ६० प्रतिशत रहेका छन् ।

### ६. उचित बजार व्यवस्थापनको अभाव (Problems of Market)

अध्ययन क्षेत्रमा खाद्यान्न उत्पादनको बजार असंगठित तथा अव्यवस्थित रहेको पाईन्छ । अध्ययन क्षेत्रका कृषकले उत्पादन गरेको खाद्यान्न उपभोग गरी बढी भएको अवस्थामा पनि उचित स्थान तथा उचित मूल्यमा बिक्रि गर्न नपाउने कारणले गर्दा किसानहरु खाद्यान्न उत्पादनमा अझ बढी प्रोत्साहित हुन नसकेको पाइयो ।

## ४.१२ अध्ययनको सारांश (Summary of the Study)

प्रस्तुत अध्ययनमा पर्वत त्रिवेणी गा.वि.स. वडा नं १ र २ खाद्यान्न उत्पादन, उपभोग र शैक्षिक अवस्थाको विश्लेषणात्मक अध्ययन गर्नको लागि विभिन्न विवरणहरुका आधारमा तथ्याङ्क संकलन गरी सुक्ष्म र गहन अध्ययन गरिएको थियो । खाद्यान्न उत्पादनको परिमाण, ग्रामिण जनताको खाद्यान्न उपभोगको अवस्था र स्थानीय किसानको पारिवारीक आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य रहेको थियो । यस उद्देश्य पुरा गर्नको लागि त्रिवेणी गा.वि.स. का वडा नं १ र २ का ९५ घरधुरीलाई संगणना नमुना विधिको आधारमा छनोट गरिएको थियो । शोधपत्रको उद्देश्य पुरा गर्नको लागि प्राथमिक र द्धितीय स्रोतका माध्यमबाट तथ्याङ्क संकलन गरीएको थियो ।

प्राथमिक स्रोतबाट तथ्यांक संकलन गर्दा अध्ययन क्षेत्रका घरधुरीहरुलाई प्रत्यक्ष सोधेर संकलन गरिएको थियो भने यसका साथै अवलोकन र छलफल निर्देशिकाको माध्यमबाट प्रत्यक्ष अवलोकन र लक्षित समूह छलफल संचालन गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको थियो । द्धितीय तथ्याङ्कको स्रोतको रुपमा सम्बन्धित जिल्ला विकास समितिको कार्यलय, अर्थमन्त्रालय, कृषि सेवा केन्द्र, गा.वि.स.को कार्यलय, विद्धानहरुका लेख रचना र अन्य प्रकाशित र अप्रकाशित तथ्याङ्कहरुलाई संकलन गरिएको थियो । यसरी संकलन गरिएका तथ्याङ्कहरुलाई तालिका र स्तम्भचित्र प्रस्तुत गरिएको छ । यसरी विविध विवरणको माध्यमबाट संकलन गरिएको तथ्याङ्कलाई विश्लेषण गरी निकालिएको नतिजाको सारांशलाई प्रस्तुत गरिएको छ ।

अध्ययन क्षेत्रमा जम्मा ९५ घरधुरी रहेका थिए भने कुल जनसंख्या ६०० रहेको थियो । जसमध्ये २९० महिला र ३१० पुरुष रहेको पाईयो । अध्ययन क्षेत्रमा सवैभन्दा बढी १५ देखी ६० उमेर समूहका ३५१ अर्थात ५८.५ प्रतिशत रहेका थिए भने सवैभन्दा कम जन्मदेखी ५ वर्ष उमेर समूहका बालबालिकाको संख्या ४३ अर्थात ७.१६ प्रतिशत रहेको पाईयो । त्यस्तै, अध्ययन क्षेत्रको जातिगत घरधुरीलाई हेर्दा सवैभन्दा बढी मगर घरधुरी ५१ अर्थात ५३.७ प्रतिशत र सवैभन्दा कम सार्की घरधुरी ५ अर्थात ५.२६ प्रतिशत रहेको पाईयो ।

अध्ययन क्षेत्रमा खाद्यान्न बाली अन्तर्गत धान, मकै, गहुँ र कोदोको खेतीको अध्ययन गरिएको थियो । यस क्षेत्रमा खाद्यान्न बाली लगाएको क्षेत्रफल ८०९ रोपनी रहेको पाइयो । जसमा धान, मकै, गहुँ र कोदो लगाएको क्षेत्रफल क्रमशः ३००, २७५, ९४ र १४० रोपनी रहेको थियो । जसमा सवैभन्दा बढी धानबाली लगाएको क्षेत्रफल रहेको पाइयो । खाद्यान्न उत्पादन तर्फ कुल २,५८,५२५ के.जी. रहेको पाईयो । जसमा धानको उत्पादन ४४.७२ प्रतिशत, मकैको उत्पादन ४०.८४ प्रतिशत, गहुँको उत्पादन ६.१९ प्रतिशत र कोदोको उत्पादन ८.३४ प्रतिशत रहेको पाईयो ।

अध्ययन क्षेत्रमा खाद्यान्न उपभोगको अवस्थालाई हेर्दा खाद्यान्नको कुल उपभोग परिमाण ३,३४,४०० के.जी. रहेको पाइयो । जसमा स्वयं आफ्नो उत्पादनबाट उपभोग परिमाण २,५८,३३२ रहेको देखियो भने खरिदबाट उपभोग परिमाण ७६,०६८ के.जी. रहेको पाईयो । सम्पूर्ण खाद्यान्नको औसत माग, उत्पादन र अपुगको अवस्थालाई अध्ययन गर्दा प्रतिघरधुरी औसत माग ३,५२० के.जी., औसत उत्पादन २,७१९.२८ के.जी. र औसत अपुग खाद्यान्न ८००.७१ के.जी. रहेको देखिन्छ । प्रतिव्यक्ति औसत माग, उत्पादन र अपुगको अवस्थालाई

अध्ययन गर्दा प्रतिव्यक्ति औसत माग ५५७.३३ के.जी., औसत उत्पादन ४३०.५५ के.जी. र अपुग खाद्यान्न १२६.७८ के.जी. रहेको देखिन्छ ।

अध्ययन क्षेत्र खाद्यान्नमा आत्मनिर्भर हुन नसकेको पाईन्छ । यो अपुग खाद्यान्नको व्यवस्थापनको लागि छिमेकी वडाहरु र त्रिवेणी बजारबाट खाद्यान्नको व्यवस्थापन र यसको लागि वित्तिय व्यवस्थापन घरपरिवारको अन्य आम्दानीका स्रोतबाट व्यवस्थापन गरेको पाईयो । आफूले उत्पादन गरेको खाद्यान्नबाट खान पुग्ने समयलाई हेर्दा १ देखी ३ महिना सम्म पुग्ने घरधुरी प्रतिशत २५.२६ र बेचबिखन गर्न पुग्ने घरधुरी ४.२१ प्रतिशत रहेको देखिन्छ । खाद्यान्नको गुणलाई हेर्दा अध्ययन क्षेत्रमा रहेका उत्तरदाताहरुले जनाएको प्रतिक्रिया हेर्दा धानमा जर्नेली, मकैमा मनकामना १, गहुँमा धौलागिरी र कोदोमा डल्लेलाई राम्रो गुणको रुपमा उल्लेख गरेका पाईयो ।

अध्ययन क्षेत्रका ९५ घरधुरीले खाद्यान्न तथा अन्यक्षेत्र कृषि तथा पशुपालन, व्यापार तथा उधोग, वैदेशिक रोजगार र ज्यालामजदुरीबाट प्राप्त वार्षिक कुल आय रु.२,०१,३६,५०० रहेको छ भने खर्चतर्फ पारिवारीक वार्षिक कुल खर्च रु.१,२५,८१,१०० रहेको छ भने कुल वार्षिक बचत रु.७५,५५,४०० रहेको छ । त्यसैगरि प्रतिघरधुरी औषत वार्षिक आय रु.२,११,९६३ रहेको छ । प्रतिघरधुरी वार्षिक औसत खर्च रु.१,३२,४३२.६३ रहेको पाईन्छ भने प्रतिघरधुरी वार्षिक बचत रु.७९५३०.५३ पाईन्छ । यो बचतलाई उनीहरुले वित्तिय संगठित स्रोतहरु जस्तै जनसेवी बहुउद्देश्य सहकारी संस्थामा ७ प्रतिशत ब्याजदरमा, कृषि विकास बैंक, गरिमा विकास बैंक र गण्डकी विकास बैंकमा ५ प्रतिशत ब्याजदरमा बचत खाताको रुपमा राखेको पाईयो । असंगठित स्रोत अन्तर्गत गाउले छरछिमेक तथा आफन्तजनमा २४ प्रतिशत ब्याजदरको रुपमा लगानी गरेको पाईयो ।

अध्ययन क्षेत्रमा आर्थिक रुपले सक्रिय जनसंख्या १५-६० वर्षका ५८.५ प्रतिशत रहेको छ । अध्ययन क्षेत्रको शैक्षिक अवस्थालाई हेर्दा साक्षर जनसंख्या ४७४ जना अर्थात ९२.०३ प्रतिशत रहेको र त्यस्तै गरी निरक्षर तर्फ जम्मा ४१ जना अर्थात ७.९७ प्रतिशत रहेको पाईन्छ । अध्ययन क्षेत्रमा रहेका घरधुरीको पारिवारिक आम्दानीका आधारमा सरकारी तथा निजी विद्यालयमा पठाउने बालबालिकाहरुलाई देखाईएको छ । जहाँ आम्दानी बढी भएका घरपरिवारले निजी विद्यालयमा पठाएको पाइयो भने कम आम्दानी भएका घरधुरीले आफ्ना बालबालिकाहरुलाई सरकारी विद्यालयमा पठाएको पाईन्छ ।

अध्ययन क्षेत्रमा खाद्यान्न बाली सम्वन्धी देखिएका प्रमुख समस्याहरुमा सिचाई, बालीसँग सम्वन्धित रोग, किरा, मूल्यस्तर स्थिर नहुनु, आधुनिक औजारहरुको अभाव, आधुनिक बिउबिजनको अभाव, मलको अभाव र आधुनिक औजारहरु प्रयोग र सञ्चालन सम्वन्धि तालिमको अभाव रहेको पाईयो । अध्ययन क्षेत्रमा सिचाईको राम्रो व्यवस्था, किटनाशक औषधीको व्यवस्था, आधुनिक बिउबिजन, औजारहरु र मलको उपयुक्त व्यवस्था, कृषि तालिमको व्यवस्था मिलाउन सकेको खण्डमा खाद्यान्न उत्पादनमा वृद्धि गर्न सक्ने देखिन्छ ।

# अध्याय पाँच (CHAPTER FIVE)

## ५ निष्कर्ष र सुझावहरु (CONCLUSION AND RECOMMENDATIONS)

खाद्यान्न, उत्पादन, उपभोग र शैक्षिक अवस्थाको विश्लेषणात्मक अध्ययन अर्न्तगत यस अध्ययनमा पर्वत जिल्ला त्रिवेणी गा.वि.स. वडा नं १ र २ मा बसोबास गर्ने सम्पुर्ण घरधुरीहरुले खाद्यान्न सम्बन्धी गरिएको उत्पादन परिमाण, उपभोग परिमाण, शैक्षिक र आर्थिक अवस्थाको विश्लेषणात्मक अध्ययन गरिएको छ । यस अध्ययनका उद्देश्यहरु खाद्यान्न उत्पादनको परिमाण पत्ता लगाउनु, ग्रामिण जनताको खाद्यान्न उत्पादनको परिमाण पत्ता लगाउनु, ग्रामिण जनताको खाद्यान्न उपभोगको अवस्थाको विश्लेषण गर्नु र स्थानीय किसानहरुको पारिवारिक आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण गर्नु रहेको थियो । अध्ययनको उद्देश्यलाई पूरा गर्नको लागि विभिन्न विषयवस्तुहरुको उठान तथा तथ्यपरक सूचना समावेश गर्ने प्रयास गरिएको छ । यस अध्ययनमा अध्ययनको विश्लेषणको आधारमा पत्ता लगाईएका निष्कर्ष र आवश्यक सुझावहरु लाई समावेश गरिएको छ ।

### ५.१ निष्कर्ष (Conclusion)

पर्वत जिल्लाको त्रिवेणी गा.वि.स. वडा नं १ र २ मा रहेका सम्पूर्ण घरधुरी, उनीहरुका परिवार सदस्यहरुको जवाफबाट प्राप्त प्राथामिक सूचना र अन्य स्रोतबाट प्राप्त द्धितीय तथ्याङ्कहरुको अध्ययन विश्लेषणबाट निम्नलिखित निष्कर्षमा पुगिएको छ ।

१. अध्ययन क्षेत्रमा खाद्यान्न बालीमा सबैभन्दा बढी ३०० रोपनी क्षेत्रफल जग्गामा धान, २७५ रोपनीमा मकै, १४० रोपनीमा कोदो र ९४ रोपनीमा गहुँ खेती गरेको पाइयो ।

२. खाद्यान्न बालीको मूल्यलाई हेर्दा सबैभन्दा बढी धानको मूल्य प्रति के.जी. रु.१९ रहेको छ भने सबैभन्दा कम कोदोको मूल्य प्रति के.जी. रु.१५ रहेको पाइन्छ ।

३. अध्ययन क्षेत्रमा खाद्यान्नको कुल उत्पादन २,५८,३३२ के.जी. रहेको पाइयो । खाद्यान्नको उपभोगलाई हेर्दा स्वयं उत्पादनबाट उपभोग २,५८,३३२ के.जी. परिमाण र खरिदबाट उपभोग गरिएको परिमाण ७६,०६८ के.जी. रहेको पाइयो ।

४. अध्ययन क्षेत्रमा खाद्यान्नको कुल माग ३,३४,४०० के.जी. रहेको छ । कुल उत्पादन २,५८,३३२ के.जी. रहेको छ भने ७६,०६८ के.जी. अपुग रहेको छ । जुन छिमेकी वडाहरु र स्थानीय बजारबाट व्यवस्थापन गरेको पाइयो । सम्पूर्ण खाद्यान्नको औसत माग,

उत्पादन र अपुगको अवस्थालाई अध्ययन गर्दा प्रतिघरधुरी औसत माग ३,५२० के.जी., औसत उत्पादन २,७१९.२८ के.जी. र औसत अपुग खाद्यान्न ८००.७१ के.जी. रहेको देखिन्छ । प्रतिव्यक्ति औसत माग, उत्पादन र अपुगको अवस्थालाई अध्ययन गर्दा प्रतिव्यक्ति औसत माग ५५७.३३ के.जी., औसत उत्पादन ४३०.५५ के.जी. र अपुग खाद्यान्न १२६.७८ के.जी. रहेको देखिन्छ ।

५. अध्ययन क्षेत्रमा खाद्यान्न पूर्तिको अवस्थालाई हेर्दा तीन महिना सम्म खान पुग्ने परिवार २५.२६ प्रतिशत, ३ देखि ६ महिना सम्म खान पुग्ने परिवार १६.८४ प्रतिशत, ६ देखि ९ महिना सम्म खान पुग्ने परिवार १५.८० प्रतिशत, ९ देखि १२ महिना सम्म खान पुग्ने परिवार ३७.८९ प्रतिशत र खान पुगी बेचबिखन गर्न पुग्ने परिवार ४.२१ प्रतिशत रहेको पाइयो ।

६. अध्ययन क्षेत्रमा खाद्यान्न उत्पादनको गुणस्तरलाई अध्ययन गर्दा अध्ययन क्षेत्रमा रहेका उत्तरदाताले दिएको प्रतिक्रिया अनुसार धानमा जर्नेली, मकैमा मनकामना १, गहुँमा धौलागिरी र कोदोमा डल्ले रहेको पाईयो ।

७. अध्ययन क्षेत्रको पारिवारिक आर्थिक अवस्थालाई हेर्दा अध्ययन क्षेत्रको स्रोतगत कुल वार्षिक आय रु.२,०१,३६,५०० रहेको पाइयो । त्यसैगरी प्रतिघरधुरी वार्षिक औषत आय रु.२,११,९६३ र प्रतिव्यक्ति औषत वार्षिक आय रु.३३,५६० रहेको पाइयो ।

८. अध्ययन क्षेत्रको पारिवारिक खर्चलाई हेर्दा अध्ययन क्षेत्रको कुल वार्षिक खर्च रु.१,२५,८१,१०० रहेको पाइयो । त्यस्तै गरी प्रतिघरधुरी वार्षिक औषत खर्च रु.१,३२,४३२.६३ र प्रतिव्यक्ति वार्षिक औषत खर्च रु.२०,९६८.५ रहेको पाइयो ।

९. अध्ययन क्षेत्रको पारिवारिक आर्थिक अवस्थालाई हेर्दा अध्ययन क्षेत्रको कुल वार्षिक बचत रु.७५,५५,४०० रहेको पाइयो । त्यस्तै प्रतिघरधुरी वार्षिक बचत रु.७९,५३०.५२ र प्रतिव्यक्ति वार्षिक बचत रु.१२,५९२.३४ रहेको पाइयो ।

१०. अध्ययन क्षेत्रको साक्षरता दरलाई हेर्दा साक्षरतादर ९२.०३ प्रतिशत र निरक्षर ७.९७ प्रतिशत रहेको छ ।

११. अध्ययन क्षेत्रका विद्यालय पढ्न जाने उमेरसमूहका जम्मा १४५ जना वालवालिकाहरु सबै विद्यालय गएको पाइयो ।

१२. अध्ययन क्षेत्रको पारिवारिक आर्थिक अवस्थालाई शैक्षिक अवस्थासँग सम्वन्धित गरी विश्लेषण गर्दा तहगत रुपमा कम आम्दानी हुने घरधुरीले आफ्ना बालबालीकाहरुलाई सरकारी विद्यालयमा पठाएको पाईयो भने बढी आम्दानी हुने घरधुरीले आफ्ना बालबालीकाहरुलाई नीजि विद्यालयमा पठाएको पाईयो ।

१३. अध्ययन क्षेत्रमा खाद्यान्न बाली सम्वन्धी देखिएका प्रमुख समस्याहरुमा सिचाई, बालीसँग सम्वन्धित रोग, किरा, मूल्यस्तर स्थिर नहुनु, आधुनिक औजारहरुको अभाव, आधुनिक बिउबिजनको अभाव, मलको अभाव र आधुनिक औजारहरु प्रयोग र सञ्चालन सम्वन्धि तालिमको अभाव रहेको पाईयो ।

१४. अध्ययन क्षेत्रमा सिचाईको राम्रो व्यवस्था, किटनाशक औषधीको व्यवस्था, आधुनिक बिउबिजन, औजारहरु र मलको उपयुक्त व्यवस्था, कृषि तालिमको व्यवस्था मिलाउन सकेको खण्डमा खाद्यान्न उत्पादनमा वृद्धि गर्न सकिने देखिन्छ ।

## ५.२ सुझावहरु (Recommendations)

अध्ययन क्षेत्रमा उत्पादन हुने खाद्यान्न बालीलाई महत्त्वपूर्ण रुपमा लिईएको छ । खाद्यान्न उत्पादनले कृषकहरुको आयआर्जनमा वृद्धि गर्न सहयोग गर्ने हुदा उनीहरुको आर्थिक, सामाजिक, शैक्षिक क्षेत्रहरुमा ठुलो योगदान पुऱ्याएको हुन्छ । तर पनि खाद्यान्न उत्पादनको प्रशस्तै मात्रामा समस्याहरु रहेको पाईन्छ । खाद्यान्न उत्पादनमा उपयुक्त हावापानी तथा प्राकृतिक भू-वनावट भएर पनि किसानहरुले बाञ्चित प्रतिफल प्राप्त गर्न सकिरहेका छैनन् ।

देशको आर्थिक विकास गर्नको लागि तथा देशलाई खाद्यान्नमा आत्मनिर्भर वनाउनको लागि खाद्यान्न बालीमा सुधार गर्नुपर्ने देखिन्छ । खाद्यान्न बालीलाई आधुनिकिकरण गरी उत्पादन वृद्धि गर्नको निम्ति विभिन्न किसिमका समस्याहरु झेल्नुपर्ने हुन्छ । यी समस्याहरु समाधानका उपायहरुका बारेमा केही सुझाव पत्ता लगाउने प्रयास गरिएको छ ।

### ५.२.१ नीति सम्वन्धी सुझाव (Policy Related Recommendation)

खाद्यान्न उत्पादन, उपभोग र शैक्षिक अवस्थाको विश्लेषण गर्ने क्रममा गरिएको पर्वत जिल्ला त्रिवेणी गा.वि.स. वडा नं १ र २ मा भएका सम्पूर्ण घरधुरीमा अध्ययन गरिएको छ । खाद्यान्न बालीको उत्पादकत्व वृद्धि गराउनको लागि तथा नीतिगत सुधार गर्नको लागि निम्न सुझावहरु पेश गरिएको छ ।

१. अध्ययन क्षेत्रमा सिचाईको समस्याबाट ६३.१२ प्रतिशत घरधुरी प्रभावित भएकोले उक्त समस्या समाधान गर्न गराउन सरकारले उपभोक्ता समिति मार्फत सिचाई निर्माण तथा विस्तार गराउने तथा विभिन्न समस्याको कारण प्रयोगमा नआएकालाई मर्मत संभार गरी सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२. अध्ययन क्षेत्रमा उन्नत मल, बिउबिजन, रासायनिक मल र किटनाशक औषधी चर्को मूल्यको समस्याबाट प्रभावित घरधुरी ६८.४२ प्रतिशत रहेकोले नजिकको कृषि केन्द्र मार्फत सरकारले अनुदान प्रदान गरी उचित मूल्यमा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्दछ ।

३. खाद्यान्न बालीमा आधुनिकिकरण तथा यान्त्रिकरण गर्नको लागि अध्ययन क्षेत्रको किसानहरुले असंगठित स्रोतबाट २० प्रतिशत ब्याजदरको दरमा कर्जा लिनुपर्ने समस्या रहेकोले वित्तिय संस्थाबाट सस्तो ब्याज बिना धितो कर्जाको मिलाउनु पर्दछ ।

४. खाद्यान्न उत्पादनको लागि आवश्यक पर्ने उन्नत मल, बिउबिजन, रासायनिक मल र किटनाशक औषधी समयमा उपलब्ध हुन नसक्दा उत्पादनमा वृद्धि हुन सकेको छैन । यसैले उत्पादनमा वृद्धि गर्न मल, बिउ, किटनाशक औषधि आवश्यक समयमा जिल्ला कृषि विकास कार्यलयले उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्दछ ।

५. खाद्यान्न उत्पादनमा संलग्न कृषकहरुमध्ये ६० प्रतिशत तालिम अप्रर्याप्त भएकोले कृषकहरुलाई व्यवसायिक रुपमा खाद्यान्न उत्पादनमा लगाउनको लागि उपयुक्त तालिमको व्यवस्था मिलाउनु पर्दछ ।

### ५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्वन्धित सुझावहरु (Practice Related Recommendation)

वर्तमान समयमा खाद्यान्न बालीप्रति आम मानिसहरुको आर्कषण घटेको अवस्थामा खाद्यान्न बालीसँग सम्वन्धित प्रयोगात्मक पक्षहरुमा सुधार गर्न सकेको खण्डमा देश खाद्यान्नमा आत्मनिर्भर हुने देखिन्छ । खाद्यान्न उत्पादनको लागि प्रयोगात्मक पक्षसँग सम्वन्धित सुझावहरु निम्न रहेका छन् ।

१. खाद्यान्न बालीमा संलग्न ६० प्रतिशत किसानहरु तालिम अप्रर्याप्त भएकोले कृषकहरुलाई तालिम दिएर मात्र खाद्यान्न बालीमा संलग्न गराउनुपर्दछ ।

२. विशेष गरेर अध्ययन क्षेत्रमा खेतीयोग्य जमिनमा बस्ती बसाल्ने देखिएकोले अन्य खेतीको लागि अनुपयुक्त क्षेत्रमा मानव बस्तीको व्यवस्थापन गर्न गा.वि.स. स्तरबाट नीति निर्माण गरी व्यवस्थापन गर्नुपर्दछ ।

३. खाद्यान्न बालीमा किसानहरुलाई प्रोत्साहित गर्नको लागि विद्यालय स्तरबाटै कृषि सम्वन्धी पाठ्यक्रम निर्माण गरी अध्ययन अध्यापन गराउनुपर्दछ ।

४. बालबालिकाहरुको शिक्षामा उनीहरुका अभिभावकको आयस्रोतको प्रत्यक्ष प्रभाव पर्ने हुँदा यस अध्ययनमा रु.४,००००० भन्दा बढी आम्दानी हुने ५ घरधुरीका १५ जना बालबालिकाहरु मध्ये ५ जना सरकारी विद्यालय र १० जना बालबालिका निजि विद्यालय अध्ययन गराएको पाईएकोले अभिभावकको आम्दानीमा वृद्धि गर्न व्यावसायिक कृषिमा विस्तार गर्नुपर्दछ ।

### ५.२.३ आगामी अनुसन्धानसँग सम्वन्धित सुझावहरु (Further Research Related Recommendations)

खाद्यान्न उत्पादन, उपभोग र शैक्षिक अवस्थाको विश्लेषणात्मक अध्ययन गर्नको लागि पर्वत जिल्ला त्रिवेणी गा.वि.स. वडा नं १ र २ मा बसोबास गर्ने सम्पूर्ण घरधुरीहरुबाट आवश्यक तथ्यांक संकलन गरिएको छ । यस अध्ययन त्रिवेणी गा.वि.स. वडा नं १ र २ मा मात्र सम्वन्धित रहेको छ । खाद्यान्न उत्पादनसँग सम्वन्धी अध्ययन गर्न चाहने अन्य अनुसन्धानकर्ताले निम्न वुंदाहरुलाई आधार बनाउन सक्ने देखिन्छ ।

१. यस अध्ययनमा खाद्यान्न बाली अन्तर्गत धान, मकै, गहुँ र कोदोलाई मात्र समावेश गरिएको हुँदा यी वाहेक जौं र फापरलाई समावेश गरी अध्ययन गर्न सकिनेछ ।

२. खाद्यान्न उत्पादनले राष्ट्रिय अर्थतन्त्रमा गरेको योगदानको बारेमा अनुसन्धान गर्न सकिनेछ ।

३. खाद्यान्न बालीबाट प्राप्त आयले उनीहरुको आर्थिक र शैक्षिक अवस्थामा पारेको प्रभावको बारेमा अध्ययन गर्न सकिनेछ ।

४. त्रिवेणी गा.वि.स. को खाद्यान्न उत्पादन र अन्य गा.वि.स. को खाद्यान्न उत्पादन र उपभोगको तुलनात्मक अध्ययन गर्न सकिनेछ ।

## अनुसूची (Appendices) - १

### घरमुलीलाई सोधिने प्रश्नावली

खाद्यान्न उत्पादन र उपभोग अवस्थाको जानकारी प्राप्त गर्न सोधिने प्रश्नावलीको नमुना

१. घरमूलीको नाम : ठेगाना :

लिङ्ग : धर्म :

गा.वि.स. : वडा नं. :

जिल्ला :

२. तपाईको परिवारमा कति सदस्य हुनुहुन्छ ?

क) दुई ख) तीन

ग) चार घ) चार भन्दा बढी

३. तपाईले कति कक्षासम्म अध्ययन गर्नुभएको छ ?

क) एस.एल.सी. अनुत्तीर्ण ख) एस.एल.सी. उत्तीर्ण

ग) प्रमाणपत्र तहसम्म घ) स्नातकसम्म

ङ) स्नातकोत्तरसम्म

४. तपाईको परिवारमा विद्यालय जाने बालबालीका कति छन ?

..........................................................................................

५. तपाईको परिवारमा बीचमै विद्यालय छोड्ने बालबालिका छन् कि छैनन् ?

..........................................................................................

६. यदि विद्यालय बीचमै छोड्ने विद्यार्थी छन् भने कति जना छन् ?

..........................................................................................

७. विद्यालय बीचमा छोड्नुको मूख्य कारण के हो ?

..........................................................................................

८. बालबालिकाहरुलाई अध्ययनको लागि कुन विद्यालय पठाउनु भएको छ ?

क) सरकारी विद्यालय　　　　　　　　ख) निजि विद्यालय

९. तपाईको परिवारको मूख्य पेशा के हो ?

क) कृषि　　　　　　　　ख) व्यापार

ग) नोकरी　　　　　　　　घ) अन्य

१०. तपाईको जग्गा जमिन कति छ ?

क) धुर　　　　　　　　ख) कट्ठा

ग) रोपनी　　　　　　　　घ) विघा

११. अरुको जग्गा प्रयोग गर्नुभएको छ ?

क) छ　　　　　　　　ख) छैन

१२. तपाईले उत्पादन गरेको खाद्यान्नले उपभोग गर्न पुग्छ ?

क) पुग्छ　　　　　　　　ख) पुग्दैन

१३. तपाईले उत्पादन गरेको खाद्यान्नले कति समय उपभोग गर्न पुग्छ ?

क) तीन महिना　　　　　　　　ख) छ महिना

ग) नौं महिना　　　　　　　　घ) बाह्र महिना

१४. यदि तपाईले उत्पादन गरेको खाद्यान्नले उपभोग गर्न पुग्दैन भने कहाँबाट पूर्ति गर्नुहुन्छ ?

क) गाँउबाट　　　　　　　　ख) नजिकको बजारबाट

१५. यदि खाद्यान्न खरिद गर्नको लागि आम्दानी कहाँबाट जुटाउनु हुन्छ ?

..........................................................................................................................

१६. बढी भएको खाद्यान्न कहाँ लगेर बिकि गर्नुहुन्छ ?

क) गाँउमा　　　　　　　　ख) स्थानीय बजारमा

ग) जिल्लास्तरीय बजारमा　　　　घ) राष्ट्रिय बजारमा

१७. तपाईले प्रयोग गर्दै आएको खाद्यान्न बालीको बिउबिजनको नाम दिनुहोस् ।

| क) धान | ख) मकै | ग) गहुँ | घ) कोदो |
|---|---|---|---|
| ................ | ........... | ........... | ................ |
| ................ | .......... | ............ | ................ |
| ............... | ............ | .............. | .................. |

१८. तपाईले खाद्यान्न बालीको लागि कुन कुन किटनाशक औषधिको प्रयोग गर्नुभएको छ किटनाशक औषधिको नाम दिनुहोस् ।

क) धानको लागि.....................................................................

ख) मकैको लागि ....................................................................

ग) गहुँको लागि .....................................................................

घ) कोदोको लागि ..................................................................

१९. खाद्यान्न बालीको लागि तपाईले कुन कुन मलको प्रयोग गर्नुहुन्छ ?

क) गोवर मल　　　　　　　　ख) रासायनिक मल

ग) माथिका दुवै

२०. तपाईको घरको वार्षिक आम्दानीका मुख्य आम्दानीको मुख्य विवरण र खर्च विवरण के के हुन् ?

| आम्दानी विवरण | खर्च विवरण |
|---|---|
| क) कृषि तथा पशुपालन ................ | क) उपभोगमा .............. |
| ख) उधोग तथा व्यापार ................. | ख) लत्ताकपडामा ........... |
| ग) वैदेशिक रोजगार .................... | ग) शिक्षामा .................. |
| घ) स्वदेशी रोजगार .................... | घ) स्वास्थ्यमा ................ |
| ङ) ज्याला मजदुरी ..................... | ङ) चाडपर्व ................... |
| च) अन्य ................................ | च) अन्य ..................... |

२१. तपाईको वार्षिक आम्दानी खर्च लगभग कति रहेको छ ?

क) वार्षिक आम्दानी लगभग रु...............

ख) वार्षिक खर्च लगभग रु....................

२२. खाद्यान्न उत्पादनका लागि सिंचाईको माध्यम के हो ?

क) मनसुन		ख) कुलो

ग) नहर		घ) बोरिङ्ग

२३. खाद्यान्न बाली किन लगाउनु भएको ?

क) उपभोगको उद्देश्य		ख) बेच्ने उद्देश्य

ग) दुवै उद्देश्य

२४. खाद्यान्न उपभोग गर्दा कुन स्तरको गर्नुहुन्छ ?

क) निम्न		ख) मध्यम

ग) उच्च

२५. तपाइँले प्रयोग गर्दै आउनुभएको खाद्यान्न बालीको विभिन्न जातहरुमध्ये सबैभन्दा राम्रो जातको नाम दिनुहोस ।

क) धान ................................

ख) मकै ................................

ग) गहुँ .................................

घ) कोदो ............................

२६. तपाइँले अपुग खाद्यान्नको व्यवस्थापन कहाँबाट गर्नुभएको छ ?

.................................................................................

२७. तपाइँको वार्षिक रुपमा भएको वचतलाई कहाँ राख्नुभएको छ ?

क) साहु महाजन ख) आफन्त

ग) सहकारी संस्था घ) बैंक

## अनुसूचि (Appendices) - २

**त्रिवेणी गा.वि.स.का कृषि सेवा केन्द्रका प्रमुखलाई सोधिने प्रश्नावली**

१. अध्ययन क्षेत्रमा कति रोपनी क्षेत्रफलमा खाद्यान्न बाली लगाईएको थियो ?

..........................................................................................

२. अध्ययन क्षेत्रका किसानहरुले कुन जातका खाद्यान्न बालीहरु लगेर लगाएको पाईन्छ ?

क) धान ......................

ख) मकै .......................

ग) गहुँ ........................

घ) कोदो ......................

३. अध्ययन क्षेत्रका किसानहरुले प्रयोग गरेका किटनाशक औषधिका नामहरु के-के हुन् ?

..........................................................................................

४. अध्ययन क्षेत्रको खाद्यान्न उत्पादनको अवस्था कस्तो रहेको पाईन्छ ?

.....................................................................

५. अध्ययन क्षेत्रको खाद्यान्न उत्पादनको मात्रामा वृद्धि गर्नको लागि सरकारी स्तरबाट कस्ता कार्यक्रम ल्याउनुपर्ला ?

# अनुसूचि (Appendices)- ३

## अवलोकन सूचि

१. घर

क) खरले छाएको  ख) जस्ताले छाएको  ग) पक्की

२. घरभित्रको वातावरण

३. किसानको स्वामित्वमा रहेको जग्गा जमिन

४. खेती गर्ने तरिका

# अनुसूचि (Appendices) - ४

## लक्षित समूह छलफल निर्देशिका

१) लक्षित समूह छलफल संचालन गर्नुभन्दा पहिले ६-१० जनाकासम्मको समूह निर्माण गर्नुपर्दछ ।

२) समूह निर्माण गर्दा एउटै पृष्ठभूमि भएका व्यक्तिहरुको समूह बनाउनुपर्दछ ।

३) लक्षित समूह छलफलको लागि बनाइएका प्रश्नहरु खुल्ला रुपमा समावेश हुनुपर्दछ ।

४) लक्षित समूह छलफलको लागि स्थान निर्माण गर्नुपर्दछ ।

५) छलफलमा एकजना मोडरेटर र एक जना नोट टेकर को आवश्यकता पर्दछ ।

६) छलफमा आएका प्रश्न तथा उत्तरलाई टिपोट गर्नुपर्दछ ।

७) टिपोट गरिएका संकलित तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्नुपर्दछ ।

**लक्षित समूह छलफलका लागि तयार गरिएको प्रश्नावली**

१) खाद्यान्न उत्पादनमा आइपर्ने समस्याहरु के के हुन ?

२) व्यावसायिक खाद्यान्न बाली संचालन गर्न सरकार वा सम्बन्धित पक्षले के के गर्नुपर्ने देख्नुहुन्छ ?

३) खाद्यान्न उत्पादनमा वृद्धि गर्न अझ सुधार गर्नुपर्ने पक्षहरु के के छन ?

४) खाद्यान्न बालीमा देखापर्ने मुख्य रोगहरु के के हुन ?

## सन्दर्भ सामग्री (References)


अर्थमन्त्रालय (२०७२), *आर्थिक सर्वेक्षण* २०७२/२०७३, काठमाडौँ : अर्थमन्त्रालय, नेपाल सरकार ।

कृषि तथा सहकारी मन्त्रालय (२०६३), *द्वैमासिक बालीनाली तथा पशुपंक्षी स्थिति प्रतिवेदन,* कृषि व्यवसाय तथा तथ्यांक महाशाखा, हरिहर भवन ललितपुर ।

कार्की, सविना (२०७१), *खाद्यान्न बालीले स्थानीय कृषकको आर्थिक अवस्था र तिनीहरुको बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* महेशपुर गा.वि.स. झापा जिल्ला, अप्रकाशित एम. एड. शोधपत्र, अर्थशास्त्र शिक्षा केन्द्रिय विभाग, विश्वविद्यालय क्याम्पस, किर्तिपुर ।

केन्द्रिय तथ्यांक विभाग (२०७०), *नेपालमा खाद्यान्न बालीको उत्पादनको अवस्था,* नेपाल सरकार, कृषि विकास मन्त्रालय, सिंहदरबार काठमाडौं ।

गा.वि.स. प्रोफाईल (२०६७), *गा.वि.स.को वस्तुगत विवरण,* त्रिवेणी पर्वत ।

घिमिरे, नारायणी (२०६५), *नगदे तथा खाद्यान्न बालीबाट प्राप्त आयको तुलनात्मक अध्ययन,* मदन पोखरा गा.वि.स. पाल्पा जिल्ला, शिक्षाशास्त्र संकाय स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

घिमिरे, सागर (२०६२), *प्रमुख नगदेबालीहरुले स्थानीय जीविकोपार्जनमा पारेको एक अध्ययन,* सुम्वेक गा. वि.स. इलाम जिल्ला, अप्रकाशित एम. एड. थेसिस, अर्थशास्त्र शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, किर्तिपुर ।

जिल्ला विकास समिति (२०७२), *पर्वत जिल्लाको संक्षिप्त चिनारी,* पर्वत : जिल्ला विकास समिति ।

जिल्ला विकास समिति (२०७२), *पर्वत जिल्लाको वार्षिक प्रतिवेदन,* पर्वत : जिल्ला विकास समिति ।

दाहाल, महेशराज र पौडेल, मीनराज (२०७०), *नेपालको अर्थशास्त्र र परिमाणात्मक पद्धति,* एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स, भोटाहिटी, काठमाडौं ।

नेपाल सरकार कृषि विकास मन्त्रालय (२०१४), *द्वैमासिक बालीनाली तथा पशुपंक्षी स्थिति प्रतिवेदन,* कृषि व्यवसाय तथा तथ्यांक महाशाखा, हरिहर भवन ललितपुर ।

नेपाल, रत्नमणि र अन्य (२०७०), *नेपालको ग्रामिण अर्थशास्त्र,* दीक्षान्त प्रकाशन, काठमाडौ, किर्तिपुर ।

नेपाल राष्ट्र वैंक (२०५७), *प्राथमिकता क्षेत्र कर्जा निर्देशिका,* नेपाल राष्ट्र वैंक, नेपाल सरकार ।

भण्डारी, नेत्र; भट्टराई, दिनेश र आर्याल, मणिरत्न (२०७२), *नेपालमा खाद्यान्न बाली उत्पादन र लागतको विश्लेषण,* कृषि विकास मन्त्रालय, हरिहर भवन, ललितपुर ।

राष्ट्रिय योजना आयोग, (२०७१) *तेह्रौं योजना,* काठमाडौं : राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।

लुँइटेल, दिपेन्द्र (२०६७), *नगदे र खाद्यान्न बालीमा संलग्न किसानहरुको आर्थिक र शैक्षिक स्थितिको तुलनात्मक अध्ययन,* शिक्षाशास्त्र संकाय स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

सापकोटा, भवदत्त र भट्टराई, नवराज (२०७०), *नेपालको ग्रामिण अर्थशास्त्र,* विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी काठमाडौं ।

शिवाकोटी, ध्रुवराज र श्रेष्ठ, प्रकाश (२०७०), *ग्रामीण अर्थशास्त्र,* काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.ली. ।

ज्ञवाली, रामप्रसाद र अन्य (२०७०), *अर्थशास्त्र,* काठमाडौं : कन्काइ पब्लिकेशन एण्ड रिसर्च सेन्टर  प्रा.ली. एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

Dhital, P.K. 2001. *An Economic Analysis of Paddy Production of Duruwa Village Development Committee*, Dang.Unpublished M.A. Thesis, Central Department of Economic, T.U. Kirtipur, Kathmandu.